# गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली
शिक्षण समितिको स्नातकोत्तर तह द्वितीय
वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी

**श्यामहरि अधिकारी**

नेपाली शिक्षण समिति
रत्न राज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं
२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विषयका छात्र श्यामहरि अधिकारीले स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको लागि **गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजले परिश्रम र लगनशीलता पूर्वक गरेको यस शोधकार्यबाट म सन्तुष्ट छु । यस शोधपत्रको मूल्याङ्कनको लागि रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०६८ । ०६ । ०३

...............................

**(चिन्तामणि भट्टराई)**

शोध निर्देशक

नेपाली शिक्षण समिति

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

# त्रिभुवन विश्वविद्यालय

## रत्न राज्यलक्ष्मी क्याम्पस

## प्रदर्शनीमार्ग, काठमाडौं

मिति : २०६८ । ०६ । १०

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, रत्न राज्यलक्ष्मी क्यापसका छात्र श्यामहरि अधिकारीले स्नातकोत्तर तह नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको **गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ............................ | ................................... | ....................... |
| (चिन्तामणि भट्टराई) | (प्रा. डा. मोतीलाल पराजुली) | (तुलसीमान श्रेष्ठ) |
| शोधनिर्देशक | प्राध्यापक | सहप्राध्यापक |
| | बाह्य परीक्षक | विभागीय प्रमुख |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु चिन्तामणि भट्टराईको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो अध्ययन अध्यापन र पारिवारिक कार्यव्यस्ततामा रहँदा रहँदै पनि आफ्ना व्यावहारिक झन्झटलाई पन्छाएर शोधपत्र तयार गर्ने क्रममा आइपरेका विभिन्न समस्याहरूसँग जुध्ने प्रेरणाका साथ सही मार्ग प्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गर्दै कुशल निर्देशन गर्नुहुने श्रद्धेय निर्देशकज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्ताव स्वीकृत गरी अमूल्य सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख सहप्राध्यापक तुलसीमान श्रेष्ठज्यूप्रति म कृतज्ञ छु । शोधपत्र तयार पार्दा आवश्यक सल्लाह दिने स्नातकोत्तर तहमा प्राध्यापन गर्नु हुने सम्पूर्ण मेरा गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

यस शोधपत्रको तयारी गर्ने सिलसिलामा सुरुदेखि अन्त्यसम्म आवश्यक सामग्री एवम् जानकारी दिएर सहयोग पुऱ्याउनु हुने शोधनायक गौरीनाथ उपमन्यु ढकाल र उहाँकी धर्मपत्नी देवका ढकाल तथा छोरा निरञ्जन ढकालप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु ।

त्यस्तै यो शोधपत्र तयार पार्ने क्रममा विविध सामग्री जुटाई सहयोग पुऱ्याउनु हुने मित्र इन्द्र सम्बाहाम्फे विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

बुढ्यौली उमेरमा आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याउन निरन्तर रूपले उत्प्रेरित गर्ने मेरा परमपूज्य पिता स्व. गोपीनाथ अधिकारी र माता पार्वता अधिकारीप्रति म आजीवन ऋणी छु । यसै गरी मेरो अध्ययनप्रति सदा चिन्तित रही शोधकार्यका लागि शैक्षिक, भौतिक र व्यावहारिक रूपले सहयोग पुऱ्याउने मेरी श्रीमती लक्षिमा भट्टराईप्रति आभार प्रकट गर्दछु । शोधकार्यप्रति रूचि लिएर सम्झाई रहने छोरो निर्भीकप्रति पनि सधन्यवाद आशीर्वाद दिन चाहन्छु ।

मलाई शोधपत्र लेख्नका लागि विविध सल्लाह दिएर सहयोग पुऱ्याउनु हुने रत्न राज्यलक्ष्मी क्याम्पसका कर्मचारी मित्रहरू युवराज डाँगी र रुद्रप्रसाद तिमिल्सिनालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, प्रदर्शनीमार्ग, काठमाडौं समक्ष प्रस्तुत गर्दछु ।

............................

**शोधार्थी**

**श्यामहरि अधिकारी**

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनीमार्ग, काठमाडौं

समूह : रात्रि

त्रि.वि. क्रमाङ्क. : ८७

त्रि.वि.द.नं. ५०४७४-८९

मिति : २०६८ । ०६ । ०३

# विषय सूची

पृष्ठ

*पहिलो परिच्छेद*

**शोध परिचय**

१.१ विषय परिचय १
१.२ समस्याकथन १
१.३ शोधकार्यका उद्देश्यहरू २
१.४ पूर्वकार्यको समीक्षा २
१.५ शोधकार्यको औचित्य ४
१.६ शोधकार्यको सीमाङ्कन ५
१.७ सामग्री सङ्कलन र शोधविधि ५
१.८ शोधपत्रको रूपरेखा ६

*दोस्रो परिच्छेद*

**गौरीनाथ उपमन्यु ढकालको जीवनी**

२.१ जन्म र जन्मस्थान ७
२.२. पुर्ख्यौली ७
२.३ बाल्यकाल ८
२.४ शिक्षा-दीक्षा ९
२.५ दाम्पत्य जीवन र पारिवारिक अवस्था ९
२.६ आर्थिक स्थिति १०
२.७. साहित्यिक प्रेरणा र प्रभाव ११

२.८ आजीविका ११
२.९ भ्रमण १२
२.१०. शारीरिक बनावट र स्वभाव १२
२.११ लेखन कार्यको आरम्भ र प्रकाशनको थालनी १२
२.१२ भाषा १३
२.१३ सम्मान तथा पुरस्कार १३
२.१४ पुस्तकाकार कृति र अन्य रचनाहरू १३
२.१५. निष्कर्ष १४

*तेस्रो परिच्छेद*

**गौरीनाथ उपमन्यु ढकालको व्यक्तित्व**

३.१ शारीरिक तथा निजी व्यक्तित्व १५
३.२ साहित्यिक व्यक्तित्व १६
३.२.१ कवि व्यक्तित्व १७
३.२.२ निबन्धकार व्यक्तित्व १७
३.३ साहित्येतर व्यक्तित्व १८
३.३.१ शिक्षक व्यक्तित्व १८
३.३.२ प्राध्यापक व्यक्तित्व १८
३.३.३ सामाजिक व्यक्तित्व १९
३.३ निष्कर्ष २०

*चौथो परिच्छेद*

**गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा र प्रवृत्ति**


४.१ गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा २२

४.१.१ चरण विभाजन २३

४.१.२ पहिलो चरण २३

४.१.३ दोस्रो चरण २४

४.२ गौरीनाथ उपमन्यु ढकालको साहित्यिक प्रवृत्ति २५

४.२.१ स्वच्छन्दवादी प्रवृत्ति २५

४.२.२ मानवतावाद २७

४.२.३ दार्शनिकता २८

४.२.४ सामाजिकता ३०

४.२.५ व्यङ्ग्यात्मकता ३१

४.२.६ विम्ब र प्रतीक ३२

४.२.७ अन्य प्रवृत्ति ३३

४.३ निष्कर्ष ३४


*पाँचौं परिच्छेद*

**गौरीनाथ उपमन्यु ढकालको कृतित्वको विश्लेषण**


५.१ परिचय ३५

५.१.१ कविता सिद्धान्तको परिचय ३६

५.१.१.१ कविताका तत्त्व ३८

५.१.१.१.१ विषयवस्तु ३९

५.१.१.१.२ लय ४०

५.१.१.१.३ भाषा शैली ४०
५.१.१.१.४ कथनपद्धति ४१
५.१.१.१.५ बिम्वविधान ४१
५.१.१.१.६ अलङ्कार विधान ४१

५.२. ढकालका कविताहरूको अध्ययन र विश्लेषण ४२
५.२.१ विषयवस्तु ४५
५.२.२ लय ७२
५.२.३ भाषा शैली ७२
५.२.४ कथन पद्धति ७४
५.२.५ प्रतीक र बिम्वविधान ७५
५.२.६ अलङ्कार विधान ७७
५.२.६.१ उपमा अलङ्कार ७८
५.२.६.२ विरोधाभास अलङ्कार ७८

५.३ निष्कर्ष ७९

*छैटौं परिच्छेद*

**उपसंहार** ८१

**परिशिष्ट** ८६
**सन्दर्भसामग्री सूची** ९४

# सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| गा.वि.स. | गाउँ विकास समिति |
| एम.ए. | मास्टर अफ आर्ट |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| त्रि.वि.द.नं. | त्रिभुवन विश्वविद्यालय दर्ता नम्बर |
| प्रा. | प्राध्यापक |
| डा. | डाक्टर |
| मा.वि. | माध्यमिक विद्यालय |
| नं. | नम्बर |
| र.रा.ल. | रत्न राज्यलक्ष्मी |
| वि.सं. | विक्रम सम्वत् |
| स्व. | स्वर्गीय |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

साहित्यकार गौरीनाथ उपमन्यु ढकालको जन्म वि.सं. २००२ चैत १७ गते आइतबारका दिन गण्डकी अञ्चल तनहुँ जिल्लाको चुँदी रम्घा, भानु गा.वि.स. वडा नं. ३ मा श्री विष्णुदत्त ढकाल तथा श्रीमती विष्णुमाया ढकालको दोस्रो सन्तानका रूपमा भएको हो । पूर्वमीमांसा दर्शनमा आचार्य र नेपालीमा एम्. ए. गरेका ढकालले वि.सं. २०३२ साल वैशाख २ गतेदेखि २०३५ साल साउनसम्म मकवानपुर जिल्लाको पालुङस्थित जनकल्याण माध्यमिक विद्यालयमा अध्यापन गरेका थिए । तत्पश्चात् वि.सं. २०३५ साल भदौ ११ गतेबाट २०५४ साल चैतसम्म शंकरदेव क्याम्पस काठमाडौंमा प्राध्यापन गरेका थिए । उनले २०५५ साल वैशाखदेखि २०६७ चैत १६ गतेसम्म रत्न राज्यलक्ष्मी क्याम्पस भृकुटी मण्डप काठमाडौंमा सहप्राध्यापकका रूपमा प्राध्यापन गरेका थिए । शंकरदेव क्याम्पसमा प्राध्यापन गर्दा प्राध्यापक संघ शंकरदेव क्याम्पसको एकाइ अध्यक्ष भएर काम गरेका थिए ।

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक व्यक्तित्व प्रतिभाशाली देखिन्छ । उनी मूलतः कवि हुन् । साहित्येतर क्षेत्रमा पनि उनको राम्रो स्थान रहेको देखिन्छ । उनले **सगुन** विचार काव्य/कविता सङ्ग्रहका साथै **मोहिनी** लघुकाव्य/कविता सङ्ग्रहको पनि रचना गरेका छन् ।

यसरी नेपाली भाषा र साहित्यको विकासमा उल्लेखनीय योगदान पुर्‍याएका कवि **गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**का विविध पक्षलाई यस शोधकार्यको विषय बनाइएको छ ।

## १.२ समस्याकथन

लामो समयदेखि प्राध्यापन र  नेपाली साहित्यमा निरन्तर रूपमा लागि परेका गौरीनाथ उपमन्यु ढकालको जीवनी र साहित्यिक कृतिको सूक्ष्म अध्ययन भएको पाइँदैन । त्यसैले **ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**को अध्ययन नै यहाँ विषय बनाइएको छ । यससँग सम्बद्ध अन्य समस्याहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) गौरीनाथ उपमन्यु ढकालको जीवनी के-कस्तो रहेको छ ?

(ख) उनको व्यक्तित्व कस्तो रहेको छ ?

(ग) उनका कृतिहरू के-कस्ता रहेका छन् ?

(घ) नेपाली साहित्यमा उनले के-कस्तो योगदान पुऱ्याएका छन् ?

### १.३ शोधकार्यका उद्देश्यहरू

साहित्यकार गौरीनाथ उपमन्यु ढकालको जीवनी र व्यक्तित्वका विविध पाटा, साहित्यिक कृति र प्रवृत्तिको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । बुँदागत रूपमा प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

(क) साहित्यकार गौरीनाथ उपमन्यु ढकालको जीवनीका विभिन्न पाटाहरूको अध्ययन गर्नु ।

(ख) उनको व्यक्तित्वको अध्ययन गर्नु ।

(ग) उनका साहित्यिक कृतिहरूको विश्लेषण गर्नु ।

(घ) नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यमाथि केन्द्रित रही प्रस्तुत शोध कार्य गरिएको छ ।

### १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार गौरीनाथ उपमन्यु ढकाल नेपाली साहित्य क्षेत्रका साधक हुन् । उनका बारेमा कतिपय लेखकहरूले सामान्य चर्चा गरेको पाइए तापनि यस सम्बन्धमा समग्र अध्ययन भएको छैन । विस्तृत रूपमा यिनका रचनाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी परम्परामा व्यक्ति प्रतिभाको स्थान निर्धारण गरी उनले दिएको योगदानको अध्ययन गर्ने काम पनि हुन सकेको छैन । त्यसो त हालसम्म केही लेखक एवम् समीक्षकहरूले यिनका बारेमा टीका-टिप्पणी नगरेका पनि होइनन् तर हालसम्म यिनका बारेमा जे जति अध्ययन भएको छ, सो अध्ययन केवल परिचयात्मक एवम् जानकारीमूलक मात्र रहेको देखिन्छ । तसर्थ उनका बारेमा हालसम्म जे-जति अध्ययन भएका छन् यहाँ ती अध्ययनहरूको कालक्रमिक रूपमा समीक्षात्मक प्रस्तुति गरिएको छ ।

- कवि गौरीनाथ उपमन्यु ढकालका बारेमा उनको **सगुन** (विचार काव्य, २०५६) कविता सङ्ग्रहको भूमिकामा प्रा. घटराज भट्टराई भन्दछन् - "गण्डकी अञ्चलको तनहुँ चुँदी रम्घा साहित्यिक तीर्थस्थल हो । यही २००२ सालमा गौरीनाथ ढकाल नाम थरले एउटा बालक जन्मेथ्यो । यही बालक परिस्थितिसँग जुद्धै जीवनयात्राको क्रमलाई अगाडि बढाउँदै गयो । पूर्वमीमांसामा आचार्य र नेपालीमा एम. ए. गरी उसले शिक्षण प्राध्यापन पेशा अँगाल्यो । आफ्ना मनमा उठेका भाव तरङ्गलाई ऊ श्लोकमा आबद्ध गर्थ्यो, लेखरचनामा अभिव्यक्ति दिन्थ्यो र आफ्ना रचनालाई प्रकाशनको उज्यालोमा पुऱ्याउन त्यति हतारिँदैनथ्यो । यसरी नै उसले बालक र युवावस्था पार गऱ्यो र अहिले प्रौढताको शिखरमा ऊ उभिन लागेको छ । उसकै विचारप्रधान, सूक्तिमय काव्य हो **सगुन** (२०५६) । पुस्तकका हिसाबले यो पहिलो कृति हो उसको" (ढकाल, २०५६ : भूमिका) ।

"उकालो चढ्न गाह्रो छ सजिलो हुन्छ ओर्लन,
गौरीनाथ, बनोस् तिम्रो यो काव्य नीति दर्पण" (ढकाल, २०५६ : भूमिका) ।

- कवि गौरीनाथ ढकालका बारेमा उनको **सगुन** (विचार काव्य २०५६) कविता सङ्ग्रहको भूमिकामा सीताराम अधिकारी भन्दछन् - "सगुनले विभिन्न सन्दर्भ र परिवेशमा विभिन्न अर्थ दिन्छ र कवि गौरीनाथ ढकालजीले यसलाई एउटा कृतिको रूपमा प्रयोग गर्नु भएको छ । थुप्रै फुट्कर कविताका रचनाकार ढकालज्यूले यो २०५६ सालमा एक शुभ सगुन दिन सक्नुभो नेपाली समाजलाई, मानव समाजलाई । १० प्रयासहरूको यो सगुन मूलतः साहित्यिक छ । कविता विधामा समर्पित छ । अनुष्टुप् छन्दमा लेखिएको छ । भाषा सरल छ, लेख्य भाषामा कथ्य भाषाको स्पर्शले सगुनमा सरलता र मधुरता दिएको छ । सिर्जनशील त छ नै तर कविले आफ्नो जीवनको अनुभूति र अनुभवलाई ज्यादै सरस र सरल ढंगले अभिव्यक्त गर्नुभएको छ" (ढकाल, २०५६ : भूमिका) ।

"यथार्थमा भन्ने हो भने मान्छेको जीवनक्षितिज सगुनभित्र समेटिएको छ र गीता-दर्शन, जसलाई आधुनिक हिन्दु दर्शन भनिन्छ" (ढकाल, २०५६ : भूमिका) ।

"गीतामा उद्योग, कृषि, धर्म, राजनीति आदि महत्त्वपूर्ण कुराको व्याख्या भएको छ । गौरीजीले पनि सगुनमा मान्छेको दुर्गुण, सद्गुणदेखि लिएर साहित्य, कला, संगीत, राजनीति आदि अभिव्यक्त गर्नु भएको छ । थुप्रै विचारहरूको सङ्कलित रूप नै सगुन हुन पुगेको छ" (ढकाल, २०५६ : भूमिका) ।

- कवि गौरीनाथ ढकालका बारेमा उनको **मोहिनी** (लघुकाव्य, २०६७) कविता सङ्ग्रहको भूमिकामा सीताराम अधिकारी भन्दछन् - "गौरीनाथ उपमन्यु ढकाल (२००२) आफ्नो अध्ययन पश्चात् प्राध्यापन पेसामा संलग्न भई हालसम्म यही पेसामा कार्यरत छन् । पूर्वमीमांसा दर्शनमा आचार्य र नेपाली साहित्यमा स्नातकोत्तर गरेका गौरीनाथ ढकालमा सिर्जनशीलता भएको कुरा उनको प्रथम प्रकाशित कृति **सगुन** (विचार काव्य) र यस **मोहिनी** लघुकाव्यले प्रमाणित गरेका छन्" (ढकाल, २०५६ : भूमिका) ।

"उनको 'मोहिनी' लघुकाव्य हो । यसमा आख्यान छ । यो पौराणिक कथावस्तुमा आधारित छ । कथावस्तुको शृङ्खला छ" (ढकाल, २०५६ : भूमिका) ।

यसरी विभिन्न लेखक तथा समीक्षकहरूले व्यक्त गरेका धारणाहरूबाट के कुरा स्पष्ट हुन्छ भने ढकाल आफ्नो छुट्टै शैली भएका मानव मनका भावनालाई साधारणीकरण गर्ने, सस्तो अनुप्रासबाट मुक्त हुन चाहने, कवितामा नयाँ स्वर र परिधान खोज्ने प्रखर अभिव्यक्ति भएका कविता संरचनामा उच्च कलाकौशल भएका एक गतिशील कवि हुन् ।

माथि जे जस्ता पूर्वकार्यका समीक्षाहरू प्रस्तुत गरिए यी सम्पूर्ण यस शोध कार्यका लागि महत्त्वपूर्ण रहेका छन् तर **ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**का विविध पक्षमा यी समीक्षाले विश्लेषण गर्न नसकेका हुँदा सो अध्ययन यस शोध कार्यमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

विद्यार्थी जीवनकाल वि.सं. २०२४ सालदेखि लेखन आरम्भ गरी नेपाली साहित्यको फाँटमा विशेषतः कविता साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिएका साहित्यकार गौरीनाथ उपमन्यु ढकालले हालसम्म पनि अनवरत रूपमा आफ्नो लेखनीलाई अगाडि दौडाइरहेका छन् । यसरी निरन्तर रूपमा नेपाली साहित्यको सेवामा लागि परेका साहित्यकार गौरीनाथ उपमन्यु

ढकालका विषयमा फुटकर रूपमा गरिएका सामान्य चर्चा र समीक्षाबाहेक व्यवस्थित अध्ययन अनुसन्धान भएको छैन । तसर्थ उनका विषयमा सर्वप्रथम गरिने व्यवस्थित अध्ययन अनुसन्धान औचित्यपूर्ण रहेको छ । यसबाट साहित्यकार गौरीनाथ उपमन्यु ढकालका बारेमा व्यवस्थित अध्ययन हुनाले उनको साहित्यिक योगदानको मूल्याङ्कन पनि हुने र उनका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने भावी अध्येताहरूलाई समेत लाभ पुग्ने छ । त्यसैले साहित्यकार **गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**को व्यवस्थित अध्ययनको औचित्य रहेको कुरा स्पष्ट हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा साहित्यकार **गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**को सोलोडोलो अध्ययन गरिएको छ । उनका हालसम्मका कविता कृतिहरूको मोटामोटी रूपमा जानकारी दिँदै प्रवृत्तिगत रूपमा विश्लेषण गर्ने जमर्को गरिएको छ । विशेषतः **गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्व**को अध्ययनमा नै प्रस्तुत शोधकार्य सीमित रहेको छ । यद्यपि ढकालले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् तापनि हालसम्म कविता विधामा उनको योगदान विशिष्ट देखिएकोले उनका प्रकाशित कृतिहरूको मात्र अध्ययन र विश्लेषण यहाँ गरिएको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा पुस्तकालयीय स्रोतबाट नै सम्बद्ध पुस्तक र पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । शोधनायक जीवितै भएकाले उनीसँगको प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिएर शोधकार्यका लागि सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने सिलसिलामा सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले अध्ययन गरिएको छ । यस क्रममा जीवनी र व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक समालोचना प्रणालीले औंल्याएका मानक सिद्धान्तलाई आधार बनाइएको छ

भने कृतित्व पक्षको अध्ययनका लागि समीक्षात्मक एवम् विश्लेषणात्मक पद्धतिलाई अवलम्बन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुगठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई आवश्यकता अनुसार स-साना शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गर्नुका साथै मोटामोटी रूपमा निम्न लिखित छ परिच्छेदमा विभाजन गरिएको छ :

(क) परिच्छेद एक : शोध परिचय

(ख) परिच्छेद दुई : गौरीनाथ उपमन्यु ढकालको जीवनी

(ग) परिच्छेद तीन : गौरीनाथ उपमन्यु ढकालको व्यक्तित्व

(घ) परिच्छेद चार : गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा र प्रवृत्ति

(ङ) परिच्छेद पाँच : गौरीनाथ उपमन्यु ढकालको कृतित्वको विश्लेषण

(च) परिच्छेद छ : उपसंहार

परिशिष्ट

सन्दर्भसामग्री सूची

# दोस्रो परिच्छेद

# गौरीनाथ उपमन्यु ढकालको जीवनी

## २.१ जन्म र जन्मस्थान

गौरीनाथ उपमन्यु ढकाल तारानाथ ढकालका नाति तथा विष्णुदत्त ढकालका तीन सन्तानमध्ये माहिला छोरा अथवा दोस्रो सन्तान हुन् । गौरीनाथ उपमन्यु ढकालको जन्म वि.सं. २००२ साल चैत १७ गते आइतबारका दिन तनहुँको चुँदी रम्घामा भएको हो (परिशिष्टः ८६) ।

उनको जन्म भएको घर भत्काएर अर्को नयाँ घर बनाइएको कुरा शोधनायकबाट थाहा हुन्छ । उक्त मूल घर र पैत्रिक सम्पत्ति तनहुँ चुँदी रम्घामा नै रहेको छ । त्यसैले अहिले ढकालको बसोवास काठमाडौंको गोंगबुस्थित गैरीगाउँमा वि.सं. २०५९ सालमा आफैंले बनाएको घरमा रहेको छ (परिशिष्ट : ८७) ।

## २.२ पुर्ख्यौली

गण्डकी अञ्चल तनहुँ जिल्लाको रतनपुर गौरीनाथ उपमन्यु ढकालको पुर्ख्यौली थलो हो । रतनपुरबाट ढकालहरू चुँदी रम्घामा बसाइँ सरी आएका हुन् । गौरीनाथ उपमन्यु ढकालका हजुरबुबा तारानाथ ढकाल हुन् भने तारानाथ ढकालका हजुरबुबा रामचन्द्र ढकाल हुन् । रामचन्द्र ढकालका छोरा भोजराज ढकाल र भोजराज ढकालका छोरा तारानाथ ढकाल हुन् । तारानाथ ढकालका पाँच छोरामध्ये विष्णुदत्त ढकाल माहिला छोरा हुन् । तारानाथ ढकालका जेठा छोरा मुक्तिनाथ ढकालको विवाह हुनुभन्दा अगाडि नै मृत्यु भएकोले घर व्यवहारमा विष्णुदत्तले जेठो छोराको भूमिका निभाउनु परेको थियो । विष्णुदत्त ढकालका तीन सन्तानमध्ये गौरीनाथ उपमन्यु ढकाल माहिला सन्तान हुन् । गौरीनाथ उपमन्यु ढकालका दाजु बद्रीनाथ ढकाल उनी भन्दा ३ वर्ष जेठा छन् भने भाइ ज्ञानीशंकर ढकाल उनीभन्दा ३ वर्ष कान्छा छन् । गौरीनाथ उपमन्यु ढकालको कान्छो भाइ मुनि एउटी बहिनी जन्मिएकी थिइन् तर उनको जन्मिएको १० महिनामा मृत्यु भएको कुरा शोधनायकबाट थाहा हुन्छ ।

गौरीनाथ उपमन्यु ढकालका हजुरबुवा तारानाथ ढकाल ज्योतिष विद्यामा निकै सिपालु थिए । उनी पात्रो आफैँ बनाएर व्यवहार चलाउँथे । उनी कर्मकाण्डमा पनि प्रखर विद्वान् थिए । उनी पौरोहित्य कर्मका अतिरिक्त दुई हल गोरु र गाईहरू पालेर खेती किसानी गर्थे ।

## २.३ बाल्यकाल

मध्यम वर्गीय परिवारमा जन्मिएका गौरीनाथ उपमन्यु ढकालको बाल्यकाल आमाको निधनपछि त्यत्ति सुखद रहेन । आमाले समालेको गृहस्थीमा बुबालाई साथ दिनु पऱ्यो । उनी घरमा गाई बाखा हेर्न गोठालो जाने गर्थे । उनकी आमा विष्णुमाया निकै चलाख थिइन् । आमाको निधनपछि जति अप्ठ्यारो परिस्थिति परे पनि लालन, पालन र शिक्षामा बुबाको ठूलो हात रहेको कुरा उनी बताउँछन् । उनको बाल्यकालीन जीवन धेरै जसो तनहुँको चुँदी रम्घा गाउँमा नै बितेको थियो । उनको पाँच छ वर्षको उमेरमा अक्षरारम्भ भएको थियो । उनी सानैदेखि नै पढाइप्रति रुचि राख्थे । केटाकेटीले खेल्ने डण्डीबियो, टाँगेलौरी, कपर्दी, गुच्चा र गीर जस्ता खेलमा पनि उनी रमाइलो मानेर खेल्ने गर्थे । ढकाल सबै खेल चाख मानेर खेल्थे भन्ने जानकारी शोधनायकबाट पाइन्छ ।

## २.४ शिक्षा-दीक्षा

उनको बाल्यजीवन घरमा नै बितेकोले उनलाई शिक्षा आरम्भ गराउने काम सानो बुबाबाट भयो । त्यसबेला उनी पाँच छ वर्षका थिए । उनले आफ्नो शिक्षा तनहुँको चुँदी रम्घाको भानु निम्न माध्यमिक विद्यालयमा कक्षा एकबाट वि.सं. २०१० सालमा सुरु गरेको पाइन्छ । त्यहाँ उनले कक्षा आठसम्म पढे । त्यसपश्चात् माध्यमिक विद्यालयको शिक्षा कक्षा ९ बाट संस्कृत माध्यमिक विद्यालय रानीपोखरीबाट सुरु गरे । उनले वि.सं २०२२ सालमा पूर्वमध्यमा (एस.एल.सी. सरह) द्वितीय श्रेणीमा उत्तीर्ण गरे । उनी स्कूलमा पनि पहिलो/दोस्रो हुने विद्यार्थीकै रूपमा चिनिन्थे । उनी पढाइमा मेहनत गर्थे । उनले वि.सं. २०२३ सालमा संस्कृत महाविद्यालय, पुतलीसडक हाल वाल्मीकि क्याम्पस (विद्यापीठ) मा उत्तरमध्यमा (प्रमाणपत्र तह सरह) पढ्न सुरु गरेको देखिन्छ ।

वि.सं. २०२४ सालमा उनले उत्तर मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि ढकालले सोही संस्कृत महाविद्यालयबाट वि.सं. २०२६ सालमा शास्त्री (स्नातक सरह) द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि उनले वाल्मीकि क्याम्पसमा आचार्य (स्नातकोत्तर सरह) पढ्न सुरु गरे । वि.सं. २०३१ सालमा उनले आचार्य उत्तीर्ण गरे भने त्यसपछि वि.सं. २०३३ सालमा एम.ए. नेपाली द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । यसप्रकार उनको औपचारिक शिक्षा पूरा भएको देखिन्छ ।

## २.५ दाम्पत्य जीवन र पारिवारिक अवस्था

गौरीनाथ उपमन्यु ढकालको विवाह वि.सं. २०२७ साल फागुनमा तनहुँ पाल्याली थोकका भूमिनन्द भट्टराईकी नातिनी लेखनाथ भट्टराई र वसुन्धरा भट्टराईकी माहिली छोरी देवका भट्टराईसँग भएको हो । उनकी श्रीमती साक्षर छिन् भने लोकगीततिर उनको विशेष झुकाव रहेको छ । देवका ढकाल घर, गृहस्थी र व्यावहारिक जीवनमा सरल स्वभावयुक्त, मृदुभाषी र कोमल हृदयकी छिन् । उनी आफ्नै घरको काममा व्यस्त रहेकी छिन् । आफ्नो घर परिवारका साथै छरछिमेकीको सहयोग गर्न पाउँदा हर्षित हुने गर्छिन् ।

सहयोगी जीवन सङ्गिनी पाएका गौरीनाथ उपमन्यु ढकाल आफ्नो सङ्घर्ष र सफलताको द्योतक उनै सहधर्मिणी देवका ढकाललाई ठान्छन् । उनको शालीन व्यक्तित्व, सहयोगीपन र उचित रेखदेख एवम् व्यवहारले स्वयम् गौरीनाथ उपमन्यु ढकाल मात्र सन्तुष्ट नभएर घरमा आउने जाने सबै मानिसहरू प्रभावित देखिन्छन् । त्यसैले गौरीनाथ उपमन्यु ढकालको प्राध्यापकीय, समाजसेवी र साहित्यकार जस्ता बहुआयामिक जीवनलाई सार्थक र सफल बनाउनमा उनै पत्नी देवका ढकालको विशेष सहयोग र भूमिका रहेको देखिन्छ । यसरी ढकालको दाम्पत्य जीवन सुखमय वातावरणमा चल्नुका साथै आदर्श जीवनका रूपमा समेत स्थापित हुन पुगेको देखिन्छ ।

शालीन र बौद्धिक व्यक्तित्वका धनी गौरीनाथ उपमन्यु ढकालले आफू झैं आफ्ना छोरा छोरीहरूलाई पनि शिक्षित र बौद्धिक नागरिक बनाउने उद्देश्यले आफैले मेहनतका साथ शिक्षारम्भ गराएको बुझिन्छ । उनका तीन सन्तानहरू छन् । जसमा एक छोरा र दुई छोरीहरू छन् । उनको पहिलो सन्तान छोरी हुन् र उनको नाम सुनन्दा ढकाल (अधिकारी) हो । उनले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र (Sociology) मा स्नातकोत्तर गरेकी छिन् । हाल उनी भरतपुर चितवनमा आफ्नो श्रीमान् र एक छोरासँगै बस्छिन् । उनको दोस्रा सन्तान छोरा हुन् । उनको नाम निरञ्जन ढकाल हो । उनले स्नातक गरेका छन् । उनी पनि सरल स्वभाव र मिलनसारका छन् भने आफ्नो पेसा, अध्ययन, घर व्यवहारमा अति मेहनती र निपुण छन् । उनको तेस्रो सन्तान अर्थात् कान्छी छोरी मोक्षदा ढकाल (लौडारी) हुन् । उनले पनि व्यवस्थापन विषयमा स्नातकोत्तर गरेकी छिन् । हाल उनी अमेरिकामा छिन् । ढकालका तीन जना छोराछोरीमा दुई छोरीको शुभविवाह सम्पन्न भइसकेको छ । आफ्ना छोराछोरीको पठनपाठन, छोरीहरूको विवाह एवम् व्यवसाय र घर गृहस्थीबाट आफू सन्तुष्ट रहेको उनी बताउँछन् । श्रीमती र छोराछोरीको यथेष्ट सहयोग र समझदारीमा उनको वैवाहिक र पारिवारिक जीवन सफल रहेको छ । यस प्रकार ढकालको पारिवारिक अवस्था सन्तोषजनक र शिक्षित देखिन्छ (परिशिष्ट : ८८) ।

## २.६ आर्थिक स्थिति

गौरीनाथ उपमन्यु ढकालको आर्थिक स्थिति सन्तोषजनक छ । हाल उनको परिवार काठमाडौंको गोंगबुस्थित गैरी गाउँमा स्थायी रूपमा बसोवास गर्दै आइरहेको छ । अहिले उनको परिवार मध्यम वर्गीय सन्तोषजनक सुखी परिवार हो । उनले वि.सं. २०३२ वैशाख २ गतेबाट मकवानपुर पालुङस्थित जनकल्याण मा. वि. मा दरबन्दीको शिक्षकको रूपमा जागिरे जीवन प्रारम्भ गरेका थिए । त्यसपछि वि.सं. २०३५ सालदेखि काठमाडौंको शंकरदेव क्याम्पस र रत्न राज्यलक्ष्मी क्याम्पसमा अध्यापन गरी सहप्राध्यापकसम्म भएका ढकालको हालको स्थितिलाई हेर्दा नेपाली मध्यम वर्गीय जीवनस्तरभित्र पर्ने सन्तोषजनक सुखी परिवार हो भन्न सकिन्छ ।

## २.७ साहित्यिक प्रेरणा र प्रभाव

गौरीनाथ उपमन्यु ढकाललाई साहित्य लेखनप्रति रुचि जगाउने व्यक्ति उनकै भतिजा विश्वनाथ ढकाल रहेका थिए । विश्वनाथ ढकाल साहित्यिक व्यक्तित्व भएकाले नै उनले गौरीनाथ उपमन्यु ढकाललाई कविता, निबन्ध र नेपाली भाषा लेखनमा सीप सिकाएका थिए । त्यसैले गौरीनाथ उपमन्यु ढकाललाई प्रेरणा दिने पहिलो व्यक्ति भतिजा विश्वनाथ ढकाल हुन् । साहित्यमा रुचि भएका कारणले गौरीनाथ उपमन्यु ढकाल साहित्यिक किताबहरू अति रुचिका साथ पढ्ने गर्थे । उनले लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल र माधव घिमिरेका धेरैजसो कृतिहरू पढेका छन् ।

यसरी उल्लेख्य रूपमा प्रेरक व्यक्ति भतिजा विश्वनाथ ढकाल भए पनि उनले गरेका अनुभवका आधारमा राष्ट्रिय लेखक, कवि र साहित्यकारहरू उनको साहित्यिक प्रेरणाका लागि प्रेरक व्यक्तित्वहरू हुन् भन्न सकिन्छ ।

## २.८ आजीविका

गौरीनाथ उपमन्यु ढकालको जागिरे जीवनको सुरुआत वि.सं. २०३२ वैशाख २ गतेबाट मकवानपुर पालुङस्थित जनकल्याण माध्यमिक विद्यालयमा मा.वि. दरबन्दीको शिक्षकको रूपमा सुरुवात भयो भने त्यसपछि वि.सं. २०३५ सालदेखि काठमाडौंको शंकरदेव क्याम्पस र रत्न राज्यलक्ष्मी क्याम्पसमा सहप्राध्यापक भएका ढकालले जम्मा ३६ वर्ष सेवा गरेको देखिन्छ ।

यसप्रकार ढकालको जीवनका करिब चार दशक पेसाकर्मी भएर बितेको देखिन्छ । त्यसकारण ढकालको जीविकोपार्जनको मूल आधार नोकरी नै रहेको छ । सेवा निवृत्ति पश्चात् आउने पेन्सन नै आजीविकाको प्रमुख आधार बनेको देखिन्छ ।

## २.९ भ्रमण

मानिसका अनेक चाहना हुन्छन् किनभने मानिस जिज्ञासु प्राणी हो । यो असीमित जिज्ञासाले गर्दा मानिसका चाहना कहिल्यै पूरा हुँदैनन् । त्यसैले ऊ नयाँ नयाँ ठाउँमा पुगिरहेको हुन्छ । साहित्यकार गौरीनाथ उपमन्यु ढकाल पनि यसका विपरीत देखिँदैनन् । उनले काठमाडौंमा नै प्राध्यापन पेसामा केन्द्रित हुनु परेको कारणले आफ्नो देश नेपालका धेरै ठाउँ भ्रमण गर्न सकेका छैनन् । उनले नेपालका ३४/३५ जिल्ला घुमिसकेका छन् र सेवा निवृत्त भएपछि अरू जिल्लाहरू, तीर्थस्थलहरू र विदेश पनि घुम्ने आकाङ्क्षा व्यक्त गरेको पाइन्छ ।

## २.१०. शारीरिक बनावट र स्वभाव

पाँच फिट चार इञ्च उँचाइ र मझौला कद भएका गौरीनाथ उपमन्यु ढकाल गहुँ गोरो वर्णका छन् । उनको बोली स्पष्ट एवम् सुमधुर छ । मिलनसार प्रवृत्तिका धनी गौरीनाथ उपमन्यु ढकालमा कुनै किसिमको आडम्बर पाइँदैन । हँसिलो चेहरा भएका ढकाल कसैले केही सोध्दा वा केही जिज्ञासा राख्दा कुनै किसिमको झर्को मान्दैनन् । फुसर्दको समयमा लेखन कार्यमा संलग्न रहनुका साथै विशिष्ट व्यक्तिहरू एवम् आफ्ना इष्टमित्र, छरछिमेकी र साथीभाइहरूसँग उनको भेटघाट गर्ने बानी छ । सबैसँग घुलमिल हुन सक्ने सत्यवक्ता, निडर, सकारात्मक सोचाइ भएका ढकाल निकै नै लगनशील र मेहनती छन् ।

## २.११ लेखनकार्य आरम्भ र प्रकाशनको थालनी

विद्यालयमा पढ्दा सानै उमेरदेखि नै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका गौरीनाथ उपमन्यु ढकालको पहिलो प्रकाशित रचना **वन पालेकी बाला** कविता हो । यो कविता वि.सं. २०२४ सालमा **उन्मेष** पत्रिकामा प्रकाशित भएको हो । यसै समयमा **विवेक विन्दु** पत्रिकामा **आत्माअनुभूति एक चेतना** कविता पनि प्रकाशित भएको पाइन्छ । त्यसपछि यिनका थुप्रै फुटकर कविता र निबन्धहरू प्रकाशित भइसकेका छन् । यस बाहेक उनका समीक्षात्मक लेखहरू पनि प्रकाशित भएका छन् । **फुटकर कवितामा भानुभक्तलाई हेर्दा** नामक समीक्षात्मक लेख वि.सं. २०४२ सालमा **चन्द्रिका** पत्रिकामा प्रकाशित भएको छ । त्यसै गरी **भानुभक्त र उनका**

**रचनागत विविध पक्षको लघु अध्ययन** नामक समीक्षात्मक लेख पनि भानु संस्कृति माध्यमिक विद्यालयले निकालेको **स्वर्णजयन्ती स्मारिका २०५१** मा प्रकाशित भएको छ । वि.सं. २०५६ सालदेखि उनका कविताहरू पुस्तकाकार रूपमा छापिन वा प्रकाशित हुन थालेका हुन् । त्यसैले २०५६ सालमा छापिएको **सगुन** कविता कृति नै उनको पहिलो पुस्तकाकार कृति हो । त्यस्तै २०६७ सालमा छापिएको **मोहिनी** उनको दोस्रो कृति हो ।

## २.१२ भाषा

गौरीनाथ उपमन्यु ढकाल ब्राह्मण कुलमा जन्मिएकाले उनको मातृभाषा नेपाली हो । उनले संस्कृत भाषामा आचार्य गरेका छन् । तर उनी नेपाली भाषामा नै बोल्ने र नेपाली भाषामा नै लेख्ने गर्दछन् । उनले जानेका भाषाहरूमध्ये नेपाली, अङग्रेजी, संस्कृत र हिन्दी भाषा पर्दछन् । यसरी बहुभाषाविद् ढकालको बोलचाल र साहित्य लेखनको भरपर्दो माध्यम नेपाली भाषा नै हो भन्न सकिन्छ ।

## २.१३ सम्मान तथा पुरस्कार

झण्डै चार दशक भन्दा बढी समयमा साहित्य सेवा र प्राध्यापन पेसामा समर्पित गौरीनाथ उपमन्यु ढकालका दुई कृति प्रकाशित भइसकेका छन् भने कतिपय कृतिहरू प्रकाशोन्मुख छन् । उनी विद्यार्थी जीवनमा प्रतियोगितात्मक साहित्यिक क्रियाकलापहरूमा सहभागी हुँदा प्रथम, द्वितीय हुने गर्दथे । लामो समयसम्म प्राध्यापन पेसामा संलग्न भएकोले सेवा निवृत्ति पश्चात् उनलाई त्रिभुवन विश्वविद्यालयद्वारा सम्मान पत्र प्रदान गरिएको पाइन्छ ।

## २.१४ पुस्तकाकार कृति र अन्य रचनाहरू

गौरीनाथ उपमन्यु ढकाल वि.सं. २०२४ सालदेखि नेपाली साहित्यमा देखा परेका हुन् । उनी २०२४ सालदेखि साहित्यतिर लागेको भए पनि उनको पुस्तकाकार कृति वि.सं. २०५६ देखि मात्र प्रकाशित हुन थालेका देखिन्छन् । यसरी २०५६ बाट २०६७ सम्ममा दुई वटा कृति प्रकाशित भइसकेका छन् र दुवै कृति कविता हुन् ।

उनका कविता सङ्ग्रहहरू निम्नलिखित छन् :

(१) **सगुन** (विचार काव्य), २०५६

(२) **मोहिनी** (लघु काव्य), २०६७

## २.१५ निष्कर्ष

गौरीनाथ उपमन्यु ढकालको जन्म वि.सं. २००२ साल चैत १७ गते तनहुँको चुँदी रम्घामा भएको हो । गण्डकी अञ्चल तनहुँ जिल्लाको रतनपुर गौरीनाथ ढकालको पुर्ख्यौली थलो हो । ढकालहरू तनहुँको रतनपुरबाट बसाइँ सरेर तनहुँकै चुँदी रम्घामा आएका हुन् ।

गौरीनाथ उपमन्यु ढकालको औपचारिक शिक्षा संस्कृतमा आचार्य र नेपालीमा स्नातकोत्तरसम्म रह्यो भने नेपाली साहित्यमा उनको यात्रा अनवरत रूपले अगाडि बढिरहेको छ । विशेषतः कविता साहित्यमा कलम चलाउने ढकाल नेपालीहरूका बीच अति प्रिय छन् । मध्यम वर्गीय परिवारमा जन्मिएका ढकालले साहित्य लेखनको प्रेरणा प्रत्यक्ष रूपमा आफ्नो भतिजका साथै विभिन्न साहित्यकारहरूबाट प्राप्त गरेको कुरा बताउँछन् । मझौला कद र गहुँ गोरो वर्णका ढकालले भानुभक्त आचार्यको जन्मथलो र उनको जन्मथलो एकै भएकोले सोही थलोबाट पनि साहित्यमा लाग्ने प्रेरणा प्राप्त गरेको पाइन्छ । विद्यार्थी जीवनदेखि नै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका ढकालले आजसम्म दुई कृतिहरू रचना गरेर नेपाली साहित्य प्रेमीहरूका माझ आफ्नो स्थान सुरक्षित बनाएको देखिन्छ ।

# तेस्रो परिच्छेद

# गौरीनाथ उपमन्यु ढकालको व्यक्तित्व

## ३.१. शारीरिक तथा निजी व्यक्तित्व

गौरीनाथ उपमन्यु ढकाल छरितो र फुर्तिलो जीउडाल भएका आकर्षक व्यक्तित्व देखिन्छन् । पाँच फिट चार इञ्च उँचाइ भएका गहुँगोरो वर्णका गौरीनाथ उपमन्यु ढकालको शारीरिक व्यक्तित्वलाई नियाल्दा सामान्य तथा नेपालीको बाह्य व्यक्तित्व जस्तो देखिने गर्छ, त्यस्तै छ । गहुँगोरो उज्यालो अनुहार, ठिक्कको जीउडाल, हँसिलो मुहारमा यिनको शारीरिक व्यक्तित्व समग्रमा आकर्षक देखिन्छ । मिठो र नम्र बोली अनि आकर्षक शैली भएका गौरीनाथ उपमन्यु ढकालको व्यक्तित्व देखेर जोसुकै पनि प्रभावित हुन्छन् । ढकालको व्यवहारमा हार्दिकता र बोलिचालीमा मिठास पाइन्छ । उनी बढो सरल, शान्त र मिजासिलो स्वभावका देखिन्छन् । सचेतता, सक्रियता, विवेकशीलता, लगनशीलता, कर्मशीलता आदि यिनका चारित्रिक विशेषताहरू हुन् । यिनी ज्यादै स्वाभिमानी छन् । बिहान पाँच बजे उठी दैनिक एक डेढ घण्टा प्रातःकालीन भ्रमण गर्ने ढकालको सबैसँग सहजै घुलमिल हुन सक्ने स्वभाव भएकाले उनी सबैका निम्ति प्रिय छन् । बनावटीपन रहित सरल मिजासका धनी ढकाल रहन-सहन, लवाइ-खवाइ, बोलीचाली, आचरण आदि सबैमा परिष्कृत र संयमित छन् । उनमा कुनै दम्भ छैन । आफूले बहन गर्नुपर्ने दायित्वप्रति न्याय गरौं भन्ने चाहनाका कारण यिनी व्यस्त रहन्छन् ।

उनमा आत्मरतिको प्रलाप छैन, तथाकथित बडप्पनको मोह छैन, घमण्ड छैन । अभिव्यक्ति क्षमतालाई हेर्दा उनी भद्र तथा शिष्ट र शालीन व्यक्तित्वका धनी देखिन्छन् । आफूलाई चित्त नबुझेका कुरालाई गुम्स्याएर राख्ने बानी उनमा छैन । कुनै पनि काममा कसैको हस्तक्षेप उनका लागि स्वीकार्य हुँदैन । शान्त स्वभावका हुनाले आफ्नो जागिरे जिम्मेवारीबाट निवृत्त भएपछि कहिलेकाँही कविता लेखनतर्फ लाग्ने ढकाल प्रायजसो घरमै रमाउँछन् भने केही दिनहरू समाज सेवामा र साथीभाइसँगको भेटघाटमा बिताउने गर्छन् ।

आफ्नो र आफ्ना रचनाहरूका सम्बन्धमा केही बोलिदेऊ, केही लेखिदेऊ भन्दै उनी कुनै समीक्षक वा समालोचक कहाँ धाउँदैनन् । कथित समालोचककहरूले पैसा र चाकरीका भरमा व्यक्ति पूजा र कृति समीक्षा गर्ने गरेका अनि त्यसैका भरमा स्थापित साहित्यकार बनेका साहित्यकर्मी पनि भएका कुरा बताउने ढकाल साहित्य जस्तो पवित्र कुरालाई पैसासँग तुलना गरिनु अहिलेको बिडम्वना हो भन्छन् । कृति प्रकाशित गरेर समालोचक भनाउँदाहरूलाई बोलाएर खानपान गराए मात्रै यो ठाउँमा साहित्यकार भइँदो रहेछ नत्र साहित्यकारको रूपमा गणना नै गर्दा रहेनछन् भन्ने तितो यथार्थ अभिव्यक्त गर्ने ढकालको स्वाभिमानी व्यक्तित्व स्पष्ट हुन्छ ।

नेपाली भाषा, धर्म र संस्कृतिप्रति उनमा अगाध आस्था र विश्वास छ । नेपाली रीतिरिवाज अत्यन्त मन पराउने ढकाल मौसमअनुसार ज्याकेट, सर्ट अनि टिसर्ट र पाइन्ट लगाउन मन पराउँछन् । यस्ता लवाइमा उनको व्यक्तित्व आकर्षक देखिन्छ । आफ्ना सम्पर्कमा आउने सबै व्यक्तिसँग विनम्रतापूर्वक बोल्नु र आत्मीय व्यवहार गर्नु उनको गुण हो । आफ्ना कारणले कसैले दुःख नपाओस् भन्ने कुरामा उनी सचेत देखिन्छन् । अरू लेखकको राम्रो पक्षको प्रशंसा गर्न पछि नपर्ने ढकाल आफूलाई म मात्र राम्रो छु भनी ठान्ने स्रष्टाहरूको कमजोर सीमाबाट आफूलाई मुक्त राख्न सफल छन् । यस अर्थमा उनी आत्म प्रशंसाका भोका देखिँदैनन् ।

शैक्षिक, साहित्यिक तथा समाज सेवामा एकचित्त भई लागिपरेका ढकाललाई राजनीतिक हावाले त्यति छुन सकेको छैन । यिनै विविध बानी र स्वभावमा यिनको निजी व्यक्तित्व झल्कन्छ ।

### ३.२ साहित्यिक व्यक्तित्व

साहित्यकारका रूपमा गौरीनाथ उपमन्यु ढकालको विशेष योगदान कविता विधामा नै फैलिएको छ । विद्यार्थी कालदेखि नै सिर्जनामा देखिएका ढकालका प्रारम्भिक रचनाहरू कविता

र निबन्ध नै रहेका देखिन्छन् । कविता विधाबाट आभ्यासिक लेखन गर्दै थालिएको यिनको साहित्यिक यात्रा प्रकाशन र पाठक सम्पर्कका हिसाबले औपचारिक रूपमा वि.सं. २०२४ सालको **वन पालेकी बाला** शीर्षकको कविताबाट प्रारम्भ हुन्छ । पुस्तकाकारको रूपमा यिनको पहिलो कविता सङ्ग्रह **सगुन** वि.सं. २०५६ सालमा प्रकाशित भएको हो । यिनको साहित्यिक प्रतिभा कविता, निबन्ध र समीक्षात्मक लेख आदि विधामा मुखरित भएको छ तापनि यिनको सफलता प्राप्त विधा भने कविता नै देखिन्छ ।

### ३.२.१ कवि व्यक्तित्व

गौरीनाथ उपमन्यु ढकालले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि उनको सर्वाधिक सफलता प्राप्त गरेको विधा भने कविता हो । उनका हालसम्म पाठक समक्ष दुई वटा कविता सङ्ग्रहहरू पुगिसकेका छन् । उनका छोटा र सरल किसिमका कविताहरूको सङ्ग्रह **सगुन** (२०५६) पहिलो प्रकाशित कविता सङ्ग्रह हो । यसरी नै उनको **मोहिनी** (२०६७) दोस्रो कविता सङ्ग्रह प्रकाशित भइसकेका छन् । यसरी उनका कविता सङ्ग्रहहरू प्रकाशित भई चर्चित हुन थालेपछि अन्य विधालाई केही पछाडि राख्दै कविता लेखनमा उनी केन्द्रित भएका छन् । कविता विधामा नै उनी अहिलेसम्म पनि सक्रिय रहेका छन् । यसरी उनी नेपाली साहित्यको कविता विधामा सफल कविका रूपमा स्थापित व्यक्तित्व हुन् ।

### ३.२.२ निबन्धकार व्यक्तित्व

गौरीनाथ उपमन्यु ढकालले नेपाली साहित्यको निबन्ध विधामा पनि फाट्टफुट्ट कलम चलाएको देखिन्छ । उनी विशेषतः कविता विधामा कलम चलाउने भएकोले निबन्ध एकाधिक मात्र लेखेका छन् । उनले वि.सं. २०३९ सालमा **जय नेपाल** नामक निबन्ध **देशभक्ति** पत्रिकामा प्रकाशन गरेको देखिन्छ । अन्य केही त्यस्ता निबन्धहरू थिए जुन कुरा कुन पत्रिकामा छापिएको भन्ने कुरा खुल्न सकेन । ढकाल छापिएको पत्रिका पनि आफूसँग नभएको मात्र होइन कुनमा कुन मितिमा छापिएको भन्नेसम्म आफूले बिर्सिएको वा सम्झना नभएको बताउँछन् ।

### ३.३ साहित्येतर व्यक्तित्व

साहित्यकार गौरीनाथ उपमन्यु ढकालको साहित्यिक व्यक्तित्व बाहेक अन्य व्यक्तित्वहरू पनि प्रशस्तै देख्न सकिन्छ । यिनका यिनै विविध व्यक्तित्वको सङ्क्षिप्त अध्ययन यहाँ गरिएको छ :

### ३.३.१ शिक्षक व्यक्तित्व

गौरीनाथ उपमन्यु ढकाल आफू विद्यालय अध्ययन गर्दा गुरुहरूले रमाइलोसँग विद्यार्थीहरूलाई पढाउने गरेको, गुरुहरूको विद्यार्थीहरूप्रतिको स्नेह र विद्यार्थीहरूको गुरुप्रतिको आदर भावका कारण त्यतिबेलै आफू पनि गुरु बनेर सम्मानित बन्ने इच्छा भयो । आफूले जानेका कुराहरू विद्यार्थीहरूलाई सिकाउने इच्छा उनमा भएकोले पूर्वमीमांसा दर्शनमा आचार्य र नेपालीमा एम्. ए. गरे । उनले वि.सं. २०३२ साल वैशाख २ गतेदेखि २०३५ साल साउनसम्म मकवानपुर जिल्लाको पालुङस्थित जनकल्याण माध्यमिक विद्यालयमा अध्यापन गरेका थिए । यसरी उनी एक सफल शिक्षक व्यक्तित्व बनेको देखिन्छ ।

### ३.३.२ प्राध्यापक व्यक्तित्व

गौरीनाथ उपमन्यु ढकालले वि.सं. २०३५ साल भदौ ११ गतेबाट २०५४ साल चैतसम्म शंकरदेव क्याम्पस काठमाडौंमा प्राध्यापन गरेका थिए भने २०५५ साल वैशाखदेखि २०६७ चैत १६ गतेसम्म रत्न राज्यलक्ष्मी क्याम्पस भृकुटी मण्डप काठमाडौंमा सहप्राध्यापकका रूपमा प्राध्यापन गरेका थिए । शंकरदेव क्याम्पसमा प्राध्यापन गर्दा प्राध्यापक संघ शंकरदेव क्याम्पसको एकाइ अध्यक्ष भएर काम गरेका थिए । यसरी शिक्षण पेसा जस्तो पवित्र कार्यमा प्रवेश गरी ढकालले आफ्नो प्राध्यापकीय व्यक्तित्वको परिचय दिएका छन् ।

जति माथि पुगिन्छ, त्यति नै तल खस्ने सम्भावनाहरू बढ्दै गए जस्तै उच्च ओहदामा पुगेपछि आफ्नो कार्यगत चुनौतीहरूलाई कुशलतापूर्वक समाधान गर्नु कुशल प्राध्यापकको दायित्व र धर्म हो । यस कार्यमा गौरीनाथ ढकाल खरो उत्रिन सफल भएका छन् । सुरुदेखि

अहिलेसम्मको अवधिमा धेरै चुनौतीहरूलाई कुशलतापूर्वक सामना गर्दै आएका छन् । आफ्नो जिम्माको कार्य कुशलतापूर्वक सम्पन्न गर्ने ढकालको क्षमता चम्किदैं आइरहेको र अहिले कुशल प्राध्यापक बनिसकेका हुनाले उनको व्यक्तित्व तिखारिएको स्पष्ट हुन्छ ।

### ३.३.३ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । त्यसैले ऊ समाजविहीन भएर बस्नै सक्दैन । मानिसले समाजमा बसेर नै आफ्नो व्यक्तित्व निर्माण गर्दछ । नङ र मासुको सम्बन्ध अनि माछा र पानीको सम्बन्ध जस्तै समाजसँग मान्छेको सम्बन्ध पनि अभिन्न रूपले गाँसिएको हुन्छ । जसरी पानी बिनाको माछा बाँच्न सक्दैन, त्यसरी नै समाजबिना मानिस पनि बाँच्न सक्दैन । त्यसैले समाज नै मानिसका लागि सङ्गठित हुने एउटा मात्र आधार ठान्ने गौरीनाथ उपमन्यु ढकाल आफ्ना इष्टमित्र, छरछिमेकी र साथीसङ्गी भनेपछि हुरुक्क हुने एक बौद्धिक र सामाजिक व्यक्तित्व हुन् । आफ्नो रुचिको क्षेत्र साहित्य भएकाले विभिन्न साहित्यिक गतिविधिहरूमा संलग्न भएर उनले समाजलाई एउटा सुन्दर र निश्चित मार्गतर्फ डोऱ्याउने काम गरेका छन् । बहुआयामिक व्यक्तित्वका धनी ढकाल शोषणरहित, छुवाछुतरहित समाजको स्थापना हुनुपर्ने कुरामा विश्वास गर्छन् । समाजसुधारका कार्यहरूमा आइपर्ने जुनसुकै समस्याहरूको समाधान गर्नका लागि उनी अग्रसर हुन्छन् । विभिन्न वर्ग र क्षेत्रको सामाजिक उत्थानका लागि स्थापना भएका विभिन्न संघ संस्थाहरूमा उनी आबद्ध भई आवश्यक सरसल्लाह र सुझाव दिनेदेखि लिएर अन्य आइपरेका कामहरू गर्न सधैं आफूलाई तयार राख्ने सामाजिक कार्यकर्ता पनि हुन् ।

औपचारिक अध्ययनका क्रममा विद्यालयमा भर्ना भएदेखि नै उनका अन्तरङ्ग साथीहरू धेरै बनेका छन् । सबैसँग छिट्टै घुलमिल हुन सक्ने व्यवहार कुशलता उनमा रहेको छ । परिवर्तनशील समयको क्रमसँगै कलेजका साथीहरू कोही कता कोही कता भए पनि धेरै जसोसँग उनको सम्पर्क यथावत छ । जुन अवस्थामा पनि उनको बोल्ने शैली र व्यवहारबाट उनको सम्पर्कमा आउनेहरू प्रभावित हुन्छन् । छोटो समयमा पनि वर्षौंदेखिको चिनजान भएको जस्तो व्यवहार उनी अरूसँग गर्छन् । हरेक वर्ग र तप्काका व्यक्तिहरू उनीसँग नजिक छन् । आफूले सक्ने सहयोग जो सुकैलाई पनि गर्न तयार रहनु उनको विशेषता हो ।

अनुकूल र प्रतिकूल परिस्थितिबाट गुज्रिनै पर्ने जीवन भोगाइबाट आर्जित अनुभूतिहरूले मानिसहरूलाई परिपक्व अनुभव प्रदान गर्दछन् । यिनै अनुभूतिजन्य कुराहरू अरूहरूलाई दिन उनी पछि पर्दैनन् । त्यसैले ढकाल एक सफल सामाजिक व्यक्तित्व हुन् भन्ने विषयमा कुनै विवाद हुनुपर्ने परिस्थिति नदेखिने सम्भावना देखिन्छ ।

## ३.४ निष्कर्ष

सादा जीवन र उच्च विचार राख्ने गौरीनाथ उपमन्यु ढकाल सामान्य मध्यम परिवारमा जन्मिएर पनि आफ्ना जीवनका विविध पक्षहरूमा सफल व्यक्तित्व निर्माण गर्न सक्षम रहेका छन् । समाजलाई नै आफ्नो घर संसार ठान्ने र समाज सेवामा आफूलाई सधैं समर्पित गर्ने ढकालले समाजको विभिन्न क्षेत्रमा सेवा पुऱ्याएको देखिन्छ । यसका साथै उनी एक बौद्धिक व्यक्ति भएका हुनाले प्राध्यापन पेसामा आबद्ध भएर समाज र राष्ट्रलाई समुन्नत बनाउन नागरिकहरूलाई असल शिक्षा दिएका छन् । त्यति मात्र होइन, समाजमा भएका विकृति, विसङ्गति, अन्धविश्वास र आफ्नै जीवन भोगाइका तिता-मिठा घटनाहरूलाई पनि साहित्यका माध्यमबाट व्यक्त गरेर उनी एक कुशल स्रष्टाका रूपमा परिचित भएका छन् ।

गौरीनाथ उपमन्यु ढकालको व्यक्तित्वलाई मूलभूत रूपले जातीय जागरणकै विशद् परिधिभित्रका तीन वा चारवटा उपवृत्तभित्र राखेर विश्लेषण गर्न सकिन्छ । उनले प्राध्यापन, सामाजिक र  जातीय जागरणको उद्गान उनका मनोद्वेगको अभिव्यक्ति कविता लेखेर आफ्नो व्यक्तित्व स्पष्टसँग देखाएका छन् ।

बाह्य व्यक्तित्वमा परिलक्षित हुने उनको बनोट र राष्ट्रिय परिधान अनि साना-ठूला सबैका सामुन्ने प्रकट हुने विनयी खालको शिष्ट, नम्र व्यवहारका कारणले उनीसँग सबै तह र पुस्ताका मानिसहरू प्रभावित हुने गर्दछन् ।

आन्तरिक व्यक्तित्वभित्र रहेका विशेषतालाई उनका भाषा साहित्यसेवाका कतिपय बुँदाभित्र पसेर नियाल्न सकिन्छ । ढकालको व्यक्तित्वका अनेक आयाम वा पत्रहरू छन् । कुशल शिक्षक, कर्मठ समाजसुधारक र तरल जनजागृतिका कवि अनि दृढ आध्यात्मिक-नैतिक चेतनाको सनातनीका साथै उनी रमाइला, ठट्यौला साथी र दु:खी अनाथका असल अभिभावक पनि भएको देखिन्छ ।

उनी कवि व्यक्तित्वबाट बढी परिचित भए पनि निबन्धकार व्यक्तित्वका रूपमा पनि सँगसँगै अगाडि बढेका छन् । उनी यी बाहेक हरेक क्षेत्रमा संलग्न रहेकाले उनको समाजसेवी व्यक्तित्व पनि प्रबल रहेको देखिन्छ ।

यसरी गौरीनाथ उपमन्यु ढकाल आफ्नो जीवन यात्राको क्रममा एक कुशल प्राध्यापक र सचेत साहित्यकारको रूपमा स्थापित भएर आफ्नो पहिचान राख्न सफल भएका छन् । समग्रमा उनको व्यक्तित्व प्रबुद्ध र उच्च रहेको देखिन्छ ।

# चौथो परिच्छेद

# गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा र प्रवृत्ति

## ४.१. गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा

कुनै पनि साहित्यकारको कृतित्वको विश्लेषण र मूल्याङ्कनका लागि उसको साहित्यिक यात्राको मोड र चरणहरूप्रति सचेत रहनु आवश्यक हुन्छ । समयको गतिसँगै समाज, देश तथा अन्तर्राष्ट्रिय जगत्का विविध पक्षमा परिवर्तन आइरहन्छ अनि त्यसको प्रत्यक्ष र परोक्ष प्रभाव साहित्यकारमाथि पनि पर्छ । त्यस्तै जीवनयापनका क्रममा स्रष्टाले देखे भोगेका अनुभव र अनुभूतिले पनि सिर्जनामा प्रभाव पार्ने अथवा स्रष्टाका दृष्टिकोणमा विविधता जन्माउने र त्यसको प्रभाव पर्ने कुरा स्वाभाविक हो । वस्तुतः यिनै कारण र आधारहरूले गर्दा कुनै पनि साहित्यकारको साहित्य यात्रा विभिन्न मोड र घुम्तीहरू हुँदै अघि बढेको हुन्छ ।

यिनै कुरालाई आधार बनाएर हेर्दा साहित्यकार गौरीनाथ उपमन्यु ढकालको साहित्य यात्रामा पनि समय-समयका अन्तरालमा केही परिवर्तनहरू भित्रिँदै गएको र तिनले भिन्न-भिन्न मोडहरूसमेत सिर्जना गरेको कुरा स्पष्टै अनुभव गर्न सकिन्छ । सानैदेखि केही गर्नुपर्छ भन्ने सोचाइ राख्ने ढकालको सर्वप्रथम वि.सं. २०२४ सालमा **उन्मेष** पत्रिकामा **वन पालेकी बाला** नामक कविता प्रकाशनबाट औपचारिक साहित्य यात्रा सुरु भएको देखिन्छ । उनको लेखन कार्यको सुरुआत भने विद्यार्थी जीवनदेखि कविताबाटै भएको थियो र उनले आजको समय पनि साहित्य सिर्जनामा बिताएको देखिन्छ । यस अवधिमा उनको साहित्यिक यात्रा विभिन्न घुम्ती र मोडहरू हुँदै अगाडि बढेको छ । हुन त उनको साहित्य सिर्जनामा देखिएका प्रवृत्तिहरू **सगुन** (२०५६) कविता सङ्ग्रहदेखि **मोहिनी** (२०६७) कविता सङ्ग्रहसम्म आइपुग्दा प्रायः समान देखिने भएकाले साहित्यिक विशेषता, प्रवृत्तिगत साम्य र वैषम्यलाई आधार बनाई चरण विभाजन गर्ने जमर्को गरिएको छ । त्यसैले उनको साहित्यिक यात्रा केलाउने क्रममा विशेष गरेर साहित्यको कविता विधा नै महत्त्वपूर्ण रहेको छ ।

### ४.१.१ चरण विभाजन

कुनै पनि साहित्यकारको साहित्यिक यात्रालाई विभाजन गर्ने केही न केही आधारहरू हुन्छन् । साहित्यकारको साहित्य लेखनको इतिहासमा देखा परेका विभिन्न रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूको परिणाम, गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना वा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन आदि आधारहरू लिएर साहित्य यात्राको चरण, मोड वा काल विभाजन गर्ने गरिन्छ ।

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रालाई उनका साहित्यिक कृतिको प्रकाशन काल र ती कृतिहरूमा समावेश गरिएको विषयवस्तु, भाषा शैली र प्रस्तुतिका आधारमा दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ, ती चरणहरू निम्नानुसार रहेका छन् :

(१) पहिलो चरण : वि.सं. २०२४ देखि २०५६ सम्म

(२) दोस्रो चरण : वि.सं. २०५७ देखि २०६७ सम्म

### ४.१.२ पहिलो चरण (वि.सं. २०२४ - २०५६)

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा विद्यार्थी जीवनदेखि नै सुरु भएको हो । तर औपचारिक रूपमा भने २०२४ सालमा प्रकाशित **बन पालेकी बाला** नामक कविताबाट सुरु भएको हो । कविता विधामा पुस्तकाकार कृतिका रूपमा उनी वि.सं. २०५६ सालमा **सगुन** कविता सङ्ग्रह प्रकाशित भएबाट देखिएको हो । उनको यही कविता सङ्ग्रह नै पहिलो कविता सङ्ग्रहको वा पहिलो कृतिको रूपमा प्रकाशित भएको पाइन्छ । उनले पहिलो चरणमा अन्य फुटकर कविता, निबन्ध र केही समीक्षात्मक लेखहरू लेखेको देखिन्छ । यसरी पहिलो चरणमा एक कविता सङ्ग्रह प्रकाशित भएको र अन्य केही फुटकर कविता र निबन्धहरू प्रकाशित भएका देखिन्छन् (परिशिष्ट, ९०) ।

यो चरण उनको साहित्यको संघर्ष कालको रूपमा रहेको छ । यस चरणमा उनले निबन्ध लेखनतर्फ पनि केही रुचि राखेको पाइन्छ तर उनले कविता लेखनतर्फ नै निरन्तरता दिएका छन् । उनले सगुनको विषयवस्तु असीमित लिएका छन् । यथार्थमा भन्ने हो भने मान्छेको जीवनक्षितिज सगुनभित्र समेटेका छन् र गीता-दर्शन आधुनिक हिन्दु दर्शनको मूल मानिन्छ । त्यसको आभास यस कृतिमा देखिन्छ । गीतामा मानव जीवनका छल-कपट, रिसराग, माया, ममता, त्याग, परोपकार, उद्योग, कृषि, धर्म, राजनीति आदि महत्त्वपूर्ण कुराको व्याख्या भएको छ । कविले मान्छेको दुर्गुण, सद्गुणदेखि लिएर साहित्य, कला, संगीत, राजनीति आदि अभिव्यक्त गरेका छन् । उनका कविताको भावभूमि हेर्दा उनले मानव जीवन दर्शनको खोजी गर्दै कविता लेखेकाले उनी दार्शनिक कविको रूपमा पनि चिनिन्छन् । यस चरणमा ढकालले निबन्ध लेखनको प्रयास गरे तापनि त्यो पूर्ण रूपमा सङ्ग्रहको नामबाट प्रकाशित नभएकाले मुख्य रूपमा उनी कविकै नामले चिनिन्छन् ।

### ४.१.३ दोस्रो चरण (वि.सं. २०५७ देखि २०६७ सम्म)

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्राको दोस्रो चरणको प्रारम्भ वि.सं. २०५७ बाट सुरु भएर वि.सं. २०६७ मा प्रकाशित **मोहिनी** कविता सङ्ग्रहसम्म आइपुगेको छ । यो कविता सङ्ग्रह पौराणिक कथावस्तुमा आधारित छ । पौराणिक कथावस्तुमा आधारित भए पनि काव्यको विषयवस्तु वर्तमान विश्वको कतिपय देशको सत्ता प्राप्तिका लागि लड्ने, मार्ने, सोझा नागरिकलाई शोषण गर्ने, महिला तथा बालबालिकालाई अपहरण गरी बलात्कार गर्ने जस्ता क्रियाकलापमा संलग्न व्यक्ति तथा समूहलाई कविले बिम्वात्मक रूपमा प्रस्तुत गरेका छन् । कविले काव्यमा प्रकृति, परम्परा, देवलोक एवम् धर्तीका बारेमा सङ्क्षिप्त तर सारगर्भित कुरा उठाएका छन् । त्यस्तै धार्मिक, सांस्कृतिक, वैज्ञानिक पक्षहरूको महत्त्वबारे पनि चर्चा गरिएको छ । वर्तमानको तिक्तता र अशान्ति धर्तीमा सधैं रहिरहँदैन । एक दिन आततायीहरूको क्रूर पञ्जाबाट धर्ती मुक्त हुन्छ र सुनौलो भविष्य उदाउँछ भन्ने कुरामा कवि विश्वस्त देखिन्छन् ।

यसरी उनको यस चरणमा रहेको **मोहिनी** कविता सङ्ग्रहमा रहेका कविताहरू स्तरीय र महत्त्वपूर्ण रहेका छन्, जसको कारणबाट यो चरण नै उनको साहित्यिक यात्राको उर्वर चरण मान्न सकिन्छ । यिनै कविता सङ्ग्रहबाट नै उनी वरिष्ठ कविका रूपमा चिनिन्छन् । यस चरणमा पनि उनले मूलतः कविता विधामा मात्र कलम चलाएका छन् ।

यसरी गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्राको चरण विभाजन गरेर हेर्दा उपर्युक्त दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । उनी पहिलो चरणदेखि नै राम्रा कविको रूपमा देखा परेका छन् । उनले पहिलो चरणदेखि नै सङ्ख्यालाई भन्दा गुणात्मकतालाई ध्यान दिएका छन् । उनले आफ्ना कविताहरू एउटै घेराभित्र मात्र सीमित नराखी लेखेका छैनन् । सम्पूर्ण विषयलाई उत्तिकै प्राथमिकता दिइएका उनका कविता आस्वाद्य बनेका देखिन्छन् ।

## ४.२. गौरीनाथ उपमन्यु ढकालको साहित्यिक प्रवृत्ति

साहित्य सिर्जनामा व्यक्तिले समाज तथा आफ्नो जीवनमा भएका र घटेका विभिन्न घटना वा अनुभवलाई आ-आफ्नो किसिमले अभिव्यक्त गर्ने गर्दछन् । साहित्य सिर्जना गर्दा लेखकमा निहित प्रवृत्तिहरू केही न केही मात्रामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा झल्किएका हुन्छन् । तिनै प्रवृत्तिहरूलाई साहित्यिक प्रवृत्तिका रूपमा लिइन्छ । साहित्यकार गौरीनाथ उपमन्यु ढकालमा भएका साहित्यिक प्रवृत्तिको अध्ययन निम्नलिखित शीर्षकहरूमा क्रमशः गरिएको छ :

### ४.२.१ स्वच्छन्दतावादी प्रवृत्ति

गौरीनाथ उपमन्यु ढकालका कवितामा प्रखर रूपमा स्वच्छन्दतावादको स्थुल प्रवाह बगेको छ । उनको पहिलो प्रयासको पहिलो पङ्क्तिमै स्वच्छन्दतावादी प्रवृत्ति छचल्किएको छ ।

जस्तै : नाना विचारका फूल टिपी पाठक वृन्दमा

गर्छु अर्पण यो सानो प्रयास पहिलो यहाँ

- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १

स्वच्छन्दतावाद तर्क र बुद्धिको साटो भावना वा भावुकतामा, वस्तुपरकताको साटो आत्मपरकतामा, विवेक-नियन्त्रणको साटो हार्दिकतामा, सचेत आयोजनाको साटो सहजता वा स्वतः स्फूर्ततामा, यथार्थताको साटो कल्पनामा अनि चेतनाको साटो अवचेतन मनमा आधारित हुन्छ (श्रेष्ठ, २०५१ : १५१) ।

कवि गौरीनाथ उपमन्यु ढकालमा पनि यी प्रवृत्तिहरू पाइन्छन् । त्यसैले उनी स्वच्छन्दवादी कवि हुन् भन्न सकिन्छ । उनका धेरै कविताहरू स्वतन्त्र रूपमा प्रकटित भएका छन् । काव्य सिर्जनामा गुणात्मक दृष्टिले अग्रणी ढकालले आफ्ना कविताहरूमा परिष्कार र परिमार्जन गर्नु भन्दा सरल र सरस भाषामा स्वतन्त्र रूपले कविताको रचना गरेका छन् । उनी प्रकृतिलाई सम्पूर्ण ज्ञान र शिक्षाको स्रोत मान्दछन् । प्रकृतिरूपी पाठशालाबाट स्वच्छन्दतावादी कविहरू प्रकृतिलाई सजीवता र व्यक्तित्व प्रदान गर्दै प्रकृतिको मानवीकरण पनि गर्छन् ।

उनी सुन्दर, शान्त, कोमल, स्निग्ध र सरल प्रकृतिको चित्रण र वर्णन गर्ने प्रकृतिप्रेमी कवि हुन् । प्रकृतिको सुकुमारता तथा भावमधुरता यिनमा पाइन्छ । यिनी प्रकृतिमै मानवजीवनको अस्तित्व खोज्छन् वा प्रकृतिको सूक्ष्म निरीक्षण गर्दछन् । उनको प्रकृतिप्रयोग सरल, शान्त र स्निग्ध देखिन्छ । प्रकृतिलाई मानवीकरण गर्ने प्रवृत्ति पनि उनमा पाइन्छ । उनका कवितामा प्रकृति र मानिसको सम्बन्ध देखाइएको हुन्छ । यसरी प्रकृतिको बहुमुखी प्रयोग गर्ने काम ढकालबाट भएको छ ।

जस्तै : प्रकृतिबाट पाएको स्वभाव बदलिन्न यो

गुण माफिक प्राणीको चल्छ जीवन सत्य हो

- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १

सामाजिक स्तरमा उनका कवितामा विद्रोहात्मक र क्रान्तिकारी चेतना ज्यादा देखा पर्दछ । उनी प्रतीकात्मक रूपमा आफू भित्रको क्रान्तिचेतनालाई प्रकट गर्छन् । उनी समाजमा दीनहीन व्यक्तिहरूप्रति सहानुभूति प्रकट गर्दछन् । उनी युगजीवनका व्यथा र मर्मलाई सोझै नभनी प्रकृतिका अनेक बिम्बहरूद्वारा प्रस्तुत गर्दछन् । यसरी उनी समसामयिक युग जीवनका यथार्थबाट आफ्नो कवितामा क्रान्तिचेतनालाई प्रस्तुत गर्दछन् । उनले प्रस्तुत गरेको कविताको एक टुक्रालाई हेरौं :

जस्तैः समष्टि छ जहाँ प्रष्ट देखिने चेतनासित
त्यही मानव हो जानौं प्रकृतिकर्म-शासित
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ७

नबुझ्ने कविता लेखी अत्याधुनिक बन्छ जो
शारदी मेघझैं हुन्छ विचरा ! मूर्ख जीव त्यो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ७

### ४.२.२ मानवतावाद

उनका कविताहरू धेरैजसो मानवतावादले रङ्गिएका छन् । मानिसको सुख-दुःखमा उनका कविताहरू रङ्गिएका हुन्छन् । उनका कवितामा परिस्थितिवश आइपरेका दुःख र कष्टले पनि ज्यान भर्ने काम गरेका छन् । उनी विश्वका सम्पूर्ण मानवजातिको कल्याणका रूपमा उभिएका छन् । उनी मानवताका पुजारीका रूपमा काव्यमा देखा परेका छन् । संसारको इतिहासमा के देखिन्छ भने मान्छेले मान्छेलाई पशुवत् तुल्याएर शासन गर्न चाहन्छ । त्यस्ता शासकलाई उनले राक्षसका रूपमा चित्रण गरेका छन् । सत्य, न्याय, मानवीय हक र हितका रूपमा सङ्घर्ष गर्ने मानवलाई देवताका रूपमा चित्रण गरेका छन् । मानवीय स्वतन्त्रता, अस्मिता, सुख र कल्याणका पक्षमा उनी उभिएका छन् । उनी मानवका विरोधीहरूका विरूद्ध युगयुगका पात्र

उभ्याएर सङ्घर्ष गराएर अन्तमा मानवताको स्थापना गराउँछन् । शान्ति, मैत्री, भातृत्व, प्रेम, सहानुभूति जस्ता गुणलाई स्थापित गर्नु उनको अर्को प्रवृत्ति हो । उनी विश्वका मानव जातिको उत्पादनका विरोधी तत्त्वको विरोध गर्दछन् ।

जस्तै : रस टम्म हुँदा लाटोलाई मान बराबर
गर्छन्, रस विना लाटोलाई को व्यर्थ आदर
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित , पृष्ठ २५

हेर्न, सुन्न सधैं राम्रो फूल गाना मनोहर
पुरानो कहिल्यै हुन्न शिव, सत्य र सुन्दर
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २५

बाजाका तालमा छम्म छम्म नाचे सरी गरी
हावाका तालमा नाच्छन् बनस्पति थरी थरी
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ४१

### ४.२.३ दार्शनिकता

गौरीनाथ उपमन्यु ढकालका प्रायः सबै कविताहरूमा दार्शनिक पक्षलाई मुख्य रूपमा ल्याइएको देखिन्छ । उनले सबै कविताहरूमा दर्शनलाई बढी जोड दिएका छन् । उनको **सगुन** र **मोहिनी** दुवै कविता संग्रहमा दार्शनिक पक्ष नै प्रखर रूपमा आएको देखिन्छ । जीवन दर्शनलाई मुख्य रूपमा अगाडि सारेर जीवन जिउनको लागि के कस्ता बाटाहरू अवलम्बन गर्नुपर्छ भन्ने कुरा पनि उनका कवितामा भेट्न सकिन्छ ।

मौरीको समाजमा शासक भन्ने वर्ग विशेषलाई ईश्वर भनेर मानेको देखिन्छ । अर्थात् मौरी ईश्वरीवादी देखिन्छन् । तर मौरीको समाजमा शिक्षाको अभाव छ । त्यसले गर्दा मौरी

समाजमा मौरीबाट शोषण व्यापक छ । यस किसिमबाट चर्चा गर्दा एक प्रकारको जीवन दर्शन यहाँ भेटिन्छ ।

ईश शासक हो भन्ने मौरी दर्शन देखियो
शिक्षा अभावले गर्दा त्यहाँ शोषण भेटियो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १५

वर्तमान परिवेशमा समाज व्यवस्था राम्रो गर्नलाई सक्भर समानताको आधारमा सबै नागरिकलाई व्यवहार गर्नको निमित्त समाजवादको आवश्यकता देखिन्छ । वास्तवमा समाजवाद राज्य व्यवस्थाको निमित्त वर्तमान स्थितिमा विशेष चर्चित समाज दर्शन हो भन्दा अत्युक्ति नहोला ।

समाज हितको भाव समाजवाद मानियो
शक्ति शिखरमा बस्ने अधिकार विदा भयो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १५

जुन बेला मान्छे गुफामा बस्थ्यो । उसले लाज छोप्नको लागि जे फेला पार्थ्यो त्यही शरीरमा बेरिएर बस्थ्यो । विकासका क्रममा मान्छेले विज्ञान हात पाऱ्यो अर्थात् मान्छे वैज्ञानिक बन्यो । कपडा बुनेर तयार गर्न जान्यो । यस परिस्थितिमा सिलाएर बस्त्र लगाउन नजान्दासम्म उसले शरीरमा गादो बाँधेर निर्वाह गऱ्यो । विज्ञानको सहाराले खान लगाउन सिपालु हुँदै गयो र व्यवहार जान्दै गयो मान्छेले । यस किसिमबाट प्रस्तुत काव्यमा अध्ययन गर्दा लामो समयदेखि व्यवहार दर्शनको विकास हुँदै आएको पाइन्छ ।

गादो बाँधेर बस्नेले सिलाई वस्त्र लाउँछ
खान लाउन विज्ञान मान्छेलाई सिकाउँछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १८

हिजो थियो, आज छ, भोलि पनि हुन्छ भने त्यो चीज सत्य मानिन्छ । हरेक जीवको आत्मा यस्तो छ । अर्थात् आत्मा अविनाशी छ । भूत, वर्तमान र भविष्य तिनै कालमा आत्मा वा अध्यात्मको अस्तित्व भएको देखिन्छ । तर भौतिक वस्तु क्षणिक दृश्यमा आउँछ हराउँछ । त्रिकाल सत्य यो हुन सक्दैन अर्थात् सधै टिक्दैन । आत्म तत्त्व सधै टिक्छ हराउँदैन । यो चिन्तन सगुन विचार काव्यमा गरिएको पाइन्छ । तर कविले दुवै दर्शनलाई मिलाएर जीवनको उन्नति गर्न आवश्यक छ भन्ने व्यवहारिक चिन्तन समेत गरेको पाइन्छ ।

भौतिक सत्य टिक्तैन अध्यात्म सत्य झैं गरी
दुवै सत्य मिलाएर गरौं जीवन उन्नति
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २६

वर्तमान जगतमा उपलब्ध विज्ञान मान्छेको दुर्बुद्धिबाट बिनास भएन अगाडि बढिराख्यो र विज्ञान पूर्ण बन्यो भने विज्ञानको आधारमा मान्छे अन्तरिक्षमा सबै तिर घुम्न सक्छ, पुग्न सक्छ भन्ने कल्पना सगुन विचार काव्यमा पाइन्छ । वास्तवमा विज्ञानको मूल कल्पना नै हो । यस प्रकार चिन्तनका क्षेत्रमा सगुन विचार काव्य निकै माथि उठेको देखिन्छ ।

पूर्ण विज्ञानले घुम्न अन्तरिक्ष सबैतिर
अन्तर्ब्रम्हाण्ड युगमा पुग्न मानव सुन्दर
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २७

### ४.२.४ सामाजिकता

गौरीनाथ उपमन्यु ढकालले आफ्नो साहित्यिक यात्राको पहिलो चरणको सुरुआतबाट नै सामाजिक यथार्थवादी प्रवृत्तिलाई अँगालेको पाइए तापनि त्यति राम्रोसँग उद्घाटन गर्न सकेका छैनन् । तर दोस्रो चरणमा भने उनले आफ्ना कृतिहरूमा समाज जस्तो छ त्यस्तै चित्रण गर्ने काम गरेका छन् । समाजमा घट्ने र घट्नसक्ने मानव स्वभावको हुबहु चित्रण ढकालले कतै

आफू तटस्थ रहेर त कतै आफै भिजेर सामाजिक पक्षको सूक्ष्म निरीक्षण प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनका कविताहरूमा यथार्थ पाइन्छ । उनको दोस्रो चरणको **मोहिनी** कविता सङ्ग्रहमा सामाजिक विकृतिलाई स्पष्ट रूपमा देखाइएको छ । उनका कविताहरूमा समाजका विविध विषयहरू समेटिएका छन् । समाजमा रहेका विषयहरू नै उनका कविताहरूको विषय बनेको छ । जस्तैः उनले लेखेका कविताहरूमा समाजमा रहेका नारीहरूको पीडा, सामाजिक, साँस्कृतिक कुरीतिहरू र अन्य विविध विषयहरू समेटिएका छन् ।

जस्तै : जनता भेलमा बग्ने भेडाको उपनाम हो
सभ्य मानिसको निम्ति अनुशासन धर्म हो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ४

कोही धर्म भनी ठग्छन् कोही सिद्धान्तवादले
कोही भाग्य भनी ठग्छन् कोही आफ्न्त भावले
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ६०

### ४.२.५ व्यङ्ग्यात्मकता

व्यङ्ग्यात्मकता भन्नाले साहित्यमा व्यक्त गरिएको लेखाइ वा कुनै पात्रको भनाइबाट सोझो अर्थ प्रकाश नगरेर अभिधा र लक्षणाभन्दा भिन्न व्यञ्जनावृत्तिद्वारा बोध हुने अर्थ बुझिन्छ । कुनै एउटा कुरा भने झैं गरी अर्को भनेर छेड हानिएको छ भने त्यसलाई व्यङ्ग्यात्मकता भनिन्छ । ढकालले पहिलो कृतिदेखि नै व्यङ्ग्यात्मकताको यथेष्ट प्रयोग गरेको पाइन्छ । उनका कविताहरूमा धेरै मात्रामा व्यङ्ग्य प्रहार गरिएको भेट्न सकिन्छ । समाजमा रहेका विकृति र विसङगति प्रति राम्रोसँग व्यङ्ग्य प्रहार गर्न सफल भएका छन् कवि गौरीनाथ उपमन्यु ढकाल । उनका भाषामा बढी मात्रामा बिम्ब र प्रतीकको प्रयोग गरिएकोले हरेक शब्दले व्यङ्ग्य प्रहार गरेको भान हुन्छ । उनका हरेक कविताहरूमा व्यङ्ग्यात्मक भाषा अवस्थित भएकै हुन्छ ।

जस्तै : सुनले बेसरी टम्म सजिएपछि मानिस
ठूलो इज्जतमा पुग्छ नभए पनि शिक्षित
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ६९

ठूलाले बिर्सिए हुन्छ बिर्सिने सभ्यता छ यो
सानाले सम्झिनै पर्छ सम्झिने बाध्यता छ यो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ५४

### ४.२.६ बिम्व र प्रतीक

गौरीनाथ उपमन्यु ढकालको यो महत्त्वपूर्ण प्रवृत्ति हो । ढकालले आफ्ना कवितामा बिम्ब, प्रतीक र व्यञ्जना विधानको आयोजना राम्ररी गरेका छन् । यिनले आफ्ना कविताहरू बिम्ब, प्रतीक र व्यञ्जनाले सजाएका छन् । लालित्यमय, सौन्दर्यमय, गूढ, गम्भीर एवम् औचित्य र गम्यमय चामत्कारिक अभिव्यञ्जना सिद्धिमा बिम्ब, अलङ्कार, प्रतीक र व्यञ्जना विधानको उत्कृष्ट आयोजनाले कविलाई उपल्लो दर्जामा पुऱ्याउन सहयोग पुग्दछ । फुटकर कविता आफैँमा उत्कृष्ट सिद्धि हो भने बिम्ब र प्रतीक व्यञ्जना विधानसहितको कविता झनै सिद्धि हो ।

जस्तै : लुच्चो भन्दा महालुच्चो नभई हुन्छ को ठूलो ?
निमुखा सन्त साधूको को गर्दछ यहाँ भलो ?
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २८

गरीब घरमा बैंश नआई दिन बित्तछन्
धनीका घरमा नित्य बसन्त - फूल फुल्दछन्
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २४

### ४.२.७ अन्य प्रवृति

ढकालका रचनाहरूमा मूलतः उपर्युक्त प्रवृत्तिहरू देखिए पनि सामान्य रूपमा अन्य केही प्रवृत्तिहरू पनि देखा पर्दछन् । उनका प्रायः सबै रचनामा सङ्घर्ष आएको छ । उनले आन्तरिक र बाह्य दुवै सङ्घर्ष प्रस्तुत गरेको पाइन्छ । उनले सामाजिक, राजनीतिक विसङगति, मानवतावाद आदिलाई पनि आफ्ना रचनाहरूमा समाविष्ट गरेका छन् । यसरी ढकालले साहित्य रचनामा विभिन्न प्रवृत्तिहरू अँगालेको पाइन्छ । उनका प्रायः सबै कविताहरू छोटा छन् । उनका कविताको भाषा सरल र सहज छ । उनका कविताहरूले पाठकको मनलाई छुन्छन् किनकि उनका कविताहरू सरल र सरस छन् अनि यथार्थपरक पनि छन् जसले मानिसको मनलाई झ्वाट्ट छुन सक्छ । पढ्दा रस लाग्ने उनका कविताहरूले मनलाई तरङ्गित पारिदिन्छन् । कवि गौरीनाथ भन्दछन् : **आफ्ना भावनालाई बौद्धिकताको पुट दिएर क्लिष्ट शब्द खेलाएर कवितामा प्रकट गर्नु भन्दा त्यसलाई सरल र सरस पारामा व्यक्त गर्दा मीठो र राम्रो पनि हुन्छ** । उनका प्रायः कविताहरू छोटा छन् तर पनि पूर्ण नै छन् । उनले आफ्ना कृतिहरू हरेक क्षेत्रका सांस्कृतिक रहन-सहनलाई समातेर तयार गरेका छन् । साथै उनका कृतिहरूमा राष्ट्रप्रेमको भावना, जातिप्रेम र भाषा प्रेमप्रतिको माया मोह र आफ्नो भाषाको विकासको लागि गरिएको प्रयास देख्न सकिन्छ । यसरी उनी स्वच्छन्दतावादी कवि भएकोले उनका कविताहरू परिष्कार र परिमार्जन गर्नुभन्दा पनि स्वतस्फूर्त रूपमा बगेका छन् ।

अतः गौरीनाथ उपमन्यु ढकालले झण्डै चार दशक लामो समयमा नेपाली साहित्यमा जे-जति गर्न सके त्यो नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण रहन गएको छ । साहित्यका विभिन्न फाँटमा कलम चलाउन प्रयास गरे तापनि उनको सर्वोत्तम विधा कविता विधा नै रहेको छ । त्यसैले कविता विधामा उनी धेरै अगाडि देखिन्छन्  र कविता विधामा अरू विधामा भन्दा उत्कृष्ट देखिन्छन् ।

## ४.३ निष्कर्ष

यसरी गौरीनाथ उपमन्यु ढकालको साहित्ययात्रा विद्यार्थी कालदेखि नै कविताबाट सुरु भए पनि वि.सं. २०२४ बाट मात्र औपचारिक रूपमा स्थापित भएको छ । उनको वि.सं. २०२४ मा **वन पालेकी बाला** कविता प्रकाशित भएबाट औपचारिक साहित्यिक यात्रा सुरु भएको हो । उनको पहिलो कविता सङ्ग्रह **सगुन** वि.सं. २०५६ मा प्रकाशित भएको हो । उनले पहिलो चरणमा प्रकाशित गरेका केही कविताहरू नीतिज्ञान र विचारपरक हिसाबले राम्रा पनि छन् भने उनको दोस्रो चरणमा प्रकाशित भएका कृतिहरू केही परिष्कृत छन् र केही व्यङ्ग्यात्मक पनि छन् । विचार र सन्देश दिने खालका कविताहरूले गर्दा उनका दुवै चरणहरूलाई असाध्यै उपलब्धिमूलक चरण छन् भन्ने मान्न सकिन्छ । ढकालले ती दुवै चरणमा आफ्नो मिहिनेत र पसिना खर्चेका छन् । परिमाणात्मकता र गुणात्मकता दुवै हिसाबले उनका कविताहरू महत्त्वपूर्ण नै छन् तापनि उनले एउटै वादमा केन्द्रित रहेर कविता लेखेका छैनन् । त्यसैले उनका कविताहरूमा देखिएका वादहरूको पनि अध्ययन र विश्लेषण गर्ने गरिएको छ, जसबाट उनका कवितामा स्वच्छन्दतावाद र अस्तित्ववादले उत्तिकै ठाउँ लिएको देखिन्छ । यसरी कवि गौरीनाथ उपमन्यु ढकालले विभिन्न प्रवृत्तिहरू अँगालेर आफ्नो साहित्यिक यात्रा अगाडि बढाएका छन् ।

# पाँचौ परिच्छेद

# गौरीनाथ उपमन्यु ढकालको कृतित्वको विश्लेषण

## ५.१ परिचय

गौरीनाथ उपमन्यु ढकाल नेपाली साहित्यको विधामा कलम चलाउन सक्रिय साहित्यकार हुन् । उनले नेपाली साहित्यको कविता विधाबाट साहित्यिक यात्रा सुरु गरेर निबन्ध र समीक्षात्मक लेखहरूमा पनि कलम चलाएको पाइन्छ । उनले वि.सं. २०३९ सालमा **जय नेपाल** नामक निबन्ध **देशभक्ति** पत्रिकामा प्रकाशन गरेको देखिन्छ । त्यस्तै उनको **फुटकर कवितामा भानुभक्तलाई हेर्दा** नामक समीक्षात्मक लेख वि.सं. २०४२ सालमा **चन्द्रिका** पत्रिकामा प्रकाशित भएको छ । त्यसै गरी **भानुभक्त र उनका रचनागत विविध पक्षको लघु अध्ययन** नामक समीक्षात्मक लेख पनि भानु संस्कृति माध्यमिक विद्यालयले निकालको **स्वर्णजयन्ती स्मारिका २०५१** मा प्रकाशित भएको छ । तर पनि उनको साहित्यिक लेखन मूल रूपमा सिर्जनाअन्तर्गत कविता विधामा बढी केन्द्रित भई फस्टाएको देखिन्छ । पारिवारिक साहित्यिक वातावरण पाएका गौरीनाथ उपमन्यु ढकालले विद्यार्थीदेखि नै साहित्य लेखनमा लागेर थुप्रै फुटकर रचना प्रकाशित गरे पनि हालसम्म पुस्तकाकार कृतिका रूपमा **सुगन** (२०५६) विचार काव्य र **मोहिनी** (२०६७) लघु काव्य गरी दुई वटा मात्र कृति प्रकाशित गरेको पाइन्छ । उनका सङ्ख्यात्मक रूपमा हालसम्म थोरै मात्र कृति प्रकाशन भए तापनि गुणात्मकताका हिसाबले निकै राम्रा रहेका छन् । यसका साथै हालसम्म पनि उनको लेखन जारी रहेकाले अब आगामी समयमा उनीबाट अरू कृतिहरू प्रकाशित हुने आशा गर्न सकिन्छ । त्यसैले गौरीनाथ उपमन्यु ढकालले नेपाली साहित्यमा थोरबहुत कलम चलाएर जति योगदान गरेका छन्; त्यसको आफ्नै महत्व र स्थान रहेको देखिन्छ ।

### ५.१.१ कविता सिद्धान्तको परिचय

साहित्य र काव्य दुवै पर्यायवाची रूपमा व्यवहार गर्न सकिने शब्द भए पनि यिनमा केही व्युत्पत्ति लभ्य अर्थको भिन्नता पाइन्छ । काव्य शब्दले काव्यको रूप एवम् भाव पक्षलाई ध्वनित गर्छ, साहित्य शब्दले काव्यको भाव एवम् उद्देश्य पक्षलाई । साहित्य शब्दको व्युत्पत्ति दुई प्रकारको हुन सक्छ । एक - (हितेन सह सहितः, सहितस्य भावः साहित्य) अर्थात् हितले, समाज कल्याणको भावनाले भरिएको भाव वा लिखित रचना साहित्य हो । दुई - (सहितस्य शब्दार्थ संयुक्तस्य भावः साहित्य) अर्थात् शब्द र अर्थ दुवैको सहयोगले जहाँ कुनै भाव व्यक्त गरिएको हुन्छ त्यो साहित्य हो (उपाध्याय, २०५९ :११) ।

पूर्वीय संस्कृत साहित्यमा प्राचीनकालमा काव्य शब्दको व्यापक अर्थ थियो । काव्य भन्नाले कविताका विभिन्न रूप आयामलाई मात्र नबुझाएर सम्पूर्ण साहित्यलाई नै बुझाउने समष्टिगत अर्थ ग्रहण गरिन्थ्यो (गैरे, २०६० : १) । यस क्रममा खास प्रबन्ध विधानलाई अँगाल्ने रचना विशेष शृङ्खलामा उनिएको वा आख्यान विहीन भएर पनि आख्यान विपरीत कुनै विषय, भावना आदिको शृङ्खलित रूप-स्वरूप अँगाल्ने, क्रमिक प्रस्तुतिलाई समेट्ने, आख्यानधर्मी साहित्यिक वा साहित्येतर विषयको प्रस्तुतिलाई समेत काव्य शब्दले आफूभित्र समेटेको थियो (गैरे, २०६० : १) । पछि आएर मात्र यसको व्यवस्थित अध्ययन भयो । यस क्रममा नवौं शताब्दीमा राजशेखरले सर्वप्रथम साहित्य शब्दको प्रयोग गरे पश्चात् साहित्य र काव्यको अर्थमा फरक आउन थाल्यो । अहिले आएर कविता विधालाई साहित्य र वाङ्मयदेखिको परम्पराबाट अलग्याएर हेर्ने गरिन्छ । यसरी हेर्दा वाङ्मय साहित्यिक र साहित्येतर दुवै विधा-उपविधाहरूबाट समृद्ध रहेको छ । यसको मुख्य स्वरूप साहित्य र शास्त्रजस्ता दुई वटा रूपको छ । साहित्य भन्नाले भावात्मक अनुभूतिमय विविध कलात्मक स्वरूपका कृति भन्ने बुझिन्छ भने शास्त्र भन्नाले विविध विषयका ग्रन्थात्मक गद्यात्मक रूप-बुझिन्छ । यी मध्ये भावात्मक अनुभूतिमा विविध कलात्मक स्वरूपका साहित्यिक कृति साहित्यिक भेद प्रभेदात्मक विधागतरूप सहित समृद्ध छ । यसलाई साहित्यका विधागत रूप भनेर कविता, नाटक, कथा, उपन्यास, निबन्ध, एकाङ्कीका रूपमा बुझाइन्छ । यसरी कविता साहित्यको एउटा विधागत भेद हुन आउँछ । त्यस किसिमका विधागत रूपको कविता शब्द नेपालीमा कविको कर्म वा मूल्यको रूपमा व्यवहृत

भएको भेटिन्छ । जसलाई विधागत रूपप्रतिरूप आयाम प्रतिआयाम वा रूपस्वरूप मात्र बुझ्न सकिन्छ (गैरे, २०६० : १) ।

कवितालाई यसकै विधागत सन्दर्भमा चिनाउँदा चाहिँ यो साहित्यको लयात्मक वैशिष्ट्य भएको गद्येतर भेद हो । कविता विधालाई सम्पूर्ण रूपमा चिनाउने क्रममा यसका विधात्मक निजत्वका बुँदाको चर्चा मात्र पर्याप्त छैन र यसले अँगाल्ने साहित्यिक सामान्य धर्मको निरूपण पनि आवश्यक पर्छ । साहित्यले अङ्गीकार गर्ने आधारभूत कथ्य सामग्रीको उपादान र भाषिक संरचनात्मक कौशल एवम् यिनका भावात्मक र रूपात्मक प्रतिफल समेत कवितामा पनि अपेक्षित नै रहन्छन् । यस पृष्ठभूमिमा साहित्यलाई अनेक कोणबाट हेर्न सकिए झैं कवितालाई हेर्ने पनि अनेक कोण हुन सक्छन् । यस्ता मुख्य कोण हुन् (१) जीवनजगत्का बाह्य र आन्तरिक अनुभवस्वरूप विभिन्न सामग्री वा उपादान र त्यसको भावनात्मक/रागात्मक परिणति (रस) (२) भाषिक कथन र संरचनाको पथ वा पद्धति (३) विधागत रूपसंरचनाका केन्द्रीयतामा लय र बिम्बप्रतीक एवम् अन्य कलात्मक प्रविधि । यस क्रममा जीवन-जगत्का बाह्य र आन्तरिक अनुभवका स्रोतस्वरूप सामग्री वा उपादानमध्ये कुनै एक (सामाजिकता, संस्कृति, विचारपक्ष, मनोविज्ञान वा अन्य विषय) लाई प्रधानता दिई वा त्यसको भावात्मक परिणतिलाई मुख्य कुरा मानेर पनि कवितालाई हेर्न सकिन्छ तर यस पद्धतिअन्तर्गत कविताका कथन तथा भाषा शैली र लय लगायतका रूप संरचनालाई त्यस सामग्री वा भावात्मक परिणतिका वाहकका रूपमा लिनुपर्ने हुन्छ । त्यस्तै कविता हिँड्ने भाषिक कथन वा संरचनाको बाटोलाई मुख्य मानेर पनि कवितालाई हेर्न सकिन्छ र यस प्रक्रियामा त्यही भाषिक संरचनाका कथ्यलाई केलाई कविताका लय लगायत भावात्मक उपादान र रूपात्मक संरचनालाई समेत समेट्नु पर्ने हुन्छ । यस क्रममा लय लगायत भाव तथा भाषालाई पनि त्यही विधागत रूप संरचनाभित्र संयोजन गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा कविताकृतिका रूप पक्षसँग वक्रोक्ति, अलङ्कार र प्रबन्ध रीतिजस्ता कुरा पनि जोडिन पुग्छन् र कविताको लय पनि यस रूपतात्त्विक परिधिमा समेटिन्छ । कारकका रूपमा जीवन-जगत्का सन्दर्भ र सामग्रीले खेल्ने उपदान स्वरूप भूमिका पनि उल्लेखनीय छ (त्रिपाठी, २०४६ : १५) ।

कविता साहित्यको एक विधा हो । कविता साहित्यको एक विधागत भेद भएकाले साहित्यका सापेक्षतामा कविताको विधागत स्वरूप अपेक्षाकृत स्पष्ट रूपमा चिनिन सक्छ । साहित्य भाषिक कलाका रूपमा चिनिन्छ । यो वाङमयको यात्रात्मक वा सौन्दर्यपरक शाखा हो । यो भाषिक प्रयोग, क्षेत्रको व्यावहारिक र बौद्धिक प्रयोजन मुख्य भएको भाव प्रधान प्रयोगस्थल हो । यस परिप्रेक्ष्यमा कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्तिको वाङमय पनि हो र भाषिक प्रयोग क्षेत्रको लयात्मक सौन्दर्य उपज पनि हो (त्रिपाठी, २०४६ : १६) ।

### ५.१.१.१ कविताका तत्त्वहरू

साहित्यका विभिन्न विधामध्ये कविता पनि अनेक अवयव वा अङ्गहरूको मेलबाट निर्मित एउटा संरचना हो । हरेक विधाका साहित्यिक कृतिलाई एउटा सिद्ध वस्तुको स्पष्ट आकृति प्रदान गर्ने काम त्यसमा अन्तर्निहित विभिन्न अवयवहरूले गर्दछन् । प्रत्येक कृति स्वयंमा एउटा संरचना हो र यसको संरचना विभिन्न अवयवहरूको पारस्परिक सम्बन्धबाट हुन्छ । साहित्यका हरेक विधाका कृतिहरू झैं कविता पनि एउटा विशिष्ट संरचना भएकाले यसलाई निर्माण गर्ने आफ्नै विभिन्न अवयवहरू छन् । कवितालाई आकृति प्रदान गर्ने वा कविताको निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै यसका संरचक घटकहरू (तत्त्वहरू, अङ्गहरू, अवयवहरू, उपकरणहरू) भनिन्छ (लुइटेल, २०६२ : २१८) ।

कविता एउटा संरचना हो । कविताका विभिन्न तत्त्वहरू छन् । कतिपय तत्त्वहरू फरक फरक कविताका लागि त्यही अनुरूप कम बढी महत्त्वपूर्ण हुन्छन् । कविता के केबाट बनेको छ त्यसको पार्टपुर्जा वा कविता बन्नका लागि चाहिने चीजहरू नै कविताका संरचक घटकहरू हुन् । विभिन्न घटकहरूको मेलबाट नै साहित्यिक कृतिको निर्माण हुन जान्छ (खनाल, २०६६ : १०) ।

भावविधान (विविध सन्दर्भ र सामग्रीको भावात्मक परिणति), भाषा, रूप (विधागत संरचना, कथनपद्धति र बिम्बालङ्कार आदि) तथा लयगत वैशिष्टच । भावका कारकका रूपमा जीवन-जगत्का सन्दर्भ र सामग्रीले खेल्ने उपदानस्वरूप भूमिका पनि उल्लेखनीय छ र भावविधानका पनि विभिन्न प्रक्रियाहरू छन् । त्यस्तै मुक्तक र फुटकर कवितासम्म सूक्ष्मस्तरमा र खण्डकाव्य-महाकाव्यमा प्रशस्त मात्रामा प्रयोग हुनसक्ने आख्यान र नाटच तत्त्व पनि कविताका स्वसत्ताभित्र क्रियाशील घटक नै ठहर्छन् । यस परिप्रेक्ष्यमा कथानक, पात्रविधान, वातावरण, दृश्य, संवाद, मनोवाद आदि पनि कविताका सहकारी घटकका रूपमा रहन पुगेका छन् (त्रिपाठी, २०४६ : १७) ।

कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य-महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटकहरूका बारेमा विभिन्न विद्धानहरूको मतलाई सामान्यीकरण गरेर निम्नलिखित मुख्य पक्ष वा तत्त्वहरू निर्धारण गरिएको छ । (१) विषयवस्तु (२) लय (३) भाषाशैली (४) कथन पद्धति (५) विम्ब विधान र (६) अलङकार विधान । यी पक्षहरू परम्परा अनुस्यूत वा आबद्ध रहने गर्दछन् ।

### ५.१.१.१.१ विषयवस्तु

कवितामा प्रयुक्त जीवन जगत्को विषयलाई नै विषयवस्तु भनिन्छ । जीवन जगत्को समग्र विषयवस्तु र मानव चेतनाको यावत् अनुभवकुञ्ज कवितामा नअटाउने चाहिँ होइन र पूरै प्रकृति, मानवीय समाज र संस्कृति, पुरा कथा र इतिहास, दर्शन र ज्ञान विज्ञान आदिका साथै मानव मनको समस्त अनुभव-व्यापारको कथन कवितामा हुन सक्दछ । (त्रिपाठी, २०४६ : २०) ।

कुनै ग्रन्थ, लेख, काव्य रचना आदिका लागि छनोट गरिएको वस्तु चयनलाई नै मूल रूपमा कविताको विषयवस्तु भनिन्छ । यस्तो विषयवस्तु ब्रहमाण्ड भित्रको यावत् वस्तु, मानवीय स्वभाव, प्रवृत्ति, ज्ञानविज्ञानका विषयवस्तु, धर्म, संस्कार, संस्कृति, देश, समाज, राजनीतिक, बीज प्रकृतिसहित जीवन भोगाइ र हेराइका अनेक पक्षसँग सम्बद्ध हुने गर्दछ ।

### ५.१.१.१.२ लय

कविताको पहिचान नै लय हो । कवितालाई लयात्मक तत्त्वले साहित्यको अन्य विधाबाट अलग्याउँछ । जन्मैदेखि कविता लयात्मक विधा हो । यसलाई नैसर्गिक रूपले चिनाउन सकिन्छ । लयात्मक विशेष गद्य कवितामा अनियमित लय विधान हुन्छ । लयले पङ्क्तिलाई जमाउने अर्थात् सुगठित तुल्याउने कार्य गर्छ (त्रिपाठी, २०४६ : १८) । लयको प्रयोग भने पङ्क्तिका आरम्भमा, मध्यमा र अन्तमा जुनसुकै ठाउँमा प्रयोग गर्न सकिन्छ । त्यसैले कवितामा चुम्वकीय शक्ति बोकेको लयको आवश्यकता रहन्छ । यसरी कवितामा लय तत्त्वलाई तिरोहण वा निषेध गर्न नसकिने अपरिहार्य तत्त्वका रूपमा देख्न सकिन्छ ।

### ५.१.१.१.३ भाषा शैली

कविता श्रव्य कलाको रूप हो । कविता भाषाका माध्यमबाट अभिव्यक्त हुनाले यो भाषिक तत्त्व हो । भाषाको अभावमा कविता कलाको निर्माण हुँदैन । भाषा कविताको आधारभूत तत्त्व हो । कविताको तत्त्वमा आउने भाषा दैनिक बोलीचालीको भाषाभन्दा भिन्न किसिमको हुन्छ । कविताको भाषाको लागि विशिष्ट प्रकारको भाषा हुनुपर्छ (त्रिपाठी, २०४६ : १९) । कविताको भाषा ओजपूर्ण, आवेश प्रधान, ध्वन्यात्मक/व्यञ्जनात्मक, लयात्मक, अमूर्त, आलङ्कारिक, कोशेतर हुन्छ । कविताको भाषा विचलनयुक्त हुन्छ; अनेकार्थक हुन्छ ।

सबै तत्त्वहरू हुँदा-हुँदै पनि शैली अव्यवस्थित र नीरस भएमा सफल हुनसक्तैन । शैलीको परिचय भाषा प्रयोग, कथानकको गठन, चरित्र-चित्रण र विषयको शृङ्खलाबद्ध प्रस्तुतीकरणमा पाइन्छ । प्रत्येक लेखकको शैलीमा आफ्नो खास वैशिष्टय हुन्छ । यसरी शैली लेखकको व्यक्तित्वको परिचायक हुन्छ । यसैको भाषाको परिमार्जन गर्ने र त्यसमा सौन्दर्य र गरिमा ल्याउने चेष्टा हुन्छ (उपाध्याय, २०४४ : १७२) ।

### ५.१.१.१.४ कथनपद्धति

अभिव्यक्ति भनाइको वा कथनको रीति वा तरिका हो । कविताका सन्दर्भमा कथन पद्धति एउटा महत्त्वपूर्ण तत्त्वका रूपमा मानिन्छ र त्यो महत्त्वपूर्ण तत्त्व किन हुन्छ भने कविता स्वयं रमणीय अर्थ प्रतिपादन गर्ने विशिष्ट किसिमको कथन कला मानिन्छ । विशेष किसिमको भनाइ कथन कला हो भने स्वाभाविक रूपमा कवितामा कथनपद्धतिको भूमिका महत्त्वपूर्ण हुन्छ (त्रिपाठी, २०४६ : १९) । त्यसैले यसलाई कविताको महत्त्वपूर्ण घटक मान्न सकिन्छ । कवि आफैं सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हुन्छ । यदि कवितामा कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो अर्को कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धति हो ।

### ५.१.१.१.५ बिम्बविधान

कुनै कृतिमा मुख्य कथ्य अर्थको प्रतिञ्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो । जीवन जगत्का विविध सन्दर्भ र सामग्रीबाट बिम्बविधान हुन सक्छ र अर्थालङ्कारहरू बिम्बविधानकै उपक्रम हुन् । यी बिम्बहरू कविताका पनि भाव परिपोषक तथा भाव व्यञ्जक तत्त्वसमेत हुन् । कुनै बिम्ब पूरै कविता व्यापी बृहत् बिम्ब पनि हुने गर्दछन् र यी व्यञ्जनाधर्मी हुन्छन् (त्रिपाठी, २०४६ : २०) । कविता कृतिका ठाउँ-ठाउँमा आउने स्थानीय बिम्ब भने कृतिको त्यस अंशकै सौन्दर्य सम्बर्धक हुन्छन् ।

### ५.१.१.१.६ अलङ्कार विधान

अलङ्कारको प्रयोग पूर्वीय तथा पाश्चात्य साहित्यमा प्रारम्भदेखि नै हुँदै आएको छ र यसको व्याख्या तथा विश्लेषण पनि हुँदै आएको देखिन्छ । पूर्वीय आचार्य भामहले यसलाई काव्यको आत्मा स्वीकारेर यसको महत्त्व झनै बढाइदिए भने काव्यको आत्मा नमान्ने

भामहभन्दा पछिका कतिपय आचार्यले पनि साहित्यको आवश्यक तत्त्वका रूपमा यसलाई स्वीकार्ने काम गरे । पश्चिमी जगत्मा पनि कविताका लागि अलङ्कारको आवश्यकता स्वीकारिदैं आएको छ (बराल, २०६० : ४५) ।

काव्यमा आउने अलङ्कारहरूले काव्यलाई सुन्दर बनाएका हुन्छन् । काव्यको गहना अलङ्कार हो । काव्यको गहना मानिने अलङ्कारले काव्य सौन्दर्यलाई बढाएको हुन्छ । काव्यमा शिल्पको संरचना, सांगीतिकता एवं लयात्मकताका आधारमा अलङ्कारको महत्त्व र उपयोगिता विशिष्ट देखा पर्छ । अलङ्कार काव्यको आभूषण तत्त्व हो । अलङ्कार शब्द अर्थगत भए पनि काव्यको मूलमर्म चाहिँ अर्थालङ्कारसँग गाँसिएको हुन्छ । अर्थालङ्कारलाई बिम्ब-विधानको उपक्रमका रूपमा समेत लिने गरिन्छ (त्रिपाठी, २०४६ : २०) ।

अर्थालङ्कारले काव्यको आन्तरिक रूपलाई सबल बनाउनका अतिरिक्त काव्यलाई लालित्यमय र सौन्दर्यपूर्ण समेत बनाउँछ । कृतिको कथानकसँग आउने भावलाई गूढ र गम्भीर बनाउन अलङ्कारले महत्त्वपूर्ण भूमिका खेल्दछ । यस सन्दर्भमा के भन्नु उपयुक्त हन्छ भने समयअनुसार धेरथोर महत्त्व दिइए पनि प्रारम्भदेखि अहिलेसम्म नै अलङ्कारलाई काव्यमा शोभाकारक तत्त्वका रूपमा भने स्वीकार गरिँदै छ ।

## ५.२ ढकालका कविताहरूको अध्ययन र विश्लेषण

### विषय प्रवेश

गौरीनाथ उपमन्यु ढकालले साहित्यिक यात्राको सुरुआत कविताबाट गरेका हुन् । कविताबाट साहित्यिक यात्रा सुरु गरेर कविता विधालाई नै साहित्यको मुख्य अंश मानेका छन् । आधुनिक कालमा आएर गौरीनाथ उपमन्यु ढकालले कविता लेख्ने प्रयास गरेका हुन् । उनले थुप्रै कविताहरू लेखेर आफ्नो कवि व्यक्तित्वको परिचय दिएका छन् । सबै कविताहरू एकै स्तरका र एउटै वादमा केन्द्रित छैनन् । उनका कविताहरूलाई कविता सिद्धान्तका आधारमा अध्ययन र विश्लेषण गरिएको छ ।

विद्यालयमा पढ्दा सानै उमेरदेखि नै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका गौरीनाथ उपमन्यु ढकालको पहिलो प्रकाशित रचना **बन पालेकी बाला** कविता हो । यो कविता वि.सं. २०२४ सालमा **उन्मेष** पत्रिकामा प्रकाशित भएको हो । यसै समयमा **विवेक विन्दु** पत्रिकामा **आत्मानुभूति एक चेतना** कविता पनि प्रकाशित भएको पाइन्छ । त्यसपछि यिनका थुप्रै फुटकर कविता र निबन्धहरू प्रकाशित भइसकेका छन् । वि.सं. २०५६ सालदेखि उनका कविताहरू पुस्तकाकार रूपमा छापिन वा प्रकाशित हुन थालेका हुन् । त्यसैले २०५६ सालमा छापिएको **सगुन** कविता कृति नै पहिलो पुस्तकाकार कृति हो । त्यस्तै २०६७ सालमा छापिएको **मोहिनी** उनको दोस्रो कृति हो ।

उनको पहिलो कविता सङ्ग्रह **सगुन** (२०५६) विचार प्रधान, सूक्तिमय काव्य हो । नेपाली काव्य साहित्यमा **सगुन** नयाँ पाराको विचार काव्य हो । यस काव्यमा श्रद्धासुमन, प्रार्थना लगायत १० वटा प्रयासहरू सङकलित छन् । प्रत्येक प्रयासमा अनुष्टुप् छन्दका शताधिक श्लोक छन् । यी श्लोकको प्रायः परस्पर सम्बन्ध छैन र आफैंमा एकभाव प्रस्तुत गर्छन् र पूर्ण बन्छन् । यसमा कथा शृङ्खला छैन, नायक नायिका र पात्रहरू छैनन् तैपनि काव्य शिक्षाप्रद छ । मुक्तक काव्यका पङ्क्तिमा यसको स्थान सुरक्षित छ । कवितामा उपमा र दृष्टान्तको राम्रो प्रयोग छ । सामाजिक अनुभूतिको कलात्मक उपयोग छ । नैतिक सन्देशका संवाहक अभिव्यक्ति चाखिला छन् । आफ्नो अध्ययन र अनुभूतिलाई आधिकारिक रूपमा व्यक्त गर्न काव्यकार सफल छन् ।

सगुन काव्यमा **सगुनभित्र** शीर्षकमा आफ्नो विचार प्रस्तुत गर्ने प्रा. सीताराम अधिकारीले सगुनको विभिन्न परिवेशमा विभिन्न अर्थ लाग्न सक्ने कुरा औल्याएका छन् । तर कविले सगुनलाई मानव समाजको विभिन्न प्रवृत्तिको चित्रण गर्ने माध्यम बनाएका छन् । वास्तवमा सगुन भनेर कविले आत्माबाट पलाएका भावविन्दुलाई मानेका छन् र उनले भनेका छन् **यो हो सगुन आत्माको विचार फूलको रस** । सगुन काव्य पढ्दा कविको यो कलम यथार्थमा समयोचित नै भएको मानिन्छ । विचाररूपी फूलको रस भनेर कविले आफ्ना कविताका पङ्क्तिहरुलाई पाठकसामु राखेर अध्ययनको विषयवस्तु बनाउन खोजेका छन् । कविको यो प्रयास औचित्यपूर्ण नै लाग्छ । यस कारण भूमिकामा प्रा. घटराज भट्टराईले सगुन विचार

काव्यलाई नीति दर्पण बनोस् भनेर भूमिकाको अन्त्यमा अनुष्टुप छन्दमा उल्लेख गरेको पाइन्छ। नीति भन्ने कुरा निश्चयन नै विचार र व्यवहार परक नै हुन्छ।

कविले सगुनलाई एउटा कृतिको रूपमा प्रयोग गरेका छन्। भाषा सरल छ, लेख्य भाषामा कथ्य भाषाको स्पर्शले सगुनमा सरलता र मधुरता दिएको छ। सिर्जनशील त छ नै तर कविले आफ्नो जीवनको अनुभूति र अनुभवलाई ज्यादै सरस र सरल ढङ्गले अभिव्यक्त गरेका छन्। यथार्थमा भन्ने हो भने मान्छेको जीवनक्षितिज सगुनभित्र समेटिएको छ। गीतामा उद्योग, कृषि, धर्म, राजनीति आदि महत्त्वपूर्ण कुराको व्याख्या भएको छ। कविले पनि सगुनमा मान्छेको दुर्गुण, सद्गुणदेखि लिएर साहित्य, कला, संगीत, राजनीति आदि अभिव्यक्त गरेका छन्। थुप्रै विचारहरूको संकलित रूप नै सगुन हुन पुगेको छ।

उनको दोस्रो कविता सङ्ग्रह **मोहिनी** (२०६७) लघुकाव्य हो। यसमा आख्यान छ। यो पौराणिक कथावस्तुमा आधारित छ। यसमा कथावस्तुको शृङ्खला छ। यसमा नायकको अभाव छ। नायिकाको भूमिका मोहिनीले गरेकी छन्। अति राम्री, सुन्दरी, रूपवती नारीलाई मोहिनी भनिन्छ। कविले काव्यको शीर्षक मोहिनी राखे पनि परी भनेर काव्यमा उल्लेख गरिएको छ।

कविले यस **मोहिनी** लघुकाव्यमा मुनामदनमा प्रयोग गरिएको झ्याउरे लय वा छन्द प्रयोग गरेका छन्। कविले प्रस्तुत काव्यमा उपमा, रूपक आदि अलङ्कार प्रयोग कुशलतापूर्वक गरेका छन्। वीर, शृगार, करुण रसहरूको काव्यमा बाहुल्यता पाइन्छ। काव्य साधारण पाठकले पौराणिक विषयवस्तु थाहा नपाउँदा पनि आफ्नै किसिमले बुझ्न सक्छन्। पौराणिक कथावस्तु थाहा हुने पाठक वर्गलाई यो काव्य बुझ्न निकै सजिलो छ।

पौराणिक कथावस्तुमा आधारित भए पनि काव्यको विषयवस्तु वर्तमान विश्वका कतिपय देशको सत्ता प्राप्तिका लागि लड्ने, मार्ने, सोझा नागरिकलाई शोषण गर्ने, महिला तथा बालबालिकालाई अपहरण गरी बलात्कार गर्ने जस्ता क्रियाकलापमा संलग्न व्यक्ति तथा समूहलाई कविले बिम्वात्मक रूपमा प्रस्तुत गरेका छन्। काव्यमा पात्रको रूपमा नाम उल्लेख

नभएका चरित्र विशेषको पनि यस काव्यमा ठाउँ ठाउँमा अभिव्यक्ति प्रकट हुन्छ । त्यस्ता पात्रहरू नै यस काव्य भित्रका अदृश्य पात्रहरू हुन् । काव्यमा बल, खल र परीका अतिरिक्त अन्य दृश्य, अदृश्य पात्रहरू पनि छन् । वर्तमान समाजमा बलले मिचेर मानव समाजलाई आफ्नो कब्जामा राख्न खोज्ने त्यस्ता चरित्रलाई यस काव्यमा बल र खलका रूपमा प्रस्तुत गरिएको पाइन्छ । परीलाई अप्सराको रूपमा प्रस्तुत गरिएको छ । जो तिलोत्तमा नै हो । त्यस्तै अध्यायभित्र विभिन्न दृश्य पनि उद्घाटित गरिएका छन् ।

ढकालले अन्य साहित्यिक विधामा त्यति कलम चलाएका छैनन् । उनले मुख्य रूपमा कविता विधामा मात्र कलम चलाएको देखिन्छ । त्यसैले कविताको विश्लेषण कविता तत्त्वहरूलाई आधार मानेर गर्ने जमर्को गरिएको छ ।

### ५.२.१ विषयवस्तु

कवि गौरीनाथ उपमन्यु ढकालले समाज, राजनीति, नैतिकता, चारित्रिक शुद्धता, पारिवारिक प्रेम वा सद्भाव, मानवता जस्ता हरेक विषयलाई कविताको विषयवस्तु बनाएका छन् । उनका दुई वटा कृतिमध्ये पहिलो कविता सङ्ग्रह **सगुन** हो । यस कविता सङ्ग्रहमा श्रद्धासुमन, प्रार्थना लगायत दस वटा प्रयासहरू सङ्कलित छन् । श्रद्धासुमन कवितामा कविले मनभित्र पलाएका विचारहरूलाई प्रस्टसँग अभिव्यक्त गरेका छन् । आफ्ना मित्रहरूले गरेको सहयोग उनको लागि अगाडि बढ्ने माध्यम बनेको छ भन्दै आफ्ना मित्रजनहरूप्रति स्नेह भाव प्रकट गरेका छन् ।

सगुन विचार काव्यका भूमिकाकार प्रा. घटराज भट्टराईलाई लेखकले आफ्नो स्नेह भावले गर्दा परमहितैसीको रूपमा र विशेष व्यक्तिका रूपमा स्वीकार गरेको पाइन्छ । यसर्थः कहिल्यै पनि आफू मित्रसंगति भुल्न नसक्ने विचार कवि प्रकट गर्छन् । यस किसिमबाट कविको आफ्ना आदरणीयप्रति विशेष शिष्टता अभिव्यक्त भएको पाइन्छ । वास्तवमा यो सभ्यताको एक परिचायक पनि हो ।

मेरो आग्रह स्वीकार गरी श्री घटराजले
भूमिका लेखी तत्काल दिनु भो  स्नेहभावले

मित्र मेरा हितैषीको गुन बिर्सिन सक्तिनँ
यै हो प्रणयको धर्म मित्रसंगति भुल्दिनँ

- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, श्रद्धासुमन

सगुनमा सङ्कलित अर्को कविता प्रार्थना हो । यस कवितामा कविले आफ्नो जन्म दिने आमाप्रति आफ्नो शिर झुकाएर प्रार्थना गरेका छन् । आफ्नो प्रगतिको लागि आशीर्वाद दिन पनि आग्रह गरेका छन् ।

काव्य लेखनका क्रममा कविले आफ्नी जननीप्रति विशेष आभार प्रकट गरेको पाइन्छ । कविले आमालाई आफ्ना प्रत्येक प्रयासका विन्दुविन्दुमा प्रकट होऊ भनेर आग्रह गरेका छन् । वास्तवमा कविको लागि आमाको यही सद्भाव नै सिन्धु (समुद्र) सम्म पुग्न सक्ने आधार हुन सक्छ भनेर आफ्नो जननीलाई श्रर्दावस अर्चना गर्न कवि आफ्नो शिर झुकाउँछन् । नित्यप्रातमा उठी जननीको पाउमा शिर राख्छन् । यो पनि हाम्रो सनातन परम्परामा सन्तानले आफ्ना माता पिताप्रति गर्ने आदार भावको एक नमूना मान्न सकिन्छ ।

आमा प्रकट हौ मेरा प्रयास बिन्दु बिन्दुमा
तिम्रो सद्भाव पाएर पुग्न सक्छु म सिन्धुमा

अर्चना गर्न श्रद्धाले नित्य माथ झुकाउँछु
सधैं प्रातः उठी तिम्रो पाउमा शिर धर्दछु

- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, प्रार्थना

ढकालका उक्त सङ्ग्रहमा सङ्कलित अन्य कविताको पहिलो प्रयासमा आफ्ना पाठक समक्ष आफ्नो प्रयास अर्पण गरेको कुरा व्यक्त गरिएको छ ।

कवि ढकालले सगुन विचार काव्यमा पाठक वृन्दमा धेरै किसिमका विचारका फूल टिपेर अर्पण गरेको कुरा काव्यको अगाडि नै प्रस्तुत गरेका छन् र उनले भनेका छन् यो मेरो सानो प्रयास हो । कविले सानो प्रयास भने पनि शताधिक अनुष्टुप छन्दका श्लोकले गर्दा सानो प्रयास भनेर स्वीकार गर्न सकिदैंन । यो कविको नम्रताको परिचायकका रूपमा मात्र लिन सकिन्छ ।

नाना विचारका फूल टिपी पाठक वृन्दमा
गर्छु अर्पण यो सानो प्रयास पहिलो यहाँ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १

कविले मानिस धनी भए पनि मनमा शान्ति छैन भने खुशी हुन सक्दैन जति पाप गरेर सम्पत्ति कमाए पनि पाप कहिल्यै लुक्दैन । जे जसरी पैसा कमाएर सुखी हुन सके पनि विद्या भएको मानिस मात्र अस्तित्ववान् हुन्छ । भाग्य भनेको आफैं आउने होइन मान्छेले बनाउनु पर्छ । परिश्रम गरेर मान्छे अगाडि बढ्न सक्छ । धनी मान्छे नीच हुन्छ । विद्यावारिधि पाएका नरनारी सधैं चेतनशील हुन्छन् । यस प्रयासमा धनीलाई होइन विद्यालाई ठूलो ठानिएको छ ।

मानव समाजमा धनका बलले प्रायः सुख मिल्छ भन्ने धारणा रहेको पाइन्छ र धन कमाउन अहोरात मरिमेटेको पनि पाइन्छ । तर उनै व्यक्ति सुखी भएको देखिदैन । प्रशस्त धन भएर पनि चिन्तामग्न भएको देखिन्छ । पिरैपिरले गर्दा कहिल्यै सन्तोष लिएर बाँच्न सकेको देखिदैन । यस कारण भन्न सकिन्छ धनको बलले मात्र सबै सुख प्राप्त हुन्छन् भन्न सकिदैन । जबसम्म मानवले आफ्नो मनमा सन्तोष गरेर स्थिर हुन सक्दैन तबसम्म पूर्ण रूपमा मानव सुखी हुन सक्दैन । यसर्थ **सन्तोषम् परम् सुखम्** भनेर प्राचिनकालमा विद्वान जनहरूले उखान बनाएको पाइन्छ ।

धनका साथमा हुन्छन् सुख प्रायः भए जति
सुखले पनि मिल्दैन सन्तोष मनमा रति
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १

वर्तमान परिवेशमा मानव समाजमा विशेष विद्वान व्यक्तिहरू लोभवस ठुलावडाका घरमा धाउने गरेको देखिन्छ । कमजोर व्यक्तिले धनीका घरमा गएर केही पाउने आशा गर्नु अस्वाभाविक हुँदैन । तर हाम्रो समाजमा विद्यावारिधी (पि.एच.डी.) गरेका विशिष्ट व्यक्तिहरूले पनि धाउने क्रम बढेको देख्दा कवि त्यस्ता व्यक्ति विशेषलाई कहिल्यै पनि यस किसिमको नीच वृति नगर्न आग्रह गर्छन् ।

विद्यावारिधि पाएका नारीपुरुष लोभले
धनीका घरमा कैल्यै नजाऊन् नीच वृत्तिले
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ७

यसै गरी दोस्रो प्रयासमा कविले कसैको माया पाउनलाई आफूले पनि माया दिन जान्नु पर्छ भन्दै राजनीतिमा लागेकालाई र नेता बनेर कुर्सीको लागि मरिमेट्नेहरूको लागि व्यङ्ग्य गरेका छन् । परिश्रम गरेर कमाउनु पर्छ । चोरी डकैती गर्नु हुँदैन भन्ने कुरा पनि यस कवितामा दिइएको छ । विद्याले मान्छेको अभिमान बढ्छ भने विद्या विना मानिस पशुतुल्य हुन्छ भन्ने कुरा व्यङ्ग्यात्मक पाराले अभिव्यक्त गरेका छन् । कविले अनेकौं विषयवस्तुलाई कवितामा प्रस्तुत गरेका कारण एउटै विषयलाई मुख्य रूपमा देखाउन सकिएको छैन । यस कवितामा कविले विवेकशून्य मानिसले आफ्नो सत्य कुरा बिर्सन्छ र धनी मानिसमा अहम् भाव बढी हुन्छ भन्दै सत्यवादी बन्न आग्रह गरेका छन् ।

मानवको प्रवृत्ति अत्यन्त स्वार्थपरक भएको पाइन्छ । ऊ विचार गर्छ मलाई अर्काले माया गरोस्, आदार गरोस्, मानोस् । यो किसिमको मनोविज्ञान लिएर बस्ने व्यक्ति अर्कालाई माया गर्दैन, आदार गर्दैन, यो किसिमको मानव स्वभाव देखिन्छ । यस्तो किसिमको स्वभावले

कुनै पनि व्यक्तिले अरूबाट माया पाउन सक्दैन । जसले अर्कालाई माया गर्छ, आदार भाव राख्छ उसले मात्रै अरू व्यक्तिको माया पाउन सक्छ । तर यस्ता मानव धर्तीमा कमै पाइन्छन् । हाम्रो चाहना हुन्छ धर्तीमा यस्ता एकतर्फी माया खोज्ने व्यक्ति नजन्मिउन ।

माया पाउन खोज्नेले माया गर्नू बराबर
पाइँदैन कुनै वस्तु विना मूल्य सधैंभर
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ८

मानव समाजमा व्यवस्था मिलाउन राजनीतिको अग्र भूमिका हुन्छ । इतिहासको अध्ययन गर्दा मानव व्यवस्था मिलाउन खोज्ने व्यक्तिहरूले प्रायः कुटजाल बुनेको देखिन्छ । धुर्त चरित्र प्रस्तुत गरेको देखिन्छ । यस किसिमको खेल खेल्न सिपालु व्यक्ति शासनको टुप्पामा पुगेर वीर अर्थात् बहादुर कहलाउन सक्छ ।

कुटजाल बुनी धूर्त खेल खेल्न सिपालुले
गर्छ शासन टुप्पामा पुगी वीर मनुष्यले
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १०

मानव जगतमा विद्या हासिल गर्नु नराम्रो मानिदैन । तर अत्यन्त विद्वान भएर व्यक्ति अभिमानी बन्दछ भने उसले पढेको, ऊ विद्वान भएको कुनै अर्थ रहँदैन । विद्याले त व्यक्तिलाई फलेको वृक्षको हाँगो जस्तो बनाउनु पर्छ भन्ने सामान्य व्यक्तिको पनि सोचाई भएको पाइन्छ । तर वर्तमान परिवेशमा विशेष विद्ता हाँसिल गरेका व्यक्तिहरु अभिमानको सगरमाथा चुम्न पुगेको देखिन्छ । यस्ता व्यक्ति विशेषलाई कवि ढकालले समाजमा खेर गएको, काम नलाग्ने भएको वस्तु सरह मानेको पाइन्छ ।

विद्याको भारले कोही अभिमान बढाउँछ
यस्तो व्यक्ति गयो खेर भने पनि सुहाउँछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित), पृष्ठ ११

यसै गरी तेस्रो प्रयासमा कवि ढकालले मुख्य रूपमा समाजको चित्रण गरेका छन् । समाजमा रहने मानिसहरूको आचारण सम्बन्धी कुरालाई यस कवितामा वकालत गरेका छन् । समाजमा जो मानिस छोटो विचार लिएर हिँड्छ ऊ सधैं समाजमा अपहेलित बन्छ भन्ने कुरा यसमा देखिन्छ । ठूला वडाको डर त्रासले सानातिना मान्छेको आवाज हराउँछ, दबिन्छ । यस सन्दर्भमा कविले इतिहासमा सुन पनि फलाममा बदलिएको दृष्टान्त व्यक्त गरेका छन् । समाजमा चोरी गरेर हिँड्ने र कुकर्म गर्दै हिँड्ने मान्छेलाई त्यस्तो बाटोमा हिँड्न नहुने कुरा विभिन्न उदाहरण दिएर स्पष्ट पारेका छन् । उनले जुवा तास खेलेर आफ्नो इज्जत नफाल, कर्म गरेर दिन बिताऊ भन्दै निष्क्रिय जिन्दगीले कहिल्यै पनि मन शान्त हुँदैन । क्रियाशील हुनु उत्तम काम हो भनेका छन् । पाप कहिल्यै नगर्नु, बुद्धि विवेक प्रयोग गर्नु र अहंकारलाई पाखा लगाउनु, अन्याय नगर्नु, आफन्तलाई काखा र अन्यलाई पाखा नगर्नु, बाठो छु भन्दै नहिँड्नु, बुद्धि विवेकले काम गर्नुपर्छ भन्दै राम्रो बाटोमा हिँड्न सुझाव दिएका छन् ।

वर्तमान मानव समाजमा **अल्पविद्या भयङकरी** भन्ने उखान चरिचार्थ भएको पाइन्छ । यस्ता व्यक्तिहरू अर्काले तपाई नभने पनि आफै मपाई हुन खोज्छन् । छोटो व्यवहार देखाउँछन् । यस किसिमका व्यक्तिहरूले समाजमा सोझा, निमुखा जनहरूलाई नचाहिँदो फाइँफुट्टी लगाएर अर्थात् भए नभएको गफ लडाएर ठग्ने काम गर्छन् र मोज मस्तीमा रमाउँछन् । यसरी अध्ययन गर्दा हाम्रो समाजमा अल्पविद्या भयङकरी हुनेहरूले समाजका सिदासादा परिवारलाई बेसरी ठगिरहेको देखिन्छ । यतापट्टि कवि ढकालको दृष्टि राम्ररी पुगेको पाइन्छ ।

छोटा विचारको मान्छे मपाइँ हुन खोज्दछ
फाइँफुट्टी लगाएर सोझा मानिस ठग्दछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १४

समाजमा सामान्य मानिसको बोली प्रकट हुन सक्दैन । प्रकट हुन नसक्नुको कारण समाजमा रहेका बलवान् व्यक्तिहरूको डर नै हो । यसरी मानिस भित्रको विचार डरको असरले बाहिर आउन सक्दैन । यो स्थिति प्रायः हरेक समाजमा देखिन्छ । यस भनाईलाई कवि ढकालले उपमा अलङ्कार मिलाएर अत्यन्त मिठो किसिमले प्रस्तुत गरेको देखिन्छ । जुन किसिमले बलका डरले साना मानिसको बोली हराउँछ त्यस किसिमले कहिले काँही विशेष परिस्थितिमा सुन जस्तो असल धातु पनि तुच्छ फलाम जस्तो धातुका रूपमा परिचित हुन बाध्य हुन्छ । वास्तवमा सुन सुनै हो । तर कुनै विशेष डरको कारणले छद्मम् भेषमा भए पनि सुन फलाम कहलाउन बाध्य हुन्छ । अर्थात् उसको वास्तविक पहिचान हराउँछ । यस्तो स्थिति मानव समाजमा यदाकदा देखिन्छ ।

साना मानिसको बोली बलका डरले गरी
बिलाउँछ यहाँ हेर सुन लोहा बने सरि
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १६

मानव चेतनाले गर्दा मानिस पशुभन्दा उपल्लो दर्जाको देखिन्छ । यस्तो मानव दुर्वदीले गर्दा जुवा जस्तो खराब खेलमा लाग्छ र आफ्नो सबै सुख सुविधा गुमाउँछ । आज भन्दा पाँच हजार वर्ष अगाडिको इतिहास हेर्ने हो भने घटना प्रत्यक्ष देखिन्छ र दुर्वदीले गर्दा असल परिवार बनबासको दुःख र पीडा भोग्न विवश भएको पाइन्छ । यस्तो जान्दा जान्दै कुकर्मीको आव्हानमा सरिक भएर जुवा खेल्न काँधमा काँध मिलाउँछन् तत्कालीन सन्त महापुरूष युधिरष्ठिर । आफ्नो अगाडि आफूलाई जोत्न भनेर हलो तान्न भनेर तयार भएको मानवको अगाडि गौमाताको सुपुत्र आफ्नो काँधमा जुवा राख्न खुसी साथ दिन्छ र हलो तान्न विवश हुन्छ जसरी युधिरष्ठिरको परिवारले बनाबासको दुःख भोग्न विवश भए । यस किसिमबाट हेर्दा पशु र मान्छेमा भिन्नता नभएको देखिन्छ । समानता भएको पाइन्छ । यो भन्दा व्यङ्ग्य मानव समाजमा अरू के हुन सक्छ ?

जूवा खराब हो भन्ने तर काँध मिलाउने
पशु मानिस एकै हुन् विचरा ! यी दुवै रुने
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १६

कविले चौथो प्रयासमा द्वन्द्वको बाटो कसैले नअङ्गाल्नू । आफ्नो कार्य गर्ने हतियार आफ्ना बलिया हात पाखुरा बनून् भन्दै कर्म आफैंले तय गर्नुपर्छ भन्ने कुरा अगाडि सारेका छन् । मेहनत गरेर पसिना बगाउनु पर्छ तबमात्र प्रगतिको बाटो पहिल्याउन सकिन्छ भन्ने कुरालाई पनि यहाँ व्यक्त गरिएको छ । नामर्दले मर्दको पसिना खाई धाक लगाउने कुरामा कवि विरोध जनाउँछन् र भन्छन् यस्ता विकृति हट्नु पर्छ र अनुशासनमा बसेर ज्ञानको ज्योति फैलाउनु पर्छ । मान्छे कुबाटोतिर लागेर शक्तिको प्रदर्शन गर्दछ । त्यो काम कुबुद्धिको परिणाम हो भन्दै समाजमा रहेका शक्तिमान् र धनी व्यक्तिले सोझा र निमुखा व्यक्तिहरूलाई नहेप्न आग्रह गरेका छन् । किनकि सोझा र निमुखा जनताहरूको पनि जीवन हुन्छ । तिनीहरूको पनि समाजमा इज्जतका साथ बाँच्ने अधिकार छ भन्दै आफ्ना कुराहरू अगाडि सारेका छन् ।

प्रायः मानवलाई सौभाग्यको रूपमा बलिया हात पाखुरा विधाताले दिएका छन् । आफ्नै पाखुराको बलले व्यक्ति बलियो कमाई गर्न सक्छ । सुख सुविधा भोगेर बाँच्न सक्छ भनेर नै मानवलाई हतियारका रूपमा बलिया हात पाखुरा मिलेका हुन् । यस किसिमबाट हेर्दा भाग्यशाली मान्छेका निमित्त सौभाग्यको लागि अरू कुनै चिज खोज्नु पर्दैन केवल चाहिन्छ जाँगर । गरौं भन्ने भावना भयो भने मान्छेबाट क्रियाशील रूपमा काम पनि भयो भने भाग्य चम्किन्छ भन्ने धारणाले कवि ढकालले अब आउने नयाँ पुस्ताका साना बालकहरूले पनि शिक्षा लिन सकुन्, भाग्यशाली बन्न सकुन भन्दै आगामी पुस्ताको लागि भाग्य भनेको बलिया हात पाखुरा नै हुन भनेर प्रेरणा दिन खोजेको देखिन्छ ।

हतियार बनून् हाम्रा बलिया हातपाखुरा
बनाउन सकून् भाग्य आफैं बालक आँकुरा
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २२

मानव इतिहास पढ्यो भने एउटाले कमाउने, अर्काले खाने, मोज गर्ने गरेको देखिन्छ । यस्तो सामाजिक अवस्थालाई सामन्ती युग भनिन्छ । सामन्ती युगको बेला मर्दको पसिना खाएर अर्थात् श्रमिकजनलाई शोषण गरेर धाक लगाउने नार्मदा किसिमका समाजमा सामन्त व्यक्तिहरू थिए । उनीहरू कसरी धर्तीबाट अन्न फल्छ, भकारी भरिन्छ भन्ने जान्दैनथे । जसले जान्दथे उनीहरूले पेटभरि खान पाउँदैन थिए । यस किसिमको परिस्थितिको चित्रण यहाँ भएको पाइन्छ । अर्कालाई सताएर अर्काको पसिना लुटेर महलमा वास गर्नेहरूले दिनानुदिन लोकलाई सताई रहेको पाइन्छ । यो वर्तमान मानव जगत्को कटु यथार्थ हो ।

मर्दको पसिना खाई नामर्द धाक लाउँछ
ठूला महलमा बास गरी लोक - सताउँछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २३

मानवलाई धन व्यवहारको लागि अत्यावश्यक हुन्छ । तर धनका बलले गर्दा व्यक्ति मानव समाजमा सधैं अन्याय, अत्याचार गर्न अगाडि सर्छ । यो किसिमको परिस्थिति हिजो थियो आज पनि छ । यो स्थिति सदाको लागि हराएर जान समाजका व्यक्तिमा विवेक हुनु आवश्यक हुन्छ । तर धनीका मनमा भने विवेकको अभाव देखिन्छ । यस्ले गर्दा अधिकांश मानव परिवार पीडित भएको पाइन्छ । यही वास्तविकतालाई कविले यहाँ औल्याएका छन् ।

धनका बलले गर्छ अन्याय धनवान् सधैं
विवेक हुन्न बिचरा ! धनीको मनमा कुनै
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २८

यसरी नै पाँचौ प्रयासमा कविले रिस नै सबको शत्रु हो । कसैसँग रिसाउन नहुने र कसैलाई पनि गाली गर्न नहुने कुरा बताएका छन् । रिसले आफ्नो प्रसन्नतालाई नै भताभुङ्ग पारिदिन्छ । रिसको आवेगमा आएर मदिरापान गर्नु हुँदैन । यसले मान्छेको जीवनलाई नै बर्वाद

गर्छ भन्ने कुरा यस कवितामा विषयवस्तुको रूपमा आएको छ । कसैले पनि रिसको आवेगमा आएर आत्महत्या गर्न नहुने र मनलाई असल काममा मात्र लगाउनु पर्ने कुरालाई यस कवितामा उल्लेख गरेका छन् । देश विकासको लागि कर तिर्नु पर्ने र कर छल्ने काम अपराध हो भन्दै कसैले पनि आपराधिक कार्य गर्न नहुने कुरा व्यक्त गरेका छन् । कविले धर्म गर्नुपर्छ, पापलाई पाखा लगाउनु पर्छ । धनीका घरमा पाप रहेको हुन्छ । त्यसैले आफ्नो घरमा पापरूपी धन नभए पनि हुन्छ भनेका छन् । दाइजोको विरोधी कवि दाइजोबाट ल्याएको धनले नामर्द मात्र रमाउँछ भनेका छन् र ठगी गर्नु महापाप हो भन्ने अभिव्यक्ति कविले दिएका छन् ।

मानव किन विग्रन्छ र किन सप्रिन्छ भन्ने चर्चा गर्दा मूल कारण रिसाउनु र नरिसाउनु नै हो भन्ने देखिन्छ । रिसले मान्छे पोखिन्छ, आफ्नो भाग्य गुमाउँछ । यसैले भन्ने गरेको पाइन्छ अभागीलाई खाने बोलामा रीस उठ्छ । रीस उठेन भने व्यक्ति रिसाएन भने शान्त स्वभावमा रहन सक्यो भने उसको भाग्य उदाउँछ । यस कारण असल मान्छेले असल व्यक्ति बन्न सधैं प्रसन्न चित्त बनाइ राख्नु पर्छ । जसले गर्दा व्यक्तिले सुबाटो चिन्न सक्दछ । सुमार्गमा लाग्न सक्दछ भन्ने विज्ञानका आधारमा कवि यहाँ रीस छोड, प्रसन्न चित्रवान बन भनेर समाजका हरेक व्यक्तिलाई सुमार्ग देखाउन दत्तचित्त भएको देखिन्छ ।

रिस हो पोखिने बाटो विवेकी जान्न सक्तछ
प्रसन्न चित्त हो हाम्रो सुबाटो चिन्नु पर्दछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ २९

मानव समाजमा दुई किसिमका व्यक्ति देखिन्छन् । एक असल अर्को खराब । असल व्यक्तिले कहिल्यै पनि राज्यलाई ठग्न चाहँदैन । आफ्नो राज्यको वा माटाको भक्तिमा ऊ निरन्तर लागिरहन्छ र राज्यले नियम अनुसार उठाउने गरेको कर तिर्छ, इमान्छर बन्छ तर अर्का थरी अनेक किसिमले कर छल्ने प्रयास गर्छ । यसरी अध्ययन गर्दा कुनै पनि राज्यमा कपुत र सपुत हुन्छन् भन्ने देखिन्छ । असल खराब भनेका यिनै दुई किसिमका मानिस हुन भनेर कविले प्रस्तुत अंश स्पष्ट पार्न खोजेको देखिन्छ ।

माटाको भक्तिले आफैं कर तिर्ने सपूत हुन्
कर छल्ने गरी काम कपूतहरू बस्दछन्
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ३२

हाम्रो समाजमा व्यापक रूपमा विकृति देखिन्छ । मौका पऱ्यो भने व्यक्ति अर्कालाई सताउन बारम्बार अगाडि सर्छ । अर्काको धनको लोभ गर्छ । यस किसिमको मनस्थितिले गर्दा जीवन साथी अपनाउने क्रममा धेरै दाइजो पायो भने मुर्ख व्यक्ति रमाउँछ । वास्तवमा असल जीवन साथी पाएर रमाउनु पर्नेमा धेरै धन पाएर विवाहका प्रसङ्गमा व्यक्ति रमाउँछ भने त्यो मुर्ख ठहरिन्छ । तर जो मुर्ख छैन अर्काको धनको लोभ गर्दैन मर्दले आफै कमाएर आफ्नी जीवन साथीलाई अर्थात् बधुलाई गहनापातले राम्रा कपडाले सिगार्नु पर्छ भन्ने बृद्धि गरेर अर्काको धनको लोभ नगरी बाँच्न जान्दछ । यस्ता व्यक्ति विशेषलाई कविले प्रशंसाका पात्र मानेका छन् । अर्काको धनको लोभ गर्ने व्यक्ति विशेषलाई निन्दाको पात्र ठानेका छन् । यस किसिमबाट कवितांशको अध्ययन गर्दा कवि ढकाल सुधारवादी व्यक्तिका रूपमा देखा पर्छन् ।

बधूको दाइजो धेरै हुँदा मूर्ख रमाउँछ
मर्द आफैं कमाएर बधूलाई सजाउँछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ३५

कविले छैटौँ प्रयास कवितामा दुःखलाई चिन्ने व्यक्ति विवेकी हुन्छ । मान्छेको मनलाई चिन्ने कोशिस गर्नुपर्छ । लोभमा फस्नु हुँदैन । अध्यात्मतिर लाग्नु पर्छ । अध्यात्मतिर लाग्दा मानिसको मन आनन्दित हुन्छ । भौतिक विज्ञानले बाह्य मन मात्र रमाइलो हुन्छ । संगीतले पनि मान्छेको मनलाई आनन्दित तुल्याउँछ । मान्छेको भित्रको घाउ बाहिरबाट देखिँदैन, बाहिरको घाउ मात्र देखिन्छ । वास्तविक दुःख भनेको  मनको घाउ हो । मूर्ख व्यक्तिले सत्तालोभमा परेर आफ्नो बाटो नै बिराउँछ । त्यस्ता व्यक्तिहरूका लागि कविले चोटिलो पाराले व्यङ्ग्य गरेका छन् । हाम्रो देशमा अनेक जातजातिले बसोवास गरेका छन् । ती जातजातिका आफ्नै

रीतिरिवाज र भेषभूषा छन् । उनीहरूको समाजमा बस्ने चालचलन फरक फरक ढङ्गको रहेको छ । त्यस्तै समाजमा रहेका युवा वर्गहरू रोजगारीको अभावमा विदेशिएका हुन्छन् । तिनीहरूको पसिनाले नेपालमा सुन फलाउन सकिन्छ भन्ने कुरालाई राम्रोसँग उठाएका छन् । साथसाथै धन मात्रै ठूलो कुरा होइन शिक्षा त्यो भन्दा पनि महान् हुन्छ भनेका छन् ।

मानव समाजमा निर्धन व्यक्तिको अवस्थाको चित्रण गर्दा कविले झुपडी शब्दको प्रयोग गरेको पाइन्छ । अत्यन्त दुःखको जीवन भनेकै झुपडीको वास हो । यस किसिमको जीवन भोग्ने परिवारलाई देखेर जसले दुःखको पहिचान गर्छ, विवकी बन्छ त्यो नै सच्चा मान्छेको अनुहार हो भनेर कविले असल मान्छेको चिनारी गराउन प्रयास गरेका छन् । महलको वासभन्दा मानव समाजको यथार्थ बोध गरेर दुःखी जीवनलाई सुखी बनाउन खोज्नु विवेकी जनहरूको कर्तव्य हुन आउँछ । त्यस्ता व्यक्तिले मात्र मानवको निमित्त गर्नुपर्ने कर्तव्य पुरा गर्न सक्छन् र सच्चा मान्छेका अनुहार पनि तिनै हुन भनेर असल मान्छेको चिनारी गराउन यहाँ कवि लागि परेका छन् । अर्काको दुःख चिन्न सक्यो भने अर्काको दुःख हटाउन पनि सकिन्छ । यस कारण दुःख चिन्ने विवेकी मान्छेको समाजमा खाँचो छ भन्ने कुरा कवि ढकाल गर्व साथ आफ्नो विचार प्रस्तुत अंशमा राख्न सक्षम भएको पाइन्छ ।

झुपडी भित्रको बास दुःखको पहिचान हो
दुःख चिन्ने विवेकी नै मान्छेको अनुहार हो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ३६

मानव महत्वाकांक्षी हुनु स्वभाविक हो । तर ओहदामा पुगेपछि उसले पापकर्म गर्न थाल्छ । त्यो पनि ठूलो रूपमा । यसरी पाप ऊ किन गर्छ भन्दा ओहदा नै त्यस्तो ठाउँ हो जसले पाप गर्ने बाटो खुलाउँछ । यस कारण वर्तमान परिस्थितिमा मान्छे पापी, लोभी, अन्यायी र अत्याचारी त्यसबेला हुन्छ जुनबेला उसले पगरी अर्थात् ओहदा प्राप्त गर्छ । यस किसिमबाट चर्चा गर्दा वर्तमान परिवेशमा पापको शुभारम्भ ओहदाको लाभसँगै हुन्छ । यस कारण मुर्खको हातमा सत्तालाभ भयो भने उसले निरन्तर बाटो बिराउँछ । अर्थात् अन्याय, अत्याचार

गरिरहन्छ र सामान्य जनताले बाँच्न कठिन हुन्छ । यसर्थ ओहदा प्रदान गर्दा राज्यले व्यक्ति बेसरी अध्ययन गर्नुपर्छ र उसलाई सत्ताको जिम्मा लगाउनु पर्छ भन्ने विचार यस कवितांशमा कविले राखेको पाइन्छ ।

सत्तालाभ ठूलो पाप गर्न बाटो खुलाउँछ
मूर्खले पगरी पाई नित्य बाटो बिराउँछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ३९

हाम्रो समाजमा धन भयो भने सबै थोक भएको मान्ने चलन छ । धनी व्यक्ति ज्ञानी, गुणी कहलाउँछ । वास्तवमा ऊ ज्ञानी पनि छैन गुणी पनि छैन । यस किसिमको परिस्थिति मानव समाजमा छ । जहाँ समाज अशिक्षित छ, अज्ञानी छ त्यहाँ यस्तो निश्चित छ तर जहाँ समाज ज्ञानी छ, शिक्षत छ त्यहाँ यसको उल्टो छ । यसर्थ कुनै पनि व्यक्ति वा परिवारले समाजमा सम्मान पाउन चाहन्छ भने शिक्षित हुन आवश्यक छ । शिक्षित नभईकन कुनै पनि व्यक्ति सम्मानित भएको पाइँदैन । यसरी कविले शिक्षाको महत्व बारे विशेष रूपमा स्पष्ट पार्न खोजेको देखिन्छ ।

धन मात्र सबै थोक मान्न मिल्दैन निश्चित
पाइन्न धनले मान  नभईकन शिक्षित
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ४२

सातौं प्रयासमा मानिसको लागि मानिस नै शत्रु हुन्छ र टाठा बाठाहरूले अनि धनी मानिसहरूले साना मानिसहरूलाई वा गरिब मानिसहरूलाई हेप्दछन् । मानिस सबै समान हो । हेप्ने र हप्काउने गर्नु हुँदैन भन्ने कुरा यस कवितामा मुख्य रूपमा आएको छ । वीर मान्छे जहिले पनि निडर हुन्छ र जे परे पनि आफ्नो साहस देखाउँछ र अन्यायसित लड्न सक्छ । आमा सन्तानको लागि भगवान् जत्तिकै हुन्छिन् । त्यसैले बाबु आमाप्रतिको कर्तव्यलाई छोरा छोरीले भुल्नु हुँदैन । चाकरी गरेर होइन मेहनत गरेर मिठो फल पाइन्छ । पाप र धर्म के हो

विचार पुऱ्याउनु पर्छ । दुःखमा परेकालाई सहयोग गर्नु धर्म हुन्छ । त्यो नै सच्चा मित्र हुन्छ र जो असल मित्र हुन्छ उसले नै सबैको हित चिताउँछ । जसरी पात साटेर बसन्त युग फेर्दछ त्यसरी नै जीवनले पनि चोला फेर्दछ । विज्ञानले गर्दा जिन्दगीमा विलासिता बढ्छ भन्दै निर्दोष व्यक्ति जेलमा पर्छ, दोषी व्यक्ति सधैं निर्दोष ठहरिन्छ भन्ने कुरालाई कविले स्पष्टसँग अभिव्यक्त गरेका छन् ।

वर्तमान अवस्थामा गरीव मुलुकमा बसोबास गर्ने टाठाबाठा मान्छेहरुलाई धनी समाजले खेलाउने गरेको पाइन्छ । हाम्रो समाजको इतिहास अध्ययन गऱ्यो भने यो स्पष्ट हुन जान्छ । यस कारण गरीव समाजमा हुर्केका कतिपय अर्थमा सक्षम व्यक्ति विशेषलाई धनी समाजले आफ्नो प्रभावमा राख्न सायद चाहन्छ नै । यस्तो अनुभूति गरेर कविले ऐतिहासिक घटनावलीलाई साक्षी राखेर यो यथार्थ औंल्याएका छन् । हामीले विश्वको इतिहास हेऱ्यौं भने अर्काको धनले बिक्ने व्यक्तिको कारण राज्यको पहिचान हराउन पुगेको देखिन्छ ।

साना मुलुकका टाठा बाठा प्राय सबै टिपी
खेलाउँछन् धनी जाली नाना खेल घरै बसी
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ४३

अतितदेखि वर्तमानसम्म अध्ययन गर्दा मानव जीवनमा विज्ञानको विशेष भूमिका देखिन्छ । बनबाट गाउँमा, गाउँबाट शहरमा बिकसित हुँदै आएको मानव समाजमा विज्ञानले कतिपय अवस्थामा विकृति ल्यायो, बिलासिता बढायो । यसले गर्दा मानव समाजमा एकता हरायो । अनेकता बलियो भएर आयो । यसको उदाहरण हाम्रै अगाडि देखिन्छ । यस किसिमबाट कवि ढकालले वर्तमान मानव समाजको खास गरी हाम्रै समाजको राम्ररी चित्रण गर्न यहाँ खोजको पाइन्छ ।

हेर विज्ञानले ल्यायो जिन्दगीमा विलासिता
एकता नरमा छैन बलियो छ अनेकता
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १०७

यसरी नै आठौं प्रयासमा कविले प्रजातन्त्र जनताको लागि अति आवश्यक छ । जनताको सुखका दिनका लागि परिवर्तन आउन जरूरी छ । विकृतिलाई पर भगाउनु पर्छ र सभ्य कुरालाई राम्रोसँग फैलाउनु पर्छ । राजनीति भ्रष्ट मानिसको मात्र हो भन्ने कुरालाई परिवर्तन गर्नुपर्छ । मान्छे सभ्य हुनुपर्छ । सभ्य मानिसमै इज्जत हुन्छ । मानिसलाई भ्रष्ट भन्नलाई लाज लाग्छ । मानिसको लागि जिन्दगी नै परीक्षा हो । जब मानिसलाई समस्या पर्दछ तब मात्र मानिस खारिँदै जान्छ । जति धेरै मानिस खारिँदै जान्छ त्यति नै ऊ वीर हुँदै जान्छ । उत्साह भएको मानिसले संघर्ष गर्न पछि हट्दैन । मन फाट्यो भने मान्छेमा शत्रुता बढ्न थाल्छ । वस्त्र फाट्यो भने बडाको मान धुलो हुन्छ । पाठकको विश्वास मैलियो भने विसंगति निराशाले कालो बादल फैलिन्छ । सोझो व्यक्तिले काम गर्दछ तर अर्कैले धन सोसेर खान्छ । एउटै घरमा धेरै स्वार्थका नाइके भए भने तिनीहरूको यदुवंशी आपसमा लडेर वा झगडा गरेर विनाश भए जस्तै अवस्था हुन जान्छ । त्यस्तो स्थितिमा घरको सभ्यता नै मासिन्छ । त्यसैले कविले सभ्य हुन र मनलाई ठूलो वा फराकिलो  बनाउन प्रस्तुत कवितामा आग्रह गरेका छन् ।

समाजमा व्यवस्था मिलाउन जे जस्ता परिस्थिति सिर्जना भए पनि हरेक व्यक्तिलाई स्वतन्त्र रूपले बाँच्ने परिवेश चाहिन्छ । त्यो निर्वाध रूपमा चाहिन्छ । त्यो नहुँदा मान्छे गुम्सिएको अनुभूति गर्छ कसैले यो नमान्ला । तर पिजँडामा थुनिएर बसेपछि उसलाई याद हुन्छ यस कारण खुला समाजमा बाँच्न जति सुगम हुन्छ त्यति अर्को किसिमको परिस्थितिमा मान्छेलाई जीउन कठिन हुन्छ । यस किसिमबाट कविले वर्तमान परिवर्तनलाई स्वीकार गरेको देखिन्छ ।

जब कानूनले हुन्छ सीमा निर्बाध पाइने
तब मिल्छ प्रजातन्त्र जनतालाई चाहिने
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ५०

मान्छे एक आपसमा मिलेर बस्न सक्छ नमिलेर पनि बस्न सक्छ । मिलेर बस्दा मन फाटेको हुँदैन, नमिलेर बस्दा मन फाटेको हुन्छ । जहाँ मन फाटेको हुन्छ त्यहाँ ठूलो शत्रुता हुन्छ । यसरी मानव मनोविज्ञान केलाउने प्रसङ्गमा कवि मनको भूमिका विशेष भएको देखाउँछन् भने अर्कातिर ठूलो वडो हुँ भन्ने तर फाटेको वस्त्र लगाउने व्यक्ति विशेषको पनि मान सम्मानको धुलो अर्थात् समाप्ति भएको पाइन्छ । मन फाट्ने र वस्त्र फाट्ने क्रियामा समानता देखाएर कविले सायद उपमा अलङकार सजाउन खोजेको देखिन्छ ।

मन फाट्यो भने हुन्छ मान्छेमा शत्रुता ठूलो
वस्त्र फाट्यो भने हुन्छ बडाको मानको धुलो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ५४

समाजमा धेरै व्यक्ति नायक भए, आफ्नो प्रवुत्व जमाउन खोजे भने समाजको अस्तित्व खतरामा पर्न सक्छ अथवा दुर्दशा हुन सक्छ । वर्तमान अवस्थामा हेर्दा नशयन्ती बहुनायक भन्ने उखान चरितार्थ हुँदै गएको देखिन्छ । कुनै पनि समाजमा बहुनायक भएको अवस्थामा शान्ति हराउँछ भन्ने कविको अनुभूतिले अतितमा भएको यदुवंश बिनासको घटना क्रमलाई हेर्न कविले आग्रह गरेको देखिन्छ । यहाँ दृष्टान्त अलङ्कार सजाउन खोजेको देखिन्छ ।

एउटै घरमा धेरै स्वार्थका नाइके भए
मासिन्छन् ती सबै हेर जसरी यदु मासिए
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ५६

यसरी नै नवौं प्रयासमा कविले मान्छे र पशु समान छन् भन्ने कुरालाई प्रस्ट पारेका छन् । मान्छे अनुशासनमा बस्नु पर्छ । अनुशासन नै धर्म हो । सत्यलाई आधार मानेर मानिसले जीवन सुन्दर बनाउनु पर्छ । उदार भावनाबाट धर्म बढ्छ तर अनुदारपनाबाट धर्म हराउँछ । कोही पनि मानिस अर्काको लहैलहैमा लाग्नु हुँदैन । के कुरा सत्य हो भन्ने कुरा पत्ता लगाउनु पर्छ । परिश्रम आफैंले गर्नुपर्छ अर्काको धन चोर्नु, छलेर खाने गर्नु हुँदैन । बुद्धि विवेक लगाएर

हिँड्नु पर्छ तब मात्र सफल बाटो पहिल्याउन सकिन्छ । मान्छेको प्रतिभा विचित्रको छ । त्यो विचित्रको प्रतिभालाई मानिसले राम्रोसँग सदुपयोग गर्न जान्नुपर्छ । मूर्ख मानिसले छोटो बुद्धि लगाउँदा राम्रो काम पनि बिग्रन सक्छ । त्यसैले मानिसले विचार पुऱ्याएर सोचेर मात्र काम गर्नुपर्छ । नीच मान्छेले मुखले बोल्छ मात्र तर असल मान्छेले मुखले बोलेको कुरा पूरा गरेरै छाड्छ । मेहनतको पसिना धेरै मिठो हुन्छ । त्यसैले मानिसले मेहनत गर्न छोड्नु हुँदैन र धर्म गर्न पनि मानिस पछि पर्नु हुँदैन । मानिसको स्वभाव राम्रो हुनुपर्छ । स्वभाव र व्यवहारको कारण मानिस भाग्यवान् ठहर्दछ । मान्छेले आफ्नो कुरा मात्र ठूलो हो, आफ्नो कुरा मात्र राम्रो हो भनेर फूर्ति देखाउनु हुँदैन । ठूलो मान्छेलाई कानुन लाग्दैन । सानाको लागि मात्र कानुन लाग्छ । आदर्श अति राम्रो हो तर सधैं टिकाइ राख्न गाह्रो हुन्छ । राजनीतिमा ठगहरू ठूला भए त्यसकारण राजनीतिमा लागे पनि कविले ठग नबन्न आग्रह गरेका छन् । मुसालाई बिरालाले खेलाए झैं नेताले जनतालाई भुलाउँछन् । नेताको पछि लागेर पनि जनताको जिन्दगीको कुनै भर छैन । आजको विभिन्न परिस्थितिले गर्दा शिक्षाको स्तर खस्केको छ । त्यसैले शक्तिको हावी बढी भएको देखिन्छ । सभ्यता र संस्कार नङ र मासु जस्तै भएर रहेको हुन्छ । जसको कारण ज्ञान सारा सागर सरी फैलिन्छ भनेका छन् ।

कविले पशुलाई लोभी र मान्छेलाई पापीका रूपमा हरेका छन् । वास्तवमा लोभ भन्दा पाप डरलाग्दो हुन्छ । भनाइको अर्थ यो हो कि वर्तमान परिवेशमा पशुभन्दा मान्छे कै लागि डर लाग्दो छ । यस किसिमबाट कविले पशु भन्दा मान्छे निम्न तहको प्राणी हो भनेर यस कविताबाट घोषणा गरेको देखिन्छ । लोभले तानिने र पापले तानिने प्रसङ्गमा समानता देखाएर उपमा अलङ्कार मिलाउन खोजेको पाइन्छ ।

लोभले पशु तानिन्छ मान्छे तानिन्छ पापले
पशु भन्दा पनि मान्छे धेरै तल छ कर्मले
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ५७

समाजमा मानवको अस्तित्व भए जस्तै साना पशुको पनि अस्तित्व छ । मानवका नेताले जनतालाई भुलाउँछन् भने त्यसै किसिमले बिरालाले आफ्नो शिकार मुसालाई खेलाउँछ । जनता भुलाउने र मुसा खेलाउने क्रियामा समानता देखाएर यहाँ कविले दृष्टान्त अलङ्कार जोडेको पाइन्छ ।

मुसालाई बिरालाले खेलाउँछ जसो गरी
जनतालाई नेताले भुलाउँछ उसै गरी
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ६३

मानव विकासको क्रममा मानवले हाँसिल गर्दै आएको संस्कार नै सभ्यताको रूपमा देखा पर्छ । यसरी अध्ययन गर्दा मानव सभ्यता र संस्कार नङ र मासु बराबर देखिन्छन् । नङ हटायो भने मासु सुरक्षित हुँदैन । मासु नभइकन नङ सुरक्षित हुँदैन । यसरी हेर्दा मानवको संस्कार हरायो भने मानवको सभ्यता पनि हराउँछ । अर्थात् सभ्यता र संस्कार सँगसँगै हुन्छन् । एक आपसमा छुट्टिन सक्दैनन् । छुट्टिएको अवस्थामा यी दुवैको अस्तित्व हराउँछ । यसरी विकसित मान्छेको ज्ञान महासागरसम्म पुग्न सक्छ । अर्थात् अन्तर्राष्ट्रिय क्षितिज भेट्टाउन सक्छ मान्छेको ज्ञानले । मान्छे यसरी विकसित हुन्छ भन्ने विकासको गतिविधिको चर्चा यहाँ कविले गरेको पाइन्छ ।

सभ्यतासित संस्कार नङमासु बराबर
हुन्छ, मानिसको ज्ञान पुग्छ विस्तार सागर
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ६३

यसै गरी दसौं प्रयासमा कविले लागु पदार्थको सेवन नगर्नु भन्ने आग्रह गरेका छन् । लागु पदार्थको सेवनले जिन्दगी बिर्सन वा भुल्न सकिन्छ । तर त्यो लागु पदार्थ खानुको कुनै अर्थ छैन भनेका छन् । त्यति मात्र होइन विश्वास धेरै महत्त्वपूर्ण हुन्छ । विश्वासविना मानिसको जिन्दगीको रथ राम्रोसँग चल्न सक्दैन । त्यसैले विश्वास नै महत्त्वपूर्ण हुन्छ । विश्वास महत्वपूर्ण

हुन्छ भन्दैमा जो सुकै व्यक्तिलाई विश्वास गरिहाल्नु हुँदैन । भ्रष्टाचार गरेर पैसा कमाउँदा मान्छे प्रशंसित हुन्छ । भ्रष्टाचार नगरी साधु जो ठहरिन्छ त्यो भोकै पर्दछ । बलियाले निर्धालाई दबाएर राख्दछ र उसको मेहनतलाई ठगेर खान्छ । त्यो काम कुकर्म हो । मनमा पाप पालेर मान्छे मन्दिर धाउँछ र मनोरञ्जनमा रमाउँछ । त्यो कार्य पापी मान्छेले मात्र गर्दछ । मान्छेले अधर्म नगर, पाप नगर, कहिल्यै कसैको ज्यान नलिऊ भन्दै खराब बानीलाई सुधार्न आव्हान गरेका छन् । माटोबाट बनेको जिन्दगी देह त्यागेपछि माटोमै मिल्न जान्छ । यो सांसारिक रीत नै हो । स्वदेशी माटोमा परिश्रम नगरी विदेशीपन अमृत ठान्ने युवाहरूको लागि पनि देशभक्त हुन सिक भन्दै छोटो जिन्दगीलाई अन्यायमा नपारीकन बिताऊ भनेका छन् । अतितका कुरालाई स्मरण गर्दै वर्तमानमा जीवन जिउन आव्हान गरेका छन् ।

जब मान्छे जन्मिन्छ तब उसको बानी वा स्वभाव बन्न थाल्छ । त्यसरी जीवनको आरम्भबाटै सुरू भएको बानी वा स्वभाव हटाउँछु भनेर जति यत्न गरे पनि सकिदैन । कसैले भन्ला लागू वस्तु सेवन गऱ्यो भने जिन्दगी बिर्सन सक्छ तर बिर्सन सकिदैन । यसरी चर्चा गर्दा नानीदेखिको बानी हटाउन नसकिने र जिन्दगी बिर्सन नसकिने क्रियाका बीचमा तुलनात्मक अध्ययन गरेर दृष्टान्त अलङ्कार मिलाइएको देखिन्छ ।

नानीको बानी जाँदैन जति यत्न गरे पनि
लागु वस्तु गरे सेवा बिर्सिन्छ जिन्दगी पनि
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ८४

वर्तमान मानव समाजमा जसले चोर्न सक्छ, लुट्न सक्छ ऊ नै प्रशंसीत भएको पाइन्छ । किनभने चोर्ने र लुट्ने व्यक्तिले सुन्दर महल बनाएर मोज गरेको देखिन्छ । जसले मोज गर्न सक्छ वर्तमान परिस्थितिमा ऊ नै प्रशसीत हुन सक्छ । यस्तो हुनु नराम्रो हो तापनि भएको पाइन्छ । नचोरीकन जो बस्दछ, साधु सज्जन छ भने ऊ भोकै हुन्छ । जसले सामान्य घर बनाएर अर्थात् झुपडी बनाएर बस्न सक्दैन । त्यस्तो व्यक्ति विशेषलाई सबै निन्दा गर्छन् । क्षमता नभएको हुतिहारा भन्छन् । यस किसिमबाट वर्तमान समाजको अध्ययन गर्दा खराब

व्यक्ति चुलीमा पुगेका छन् भने असल व्यक्ति पाताल छुन पुगका छन् । वर्तमान समाजको अवस्था यस किसिमको छ भनेर कविले कवितांशमा राम्ररी दर्शाएको पाइन्छ ।

भ्रष्टाचार गऱ्यो चोऱ्यो भने हुन्छ प्रशंसित
नचोरी जो भयो भोको हुन्छ त्यो सर्वनिन्दित
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ८४

कर्तव्यलाई नभुलीकन निजी स्वार्थलाई नअँगालीकन मान्छेले आफ्नो देश र जनताको सेवा गर्न र राष्ट्रियतालाई नभुल्न सक्दो प्रयास गरौं भन्दै दसौं प्रयाससम्मको सगुनलाई बिट मारेका छन् ।

मानव समाजमा व्यक्तिगत स्वार्थको लागि चिन्ता गरियो भने राष्ट्रिय स्वार्थ मर्न जान्छ अर्थात् हराउन जान्छ । राष्ट्रको निमित्त चिन्ता गरियो भने अर्थात् राष्ट्रको स्वार्थको बारेमा सोचियो भने त्यसले सिङ्गो राष्ट्रलाई उठाउँछ माथि पुऱ्याउँछ । यस किसिमबाट चर्चा गर्दा राज्य व्यवस्थामा नीजि स्वार्थ हावी हुने पद्धति अँगाल्नु पर्छ । वास्तवमा यस किसिमको पद्धति नै राजनीतिक अर्थमा समाजवाद हुन सक्छ भनेर कविले दर्शाउन खोजेको देखिन्छ ।

निजी स्वार्थ नहोस् हावी राष्ट्रिय स्वार्थ मर्दछ
राष्ट्रिय स्वार्थ होस् हावी सिङ्गै राष्ट्र उचाल्दछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ७०

यसै गरी गौरीनाथ उपमन्यु ढकालले अर्को लघुकाव्य **मोहिनी** (२०६७) प्रकाशित गरेका छन् । प्रस्तुत काव्यमा कविले पौराणिक विषयवस्तु ल्याएका छन् । यस काव्यको शीर्षकले नै विषयवस्तुलाई इङ्गित गरेको छ । वर्तमान वैज्ञानिक जगतमा मोहिनी काव्यले विज्ञान सम्बन्धी दह्रो प्रश्न उठाएको छ । काव्यकी नायिका पात्र तिलोत्तमाको सृष्टि गर्दा एउटा दाना तिलमा जति उत्तम गुण छ त्यति नै सबै वस्तुको उत्तम गुण जुटाएर विधिले आफ्नो कलामा अत्यन्त

सौन्दर्यपूर्ण नायिकाको सृष्टि गऱ्यो । वर्तमान विज्ञानले यसै किसिमबाट सम्पूर्ण वस्तुको उत्तम गुण एक ठाउँमा मिलाएर कुनै विशेष रचना निर्माण गर्न सक्ला ? यो नै वर्तमान विज्ञानको निमित्त दह्रो प्रश्न हो ।

प्राचीन काल विज्ञान अति सफल रहेछ ।
एउटा दाना तिलमा जति उत्तम गुण छ ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ २

कुनै पनि समयमा नयाँ वस्तुको आरम्भ हुँदा प्राचीन वस्तुको आधारमा हुन्छ । बालक जन्मिन्छ नयाँ रूपमा । उसका अभिभावक माता पिता पुराना पुस्ताका आधार हुन्छन् । यस किसिमबाट अध्ययन गर्दा हरेक पुस्तामा पुर्खाका गुणले अथवा पुराना गुणले पच्छ्याइरहेको पाइन्छ । पिताको अनुहार पुत्रमा देखिनु अथवा पिताका गुण पुत्रमा पाइनुले प्रस्तुत भनाइको पुष्टि हुन सक्छ । यसरी नै लाखौं वर्षसम्म पुर्खाका गुण अथवा प्रचानी गुण नविन पुस्तामा आइरहेको देखिन्छ । यसरी हेर्दा वर्तमान अवस्थामा वैज्ञानिकहरूले अध्ययन गरेका विषयहरूलाई यस काव्यमा समेटेको पाइन्छ । वर्तमान परिप्रेच्क्ष्यमा विज्ञान साहित्य लेख्नु पर्छ भन्ने मान्यतासित पनि मोहिनी काव्य प्रयक्त पुर्खाको गुण सम्बन्धी विचार प्रस्तुत गराइमा औचित्य नै देखिन्छ ।

नवीन सधैं प्राचीनसित मिलेर आउँछ ।
हे धर्ती पुत्र ! पुर्खाका गुण पच्छयाईरहन्छ ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ४

मोहिनी नायिका भएर अगाडि बढेको यो काव्य दुई दाजुभाइको सेरोफेरोमा घुमेको छ । वर्तमान विश्वको कतिपय देशका सत्ता प्राप्तिका लागि लड्ने, मार्ने, सोझा नागरिकलाई शोषण गर्ने, महिला तथा बालबालिकालाई अपहरण गरी बलात्कार गर्ने जस्ता क्रियाकलापमा संलग्न व्यक्ति तथा समूहलाई कविले बिम्बात्मक रूपमा प्रस्तुत गरेका छन् । तर वर्तमानको तिक्तता र

अशान्ति धर्तीमा सधैं रहिरहँदैन । एक दिन आततायीहरूको पञ्जाबाट धर्ती मुक्त हुन्छ र सुनौलो भविष्य उदाउँछ भन्ने कुरा यस काव्यमा महत्त्वपूर्ण विषयवस्तुको रूपमा आएको छ ।

मोहिनी रूप परीको हेर्दा दाजु र भाइको ।
प्रेमले बिदा नलिई हुन्न लडाइँ दुवैको ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ६

हाम्रो समाजमा सुरक्षा छैन, लुटपाट बढेको छ । आफ्नो घरमा शान्तसँग सुत्न मानिसहरू डराउँदछन् । सत्य कुरा बोल्न पनि डराउनु पर्छ भन्दै पशुको जस्तो जीवन बाँच्न विवश जनताहरूको लागि सहानुभूति व्यक्त गरेका छन् ।

पशुको जस्तो जीवन भोग्न विवश कति छन् ।
एउटै ध्रुव बलियो हुँदा अन्याय बढ्छ झन् ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ६

यस काव्यले निश्चय नै विश्वका कतिपय देशको वर्तमान परिस्थितिलाई इङ्गित गरेको छ । यसमा बुद्धिको बल र बुद्धि विवेकबाट प्राप्त हुन सक्ने क्षमता अर्को विषय हो । यस काव्यमा दुई दाजुभाइ बल र खल धर्तीका अभिशाप हुन् । किनकि यिनीहरूले पुराना राम्रा संरचना पनि ध्वस्त गरेका छन् । आफ्ना स्वार्थका लागि भताभुङ्ग, लथालिङ्ग पार्दै हत्या, हिंसा, लुटपाट, काटमार आदि क्रियाकलापलाई बढावा दिएका छन् । अरूलाई डर र त्रासमा बाँच्न बाध्य पारिरहेका छन् ।

त्रिलोक यस्तो आतंकबाट पीडित देखिन्छ ।
राक्षस कस्ता धर्तीमा भए यै मात्र बोलिन्छ ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ७

विश्वमा जाँड, रक्सी, रण्डीबाजीको बिगबिगी बढेको छ । मदमत्त भएर परस्त्रीहरूमाथि दुराचार गर्ने जस्ता क्रियाकलाप अति भएकोले नारी जगत् पनि सुरक्षित नरहेको कुरा काव्यले उजागर गरेको छ ।

वनको मृग शिकार गरी जसरी मारिन्छ ।
त्यसरी हाम्रो अस्तित्व पनि समाप्त पारिन्छ ।
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ८

वर्तमान विज्ञानको उपलब्धिसम्बन्धी अध्ययन गर्दा विज्ञानले चन्द्र धरालतसम्म पाइला टेकेको प्रमाण भेटिन्छ । यो भन्दा माथि वा पर विज्ञान पुग्न सकेको छैन । तर प्राचीन कालमा शक्तिशाली व्यक्तिहरू नक्षत्र घुम्न सक्थे नौग्रह डुल्न सक्थे भन्ने कुरा मोहिनी काव्यले दर्शाउँछ । यसरी अध्ययन प्रस्तुत गर्दा वर्तमान युगमा विज्ञानले धेरै पसिना बगाउन पर्ने देखिन्छ । विज्ञान पहिले पनि थियो भन्ने पुष्टि हुन सक्छ । यो वर्तमान विज्ञानको लागि चुनौती वा अध्ययनको विषय मान्न सकिन्छ ।

पृथिवी घुमे, नक्षत्र घुमे नौग्रह चाहारे ।
थर्काए सबै इन्द्रादीलाई निरीह बनाए ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ९

प्रस्तुत काव्यकी नायिका चरित्र तिलोत्तमा त्रिलोकभर आपत् परेको अवस्थामा नारीले मात्र जीवन अर्पन गर्नु के न्याय संगत हो भन्दै तत्कालीन पुरूष समुदायलाई प्रश्न गरेकी छन् । अतितलाई केलाउँदा एक पटक मात्र होइन पटक पटक नारीले ब्रह्माण्ड रक्षाको निमित्त बलिदान हुनु परेको घटना देखिन्छ । यस किसिमबाट यस काव्यमा नारी सम्बन्धी मनोविज्ञान राम्ररी केलाएको पाइन्छ । अत्यन्त बलवान खल र बलका अगाडि गएर बासनामय मोहिनी वाण प्रयोग गर्न खटाइएकी नायिक चरित्र आफू एक्लो अवस्थामा रहँदा विभिन्न सोचाइबाट आत्तिएको देखिन्छ ।  दुवै दुष्ट मिलेर ग्रहण गरे भने उम्किन सम्भव हुँदैन । वास्तवमा तिलोत्तमा

बुद्धि चालकी एउटा गोटी मात्र हो । बृद्धिचाल सफल हुन्छ भनेर ऊ कसरी विश्वास गरोस् । यस्तै यस्तै विभिन्न किसिमका चिन्ताका विषय खोजेर ऊ भित्र भित्रै भुटभुटिन्छे । यसरी आफ्नो अवस्था के हुने हो ? आफू सफल हुन सक्ने वा नसक्ने के हो ? ऊ निश्चित गर्न सक्दिन । तर विधाताले खटाएको सुम्पिएको काम गर्न आफै आफ्नो चित्त बुझाउँदै अगाडि सर्छे । विभिन्न किसिमले बासनात्मक किसिमबाट नखरा गर्ने, बल र खललाई आकर्षित गर्न प्रयास गर्छे । यसरी अध्ययन गर्दा एक जना अवला नारीले अतितमा सबल बल र खललाई आफ्नो प्रभावले पराजित गर्न सकेको घटना देख्दा नारी चरित्रको अहंभूमिका देखिन्छ । यसरी नारी मनोविज्ञान अध्ययन गर्दा काव्यकी नायिका चरित्र होस् वा अन्य कुनै नारी पात्र हुन् आफ्नो अस्मिता बचाउन सचेत हुन्छन् भन्ने देखिन्छ । तिलोत्तमा आत्तिनु छट्पटिनुमा मुल कारण आफ्नो अस्तित्व सम्बन्धी चिन्ता नै हो ।

त्रिलोकभर आपत पर्दा नारी जीवन ।
अर्पनु पर्ने के न्याय भयो ? ईश्वर खटन ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ १५

मानव समाजमा निद्राको अवस्थामा सपना सम्बन्धी चर्चा भएको पाइन्छ । प्रस्तुत मोहिनी काव्यभित्रका खल चरित्र सपनामा नदी तर्दा उत्रन नसकेर नदीले बगाएर लगेको घटना देख्छन् । विपनमा दुवै दाजु भाइले सपनाको विषय बताउँदैनन । उनीहरूको बहादुरीको अगाडि सपना सम्बन्धी चर्चा लज्जाको विषय बन्न जान्छ । यस किसिमबाट काव्यभित्र खल चरित्रको पनि मनोविज्ञान केलाउन कवि क्रियाशील भएको पाइन्छ । व्यक्ति सफल हुँदा उत्साह बढ्नु स्वभाविक मानिन्छ । यस काव्य भित्रका अत्यन्त बलवान् दुई दाजु भाइ बल र खल ब्रहमाण्ड यात्रामा जादा बाटोमा अत्यन्त रूपवति नायिक गीत गाउँदै साँझपख नाचिरहेकी अवस्थामा देख्छन् । तत्काल नायिकाको अगाडि नै गएर उसलाई आफ्नो प्रभावमा पार्न कोशीस गर्छन् । तत्काल आफूले ठूलो तपस्याबाट प्राप्त गरेको वरदानको विषय भुल्छन् र आपसमा दाजु भाइका बीचमा शत्रुता बन्न जान्छ । नायिका तिलोत्तमा सफल बन्छे । घमासान युद्ध हुन्छ ।

त्रिलोक जित्ने वीरले गंगा लडाईँ हारेको ।
कसरी भनून् दाजु र भाइ लाजले गर्दा यो ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ १९

काव्यको सातौ अध्यायमा आइपुग्दा विशेष गरी इन्द्रादी देवताहरूको चिन्ता सम्बन्धी विषय उठाइएको पाइन्छ । बल र खल यात्राको क्रममा इन्द्रादीहरूलाई लखेट्दै आइरहेको अनभव गरेर इन्द्रादी देवताहरू बुद्धिचाल सफल भएन भने सदाको लागि स्वर्गीय सुखबाट बञ्चित हुन सक्ने त्रासले वा मनोविज्ञानले अत्तालिएको पाइन्छ । आफ्नो सुख सुविधा लुटिदा आफ्नो अस्तित्वमा शत्रुको आक्रमणले प्रश्न चिन्ह उपस्थित गर्दा आत्तिनु स्वभाविकै हुन्छ । तत्काल स्वर्गका अत्यन्त सुन्दरी युवतीहरू बल र खलले लुटेर लगेका हुन्छन् । यो विषय इन्द्रादी देवाहरूलाई आफ्नो अस्तित्व गुमेका मात्र नभएर आफ्ना परिवारजनको अस्मिता बचाउन नसकेकोमा बढ्ता चिन्ता हुन जान्छ । यसरी अध्ययन गर्दा व्यक्ति आफ्नो भन्दा पनि आफूबाट संरक्षित परिवारजनको सुरक्षा हुन नसक्दा चिन्तित हुन्छ भन्ने देखिन्छ ।

यस काव्यको आठौ अध्यायमा आइपुग्दा दुई दाजु भाइका बीचमा युद्ध भन्दा अर्को विकल्प देखा परेन । नायिकाको आकर्षणले दुवै भाइ अत्यन्त प्रभावित हुन पुगे । दुवैको लागि नायिका चरित्र आकर्षणको विषय बन्न पुगी । नायिका चरित्र तिलोत्तमालाई दुवैले पाउन कोशीस गर्ने क्रममा युद्ध हुन पुग्यो । अझ बेला बेलामा नायिका चरित्रले कुटनीतिक किसिमबाट दुवै योद्धालाई प्रभाव पार्ने गरी आफ्नो भएभरको मोहिनी वाण चलाएर उद्देश्य पुरा गर्ने तर्फ नायिका लागेको देखिन्छ । यस किसिमको अवस्थामा दाजु भाइका बीचमा शत्रुता बढेर शक्ति पनि हराउँदै जान्छ । किनभने दुवै भाई आपसमा मिलेर रहँदासम्म बलवान हुन सक्थे । आपसमा फुट भएपछि वर्दानबाट प्राप्त शक्ति हराएर जानु स्वभाविक थियो । यस किसिमबाट बासमय फूलमा आकर्षित भएर बृद्धि हराएर यी दुवै खल चरित्रको अवसान भएको घटना काव्यमा दर्शाइएको छ । काव्य पद्दा यहाँनिर डरलाग्दो युद्ध भएको देखिन्छ । ठूला ठूला अस्त्र प्रयोग भएको देखिन्छ र जीवन समाप्त भएको घटना काव्यमा पाइन्छ ।

अहिलेको अशान्त वातावरण हुनु र संविधान बन्न नसक्नु बल र खलकै कारण हो । कविले यस्तो परिस्थितिबाट मुक्त हुन तथा देशमा शान्ति बहाली गर्न बुद्धिजीवीहरूले पनि विभिन्न उपाय सोच्ने बेला आएको संकेत गरेका छन् । यस काव्यमा पनि कविले तिलोत्तमाको शक्तिको प्रदर्शन गराएका छन् र बल र खललाई समाप्त पारेका छन् ।

अर्को किसिमले काव्यलाई हेर्ने हो भने परी भनेकी सत्ता हो । सत्ताका लागि मात्र लड्ने अराजक दल हुन् । सत्ता सत्ता नै हो, यसमा मोहिनी रूप छ । यसले सत्ता भोगीहरूलाई आशक्त बनाएको छ । अन्तमा यस्ता अराजकहरू परास्त हुन्छन् ।

संस्कारयुक्त व्यक्तिहरूले देश तथा समाजमा शान्ति बहाली गर्दछन् । यस प्रकार कविले काव्यमा धेरै विषयलाई बिम्बात्मक रूपमा प्रस्तुत गरी वर्तमान मानव समाजको गतिविधिलाई संकेत गरेका छन् । वर्तमान अवस्थामा मानव समाजमा बल र खलको थिचोमिचो बढ्दो छ ।

निमुखा, अनुशासित एवं प्राज्ञिक वर्ग यिनीहरूका अगाडि निरीह भएर बस्न बाध्य छन् । यस परिस्थितिमा चिन्तनशील, बुद्धिजीवी दूरगामी दृष्टि भएका राजनेताहरूको आवश्यकता परेको कुरा यस लघुकाव्यले बिम्बित गरेको छ । आज यत्रतत्र अमानव चरित्र बल र खलको त्रास सर्वत्र व्याप्त भइरहेको परिवेशमा भने बुद्धको भूमि नेपालमा शान्तिप्रिय नेपाली एक आपसमा मिल्नु नै त्यस्ता खल चरित्रलाई निरूत्साहित गर्नु हो भन्ने कुरा मोहिनी काव्यले स्पष्ट पारेको छ ।

वर्तमान संसारमा नारी प्रति यतिको सहानुभूति सायद अन्य कविहरूबाट भएको नपाइएला । यस किसिमको नारी प्रतिको विशेष चिन्ता प्रस्तुत काव्यमा भएको छ । यसरी सबैले नारी जगत्प्रति सद्भावना राख्ने हो भने नारीको जीवन सुखी र आनन्दित बन्न सक्छ, समस्या विहीन हुन सक्छ । त्यसको लागि पुरुषले नारीको ऋण चुकाउन अघि सर्नुपर्छ ।

के छैन नारी दिलको भित्र सम्पूर्ण त्यहीं छ ।
मदले मात्र गजक्क पर्छन् पुरुष सर्वत्र ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ४४

कवि ढकालले नारी प्रति विशेष सहानुभूति प्रकट गरेका छन् । उनले भनेका छन् कि पुरुषले नारीको ऋण तिरेर सक्तैनन् । हरेक परिवारमा नारीको जति योगदान पुरुषको हुँदैन । यसरी हेर्दा प्रस्तुत काव्यमा नारीको भूमिकालाई विशेष स्थान दिइएको पाइन्छ ।

नारीको दिल अपार हुन्छ पुरुष जान्दैनन् ।
नारीको ऋण तिरेर कहिल्यै पुरुष सक्तैनन् ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ४४

अन्त्यमा नवौ अध्यायमा उपसंहारका क्रममा काव्यकारले नारीको विशेष भूमिका रहेको ऐतिहासिक घटनाक्रम देखाएका छन् । सनातन हिन्दु समाजको अतितलाई हेऱ्यो भने आपद्का घडीमा नारी चरित्रले वा शक्तिले त्रिलोक रक्षा गरेको देखिन्छ । दुष्टको बिनास गरेको देखिन्छ । यसरी काव्यलाई केलाउँदा अन्त्यमा कवि निश्कर्षमा पुग्छन् पिता भन्दा माता धेरै गुना ठुली सावित हुन्छिन् । यस क्रममा कविको कलम भन्छ नारीको दील अपार हुन्छ । यो कुरा पुरुष जान्दैन । नारीले लगाएको ॠृण नारीले पुरुषलाई लगाउँछिन् । यस किसिमबाट हेर्दा मोहिनी काव्यले नारी समाजलाई विशेष रूपमा महत्व दिएको पाइन्छ र माथि उठाउन खोजेको देखिन्छ । यति मात्र होइन आमा जगतलाई विशेष सम्मानित रूपमा हेर्न खोजेको पाइन्छ । सायद नारीप्रति यसरी सद्भाव राखिएको अर्को कृति प्रकाशित भएको छैन कि भन्दा अतियुक्ति नहोला ।

यसरी सगुन र मोहनी काव्यमा कविले छुट्टाछुट्टै विषयलाई काव्यको केन्द्रीय कथ्य बनाई प्रस्तुत गरेका छन् । सगुन काव्यमा कविले दर्शनलाई बढी महत्त्व दिएका छन् भने मोहिनी काव्यमा पौराणिक कथावस्तुलाई बढी महत्त्व दिएका छन् ।

## ५.२.२ लय

कविताको पहिचान नै लयात्मकता हो । कवितालाई लयात्मक तत्वले अन्य विधाबाट अलग्याउँछ । जन्मैदेखि कविता लयात्मक विधा हो । त्यही मान्यतालाई आत्मसात गर्दै ढकालले आफ्ना कवितामा पद्य र झ्याउरे गीति लयको प्रयोग गरेका छन् । लय कविताको मुटु हो । लयात्मक काव्य नै सर्वग्राह्य हुन्छ । लय योजनाले उनका कविताहरू विशिष्ट छन् । चार चरण हुने र चारै चरणमा आठ-आठ अक्षर रहने अनुष्टुप छन्द र झयाउरे लोक लय छन्दको सफल विन्यास नै उनका कविताको लय योजना हो । शब्द छनोटमा मिठास र अनुप्रासीय प्रयोगले पनि उनका कवितालाई मिठासपूर्ण एवं लयात्मक बनाएको छ ।

यो हो सगुन आत्माको विचार फूलको रस
पाए कलमको मीठो मह हुन्छन् सबै बश
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ७०

मसित कति उत्तम गुण दैवले मिलायो ।
अमृत जस्तै रसिलो पारी मलाई बनायो ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ १७

## ५.२.३ भाषा शैली

कवि ढकालले आफ्ना कवितामा दैनिक बोलीचालीको भाषा भन्दा भिन्न भाषाको प्रयोग गरेका छन् । कविताको भाषाको लागि विशिष्ट प्रकारको भाषा हुनुपर्छ भन्ने मान्यतालाई अघि सार्दै ढकालले आफ्ना सबै कवितामा ओजपूर्ण र विशिष्ट भाषाको प्रयोग गरेका छन् । उनका कविताको भाषा लयात्मक छ । उनका कविता व्याकरणिक, कोशीय, अर्थतात्विक विचलनले युक्त छन् । कविताको भाषा अनेक अर्थ दिने खालको छ । कवि ढकालका कवितामा स्वच्छन्दतावादी भाव र परिष्कारवादी शैली पाइन्छ ।

लालित्यमय भाषाको प्रयोगले उनका कविताको संरचना पक्ष चित्ताकर्षक देखिन्छ । उनको कृतिमा अनुष्टुप छन्दको प्रयोगले भाषा शैली आकर्षक र औचित्यपूर्ण रहेको छ । प्रहर, शिशु, धर्ती, बालक, सहस्र, सिन्दुर, सूर्य जस्ता तत्सम् शब्द र हावा, बत्ती, बादल, ढोका, दियालो, रगत, ढुङ्गा, बिजुली, दिदी जस्ता तद्भव शब्दको विन्यासले पनि उनका कविताको भाषा शैली सुगठित देखिन्छ । उनका कवितामा जिन्दगी, वर्कत जस्ता आगन्तुक शब्दको संयोजन भएको छ भने टपक्क, ढक्क, टपटप, पलपल जस्ता अनुकरणात्मक शब्दको पनि सशक्त प्रयोग भेटिन्छ । जसले गर्दा उनका कविताको भाषा शैली सरल, सहज, हृदयगम्य, श्रुतिरम्य र मनमोहक छ । अधिकांश रूपमा सरल वाक्यकै प्रयोग भए पनि प्रशस्त मात्रामा तत्सम शब्द र घुमाउरो किसिमको कथन प्रक्रियाले उनका कविताको शैली प्रौढ बन्न पुगेको छ ।

टुप्पाबाट पलाएर निस्कने बिरूवा जति ।
अहं फूल फुले जस्ता देखिन्छन् लोकमा कति ॥
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ३०

उनको मोहिनी काव्यमा पनि आकर्षण र कलात्मक भाषा शैलीको माध्यमबाट कवितालाई चुस्त बनाउने काम गरिएको पाइन्छ ।

विलाप जस्तो मनको व्यथा विनाले पोखेको ।
सुनेर पान्थ अडिन्छ टक्क यो मर्म उसको ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ ७

### ५.२.४ कथन पद्धति

कविताको विषयवस्तुलाई व्यक्त गर्ने क्रममा कविले विभिन्न कथन पद्धतिलाई अँगालेका छन् । ती पद्धतिहरू कुनै कविप्रौढोक्ति हुन्छन् भने कुनै कविनिबद्धवक्तृप्रौढोक्ति । कविताको विचारलाई कुनै पात्रका माध्यमबाट यदि व्यक्त गरिन्छ भने त्यो कविनिबद्धवक्तृप्रौढोक्ति ठहर्छ । अझ भन्नु पर्दा कविले पात्र खडा गरेर पात्रका माध्यमबाट काव्यको वर्णन गर्दा यो पद्धति कविनिबद्धवक्तृप्रौढोक्ति कथन मानिन्छ भने विना पात्र कविकै तर्फबाट विषयवस्तुको वर्णन भएमा कविप्रौढोक्ति कथन हुन जान्छ । कवि ढकालको सगुन काव्य कविकै विचारका सापेक्षतामा केन्द्रित छ । यसमा पात्रका माध्यमबाट कविको धारणा व्यक्त गरिएको पाइँदैन । यसमा काव्यका वक्ता स्वयम् कवि छन् । अतः सगुन काव्य पनि कविप्रौढोक्ति कथन पद्धतिमा आधारित रचना हो । तल उल्लेखीत कवितामा उपमा र स्वभावोक्ति अलङ्कार पाइन्छ ।

मन थाक्यो भने स्रष्टा सृष्टि रोकेर बस्तछन्
थाक्तैन मन यो हाम्रो थाकी नक्षत्र खस्तछन्
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ४५

सानो मन डराएर ठूलो शरीर काँप्तछ
मनका अणुले हेर जे पनि गर्न सक्तछ
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ५५

उनको मोहिनी काव्यमा विभिन्न पात्रहरू खडा गरे पनि मुख्यतया कविकै निजी धारणा छ । तर पनि कविले विभिन्न पात्रहरू खडा गरी कतै कतै पात्रले भनेको बनाएर आफू अलग्गै पनि बसेका छन । त्यस कारण मोहिनी काव्यमा कविनिबद्धवक्तृप्रौढोक्ति पनि रहेको देखिन्छ ।

दाजुको कुरा सुनेर मेरो हृदय रमायो
बलको भाइ खल हो भनी संसार डरायो
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ १२

म मात्र राम्री युवति छैन म भन्दा अरू झन् ।
धपक्क बल्ने सौन्दर्यमयी फुलेका फूलछन् ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ २२

### ५.२.५ प्रतीक र बिम्वविधान

समान गुणका आधारमा दृश्य वा अदृश्य कुनै पनि वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको कुनै वस्तु वा चिन्हलाई प्रतीक भनिन्छ (पोखरेल, २०५५ : ८७३) । त्यसरी नै कविता अथवा कविता कृतिमा प्रस्तुत गरेको मुख्य कथ्य विषय, अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्व हो (त्रिपाठी, २०५३ : २०) ।

ढकालका काव्य प्रतीक प्रयोगका दृष्टिले निकै महत्त्वपूर्ण देखिन्छन् । मानिसले देखेका, भोगेका जीवन जगत्का विभिन्न क्षेत्रमा नवीन एवम् पुरातन विविध बिम्व तथा प्रतीकहरूलाई नयाँ शैलीमा प्रयोग गरेर भावाभिव्यक्ति दिएमा कवितामा बढी गम्भीरता, रोचकता र स्तरीयता आउँछ । उनको सगुन काव्यमा प्रयोग भएका विभिन्न शब्दहरूले नै प्रतीकात्मक अर्थलाई आत्मसात् गरेका छन् । सगुन काव्यमा पद्यका हरेक अंशमा प्रतीकात्मकता रहेको पाइन्छ ।

जसले ज्ञान, विद्या दिन्थे तिनीहरुलाई ब्राह्मण भनेर जानिन्थ्यो । ब्रह्म ज्ञान भएकाले तिनीहरु ब्राह्मण मानिए । पढाउने पेशामा लागेका जो समूह थिए तिनीहरूलाई तत्काल समाजले ब्राह्मण भनेर जान्यो । उनीहरु ब्रह्मज्ञानी हुन्थे । यसैले ब्राह्मण पनि भनियो । वर्तमान परिवेशमा विभिन्न सम्प्रदायका मान्छे विद्यालयमा पढाउँछन् । ज्ञानका कुरा गर्छन् । ज्ञानी पनि छन् । अर्थात् आत्मतत्त्वको अध्ययन गरेका ब्रह्मवित् भन्न सकिने खालका छन् । त्यस्ता व्यक्ति विशेषलाई ब्राह्मण भन्न आपत्ति छ ? भनेर सगुन विचार काव्यमा बद्लिदो परिस्थितिमा ब्राह्मणको नयाँ परिभाषा खोजेको पाइन्छ । यसरी विश्लेषण गर्दा नयाँ परिस्थितिमा तल उल्लेखीत कविता प्रतीकका रूपमा आएको देखिन्छ ।

जो ज्ञान पहिले दिन्थे तिनै ब्राह्मण जानिए
ब्रम्ह जान्ने हुँदा फेरि उनी ब्राह्मण मानिए
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १२

विद्या मन्दिरमा आज विद्या दान दिने जति
सबै ब्राह्मण हुन् भन्न आपत्ति छ यहाँ कति ?
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ १२

उनको सगुन काव्यको तुलनामा मोहिनी काव्यमा प्रयोग भएका पात्रहरूले नै प्रतीकात्मक अर्थलाई आत्मसात् गरेका छन् । अतीतका घटना, पात्र, चरित्र आदिका कारण वर्तमान मानव समाजको बिम्ब उतार्ने प्रयास यस काव्यभित्र भएको पाइन्छ । समाजका त्यस्ता व्यक्ति विशेषको वा चरित्रको खल, बल र तिलोत्तमा काव्यमा प्रतीकका रूपमा आएका छन् । तिलोत्तमा, बल, खल जस्ता अत्यन्त सुन्दरी युवति वर्तमान संसारमा छन् । त्यस्ता सौन्दर्यका बासनामा लठिएका लठ्ठु बल र खल वर्तमान जगतमा पनि देखिन्छन् । यसरी केलाउँदा तिलोत्तमा वर्तमान विश्वकै बासना पीडित चरित्रलाई लोभ्याउने सौन्दर्य विशेष हो ।

स्वीकार गरे, नगरे पनि म लगि छाड्दछु ।
सौन्दर्य तिम्रो पाइनँ भने म ज्यान फाल्दछु ॥
- **मोहिनी** लघुकाव्यमा सङ्कलित, पृष्ठ २१

गाउँमा गाउँनेलाई नगरी धमिलो भयो
नगरी नबसौं हुन्न जिन्दगानी रमाइलो
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ३

### ५.२.६ अलङ्कार विधान

अलङ्कार काव्यको आवश्यक अङ्ग हो । यसको समुचित विन्यासले काव्यलाई चमत्कारपूर्ण बनाउँछ । कतिपय काव्यमा अलङ्कार सहज रूपमै प्रयोग भएको पाइन्छ । कवि ढकालको सगुन काव्यमा पनि अलङकार सचेतताका दृष्टिले नभई स्वाभाविक रूपमा केही अलङ्कार घट्न गएका छन् । यस क्रममा काव्यको बाहिरी सौन्दर्यको क्रममा सीमित रहने शब्दालङ्कारको साथै अर्थालङ्कारलाई पनि कविले स्थान दिएका छन् । अलङ्कार सचेतताका दृष्टिले सगुन काव्य लेखिएको नभए पनि काव्यमा आएका विभिन्न अलङ्कारहरूले सगुन काव्यलाई सजाउने काम गरेका छन् । शब्दालङ्कारले सगुन काव्यको सौन्दर्य बढाउन सहयोग गरेको हुँदाहुँदै पनि तिनीहरूलाई कम महत्त्वका साथ हेरिने हुँदा यहाँ केही अर्थालङ्कार पनि भेट्न सकिन्छ ।

उनको मोहिनी काव्यमा शब्दालङ्कारको चमत्कार त छँदैछ अर्थालङ्कारको गहिरो विन्यासले अझ बढी काव्यात्मकताको सिर्जना भएको छ । काव्यका तत्त्वका रूपमा अलङ्कारले पूर्णतया मान्यता प्राप्त नगरे तापनि यस काव्यमा आलङ्कारिक योजनाले काव्यलाई रोचक बनाएको छ । यसमा शब्दालङ्कार अनुप्रासीय विन्यास व्यापक र विस्तृत देखिन्छ । अर्थात् शब्दालङ्कारको चमत्कार सर्वत्र व्याप्त नै छ ।

अलङ्कारको विभाजन ठाउँअनुसार भिन्नभिन्न किसिमले गरिएको पाइन्छ । संस्कृति काव्यशास्त्रमा अलङ्कारलाई मुख्य दुई वर्गमा विभाजन गरिएको छ र ती हुन् शब्दालङ्कार तथा अर्थालङ्कार । अलङ्कारको सङ्ख्याबारे विभिन्न विद्वानहरूले विभिन्न मत प्रस्तुत गरे तापनि यहाँ मुख्य मुख्य अलङ्कारलाई प्रष्ट्याउने जमर्को गरेको गरिएको छ ।

### ५.२.६.१ उपमा अलङ्कार

अप्रसिद्ध वस्तुलाई प्रसिद्ध वस्तुसित तुलना गरे उपमा अलङ्कार हुन्छ । कवि ढकाल आफ्ना कवितामा उपमा अलङ्कारलाई यसरी सजाउँछन् ।

बडा जन भए चोर भने देश हराउँछ
जसरी घामको राफ लागी शीत बिलाउँछ ।
- **सगुन** विचार काव्यमा सङ्कलित, पृष्ठ ७

कविले कुनै पनि समाजमा महत्वपूर्ण व्यक्तिले बाटो बिरायो भने अथवा उसले स्वार्थवस नराम्रो सोच्यो भने त्यो समाजको अथवा त्यो माटाको अस्तित्व हराउन सक्छ । यसलाई कविले देश हराउँछ भनेका छन् । तल प्रस्तुत अंशमा चोर शब्दले अवसरवादी स्वार्थी चरित्र दर्शाएको पाइन्छ । प्राप्तः कालमा हरियो चौरमा प्रकृतिबाट झरेर टम्म देखिएको शीत घामको राफ लागेर जसरी बिलाउँछ वा हराउँछ त्यसरी नै कुनै पनि समाजका ठुला वडा जनहरू स्वार्थी भए भने अवसरवादी भए भने देश वा माटोको अस्तित्व हराउन सक्छ । यस किसिमबाट चर्चा गर्दा हराउने र विलाउने क्रियाको सार्धम्य देखाएर तुलना गरिएको हुँदा यहाँ उपमा अलङ्कार सज्जाइएको पाइन्छ ।

### ५.२.६.२ विरोधाभास अलङ्कार

वास्तविक विरोध नभए पनि विरोध झल्किएको देखिन्छ भने विरोधाभास अलङ्कार हुन्छ । कवि ढकाल आफ्ना कवितामा विरोधाभास अलङ्कारलाई यसरी सज्जाउँछन् ।

पिता भन्दा पनि माता धेरै रीन लगाउँछिन्
सन्तानहरूले तिर्न नसक्ने गुन् लगाउँछिन्
- **सगुन** कविता सङ्ग्रहमा सङ्कलित, पृष्ठ ४६

मानव समाजमा माता पिता सम्बन्धी विशेष अध्ययन भएको पाइन्छ । माता ठुली हुन्की पिता ठुला हुन् भन्ने बहस इतिहासमा विद्वान जनले गरेको देखिन्छ । कसैले पिता ठुला हुन् भन्छन् कसैले माता । पिता ठुला हुन भन्नेले पिता नभइकन माता माता बन्न सक्दिनन् । तर माताले पिताको अंशधारण नगर्ने हो भने पिता पिता हुन सक्दैनन् । यस कारण पिताको दुःख भन्दा माताको दुःख पीडा धेरै गुणा बढी हुन्छ भन्ने बुझाइमा पिता भन्दा माता ठुली सिद्ध हुन्छिन् र सन्तानहरूले कहिल्यै तिर्न नसक्ने गुन लगाउँछिन् ऋृण लगाउँछिन् । आलङकारिक प्रयोगका हिसाबले उक्त अंश विरोधाभास अलङकार सज्जाइएको देखिन्छ र कविको भनाई उत्कृष्ट लाग्न जान्छ । अर्को किसिमबाट हेर्दा नारी समाजलाई पुरुष भन्दा माथि राख्न खोजेको देखिन्छ ।

माथि चर्चा गरिएका अलङ्कारहरू मात्रै कवि ढकालका कवितामा प्रयोग गरिएका छन् भन्ने हैन, यी त उदाहरणका लागि दिइएका मात्र हुन् र यी र यस्तै थुप्रै अलङ्कारहरू कविताभित्र प्रयोग गरिएका छन् र यिनीहरूले सौन्दर्यको सृष्टि गर्छन् ।

### ५.३ निष्कर्ष

विद्यार्थी जीवनदेखि कविता लेखन सुरु गरेका गौरीनाथ उपमन्यु ढकालले कविता विधालाई नै प्रमुख रूपमा अगाडि बढाएका छन् । उनले हालसम्म दुई वटा कविता सङ्ग्रह प्रकाशित गरिसकेका छन् । उनको सगुन कविता सङग्रहमा श्रद्धासुमन र प्रार्थना लगायत पहिलो प्रयासदेखि दसौं प्रयाससम्मका कविताहरू सङ्कलित छन् । उनको मोहिनी कविता सङग्रहमा झ्याउरे लोकलयका कविताहरू सङ्कलित छन् । त्यसैले उनका कुनै कविताहरू सैद्धान्तिक रूपमा बलिया छन् भने कुनै कमजोर देखिन्छन् । उनका कविताहरू बिम्ब र प्रतीकका दृष्टिले पनि धेरै बलिया छन् । जसको कारण उनका कविताहरूको विश्लेषण सिद्धान्तलाई आधार मानेर गर्ने प्रयास गरिएको छ । उनले विभिन्न किसिमका वादलाई अन्गालेर कविताहरू लेखेका छन् । उनका कवितामा एकातिर स्वच्छन्दतावाद र अर्कोतिर सबल रूपमा परिष्कारवाद फस्टाएको देखिन्छ । साथसाथै अस्तित्ववाद पनि भेट्न सकिन्छ ।

उनका कवितामा दार्शनिक पक्ष निकै सवल देखिन्छ भने उनका कविताको प्रसङ्ग त्यति मिलेको देखिंदैन । भन्न खोजेको कुरा ठाउँ ठाउँमा पटक पटक दोहोरिरहेको र समाजमा घटेका घटनालाई यथार्थ रूपमा हुबहु कवितामा उतारेका छन् । उनले अन्य विधामा कलम चलाए पनि सवल रूपमा कविता विधामा नै प्रखर देखिन्छन् । त्यसैले उनी मुख्यतः कवि नै भनेर चिन्न सकिन्छ ।

# छैटौं परिच्छेद

# उपसंहार

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा गौरीनाथ उपमन्यु ढकालको जीवनी, तेस्रो परिच्छेदमा गौरीनाथ उपमन्यु ढकालको व्यक्तित्व, चौथो परिच्छेदमा गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा र प्रवृत्ति र पाँचौं परिच्छेदमा गौरीनाथ उपमन्यु ढकालको कृतित्वको विश्लेषण गरिएको छ ।

जीवनको ६६ औं वसन्त पार गरिसकेका ढकाल तनहुँ जिल्लाको रम्घामा वि. सं. २००२ साल चैत १७ गते आइतबारका दिन एक मध्यम वर्गीय ब्राहमण परिवारमा जन्मिएका हुन् । जीवनको बाल्यकाल आफ्नो पुख्यौली घर तनहुँको रम्घामा बिताएको देखिन्छ । गौरीनाथ उपमन्यु ढकालको बाल्यकाल आमा विष्णुमाया ढकालको निधनपछि त्यत्ति सुखद रहेन । आमाले समालेको गृहस्थीमा बुबा विष्णुदत्त ढकाललाई साथ दिनु पऱ्यो । आमाको निधनपछि जति अप्ठ्यारो परिस्थिति परे पनि लालन, पालन र शिक्षामा बुबाको ठूलो हात रहेको कुरा उनी बताउँछन् । उनको पाँच छ वर्षको उमेरमा अक्षरारम्भ भएको थियो । उनको बाल्यजीवन घरमा नै बितेकोले उनलाई शिक्षा आरम्भ गराउने काम सानो बुबाबाट भयो । उनले आफ्नो शिक्षा तनहुँको चुँदी रम्घाको भानु निम्न माध्यमिक विद्यालयमा कक्षा एकबाट वि.सं. २०१० सालमा सुरु गरेको पाइन्छ । त्यहाँ उनले कक्षा आठसम्म पढे । त्यसपश्चात् माध्यमिक विद्यालयको शिक्षा कक्षा ९ बाट संस्कृत माध्यमिक विद्यालय रानीपोखरीबाट सुरु गरे । उनले वि.सं २०२२ सालमा पूर्वमध्यमा (एस.एल.सी. सरह) द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।

वि.सं. २०२४ सालमा उनले उत्तर मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि ढकालले सोही संस्कृत महाविद्यालयबाट वि.सं. २०२६ सालमा शास्त्री (स्नातक सरह) द्वितीय श्रेणीमा उत्तीर्ण गरे । वि.सं. २०३१ सालमा उनले आचार्य उत्तीर्ण गरे भने त्यसपछि वि.सं. २०३३ सालमा एम.ए. नेपाली द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । यसरी उनको औपचारिक शिक्षा पूरा भएको देखिन्छ ।

गौरीनाथ उपमन्यु ढकालको जागिरे जीवनको सुरुआत वि.सं. २०३२ वैशाख २ गतेबाट मकवानपुर पालुङस्थित जनकल्याण माध्यमिक विद्यालयमा मा.वि. दरबन्दीको शिक्षकको रूपमा सुरुवात भयो । वि.सं. २०३५ सालदेखि काठमाडौंको शंकरदेव क्याम्पसमा प्राध्यापन गर्न सुरु गरे भने रत्न राज्यलक्ष्मी क्याम्पसमा सहप्राध्यापक भएर आफ्नो प्राध्यापन यात्रालाई अगाडि बढाए । यसरी ढकालले जम्मा ३६ वर्ष प्राध्यापन गरेरे वि.सं. २०६८ साल चैत १७ गते निवृत भएका छन् ।

विद्यालयमा पढ्दा सानै उमेरदेखि नै नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका गौरीनाथ उपमन्यु ढकालको पहिलो प्रकाशित रचना **वन पालेकी बाला** कविता हो । यो कविता वि.सं. २०२४ सालमा **उन्मेष** पत्रिकामा प्रकाशित भएको हो । यसै समयमा **विवेक विन्दु** पत्रिकामा **आत्माअनुभूति एक चेतना** कविता पनि प्रकाशित भएको पाइन्छ । त्यसपछि यिनका थुप्रै फुटकर कविता र निबन्धहरू प्रकाशित भइसकेका छन् । यस बाहेक उनका समीक्षात्मक लेखहरू पनि प्रकाशित भएका छन् । **फुटकर कवितामा भानुभक्तलाई हेर्दा** नामक समीक्षात्मक लेख वि.सं. २०४२ सालमा **चन्द्रिका** पत्रिकामा प्रकाशित भएको छ । त्यसै गरी **भानुभक्त र उनका रचनागत विविध पक्षको लघु अध्ययन** नामक समीक्षात्मक लेख पनि भानु संस्कृति माध्यमिक विद्यालयले निकालेको **स्वर्णजयन्ती स्मारिका २०५१** मा प्रकाशित भएको छ । वि.सं. २०५६ सालदेखि उनका कविताहरू पुस्तकाकारका रूपमा छापिन वा प्रकाशित हुन थालेका हुन् । त्यसैले २०५६ सालमा छापिएको **सगुन** कविता कृति नै उनको पहिलो पुस्तकाकार कृति हो भने २०६७ सालमा छापिएको **मोहिनी** उनको दोस्रो कृति हो ।

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रालाई उनका साहित्यिक कृतिको प्रकाशन काल र ती कृतिहरूमा समावेश गरिएको विषयवस्तु, भाषा शैली र प्रस्तुतिका आधारमा दुई चरणमा विभाजन गरी अध्ययन गएिको छ । पहिलो चरण वि.सं. २०२४ देखि २०५६ सम्म र दोस्रो चरण वि.सं. २०५७ देखि २०६७ सम्म ।

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्रा विद्यार्थी जीवनदेखि नै सुरु भएको हो । तर औपचारिक रूपमा भने २०२४ सालमा प्रकाशित **बन पालेकी बाला** नामक कविताबाट सुरु भएको हो । वि.सं. २०५६ सालमा **सगुन** कविता सङ्ग्रह प्रकाशित भएबाट उनको पुस्तकाकार कृति प्रकाशित भएको हो । उनको यही कविता सङ्ग्रह नै पहिलो कविता सङ्ग्रहको वा पहिलो कृतिको रूपमा प्रकाशित भएको पाइन्छ । उनले पहिलो चरणमा अन्य फुटकर कविता, निबन्ध र केही समीक्षात्मक लेखहरू लेखेको देखिन्छ । यसरी पहिलो चरणमा एक कविता सङ्ग्रह प्रकाशित भएको र अन्य केही फुटकर कविताहरू र निबन्धहरू प्रकाशित भएका देखिन्छन्

गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्राको दोस्रो चरणको प्रारम्भ वि.सं. २०५७ बाट सुरु भएर वि.सं. २०६७ मा प्रकाशित **मोहिनी** कविता सङ्ग्रहसम्म आइपुगेको छ । उनको यस चरणमा रहेको **मोहिनी** कविता सङ्ग्रहमा रहेका कविताहरू स्तरीय र महत्त्वपूर्ण रहेका छन्, जसको कारणबाट यो चरण नै उनको साहित्यिक यात्राको उर्वर चरण मान्न सकिन्छ । यिनै कविता सङ्ग्रहबाट नै उनी वरिष्ठ कविका रूपमा चिनिन्छन् । यस चरणमा पनि उनले मूलतः कविता विधामा मात्र कलम चलाएका छन् ।

यसरी गौरीनाथ उपमन्यु ढकालको साहित्यिक यात्राको चरण विभाजन गरेर हेर्दा उपर्युक्त दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । उनी पहिलो चरणदेखि नै राम्रा कविको रूपमा देखा परेका छन् । उनले पहिलो चरणदेखि नै सङ्ख्यालाई भन्दा गुणात्मकतालाई ध्यान दिएका छन् । उनले आफ्ना कविताहरू एउटै घेराभित्र मात्र सीमित नराखी लेखेका छैनन् । सम्पूर्ण विषयलाई उत्तिकै प्राथमिकता दिइएका उनका कविता आस्वाद्य बनेका देखिन्छन् ।

साहित्य सिर्जनामा व्यक्तिले समाज तथा आफ्नो जीवनमा भएका र घटेका विभिन्न घटना वा अनुभवलाई आ-आफ्नो किसिमले अभिव्यक्त गर्ने गर्दछन् । साहित्य सिर्जना गर्दा लेखकमा निहित प्रवृत्तिहरू केही न केही मात्रामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा झल्किएका हुन्छन् । तिनै प्रवृत्तिहरूलाई साहित्यिक प्रवृत्तिका रूपमा लिइन्छ । साहित्यकार गौरीनाथ उपमन्यु ढकालमा भएका साहित्यिक प्रवृत्तिमा स्वच्छन्दतावाद, मानवतावाद, दार्शनिकता, सामाजिकता, व्यङ्ग्यात्मकता र बिम्ब र प्रतीक उनका मुख्य प्रवृत्तिहरू देखिन्छन् ।

गौरीनाथ उपमन्यु ढकालको **सगुन** कविता सङ्ग्रहको पहिलो प्रयासको पहिलो पङ्क्तिमै स्वच्छन्दतावादी प्रवृत्ति छचल्किएको छ । उनका धेरै कविताहरू स्वतन्त्र रूपमा प्रकटित भएका छन् । उनका केही कविताहरू मानवतावादले रङ्गिएका छन् । उनका कवितामा परिस्थितिवश आइपरेका दु:ख र कष्टले पनि ज्यान भर्ने काम गरेका छन् । ढकालले आफ्ना कतिपय कवितामा दार्शनिक पक्षलाई ल्याएका छन् । उनको **सगुन** र **मोहिनी** दुवै कविता सङग्रहमा दार्शनिक पक्ष नै प्रखर रूपमा आएको देखिन्छ । कवि ढकालले आफ्नो साहित्यिक यात्राको पहिलो चरणको सुरुवातबाट नै सामाजिक यथार्थवादी प्रवृत्ति अङ्गालेका छन् ।

गौरीनाथ उपमन्यु ढकालले जति पनि कृतिहरू रचना गरेका छन् ती सबै पद्यात्मक छन् । उनको साहित्यिक प्रकाशन यात्राको प्रारम्भ कविताबाट भएको छ र कविता विधामा नै उनको विशेष प्रतिष्ठा रहेको छ । यसका अतिरिक्त उनले निबन्ध र समीक्षात्मक लेखमा पनि कलम चलाएका छन् । उनले जुनसुकै विधामा कलम चलाउन कोशिस गरे तापनि कविता विधामै सफलता हासिल गरेका छन् । उनका दुई वटा काव्यहरू प्रकाशित भइसकेका छन् । उनका सबै कविताहरू सबै दृष्टिकोणले बलिया छैनन् । दर्शनका दृष्टिले उनका कविताहरू बलिया छन् । उनले एउटै वादभित्र केन्द्रित भएर कविता सिर्जना गरेका छैनन् । सबै वादलाई आत्मसात् गरेका छन् । त्यसैले उनका कविताहरूलाई प्रवृत्तिका रूपमा विश्लेषण नगरी सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । कविले समाजमा घटेका विषयवस्तुलाई आधार मानेर कविता सिर्जना गरेका छन् । ढकालले मानवीय प्रवृत्तिलाई स्वाभाविक रूपमा प्रस्तुत गर्दै सकारात्मक र नकारात्मक दुवै पक्षलाई लिएको देखिन्छ । उनका रचनामा राष्ट्रिय भावना र मानवता मनग्यै पाइन्छ । सरल-सहज भाषामा लेखिएका कविता साधारण पाठकले पनि सहजै हृदयङ्गम गर्न सक्ने खालका छन् । उनका कविता छन्दबद्ध रूपमा मात्र प्राप्त छन् । उनका कवितामा दार्शनिक पक्ष प्रबल देखिन्छ । ढकालले समाज वा राष्ट्रमा देखिएका सामाजिक, राजनैतिक, प्रशासनिक क्षेत्रका विविध किसिमका वेथितिहरूलाई कविताको मूल विषयवस्तु बनाएका छन् । यस्ता विषयवस्तुलाई कविताहरूमा उनले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । मानवतावाद र राष्ट्रियता जस्ता कुराहरू पनि उनका कविताहरूमा प्रशस्तै भेट्न सकिन्छ ।

गौरीनाथ उपमन्यु ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षणबाट के प्रस्टिन जान्छ भने उनको लेखनको विकास, किशोरावस्थादेखि नै निरन्तरतासाथ अगाडि बढ्दै गएको र उत्तरोत्तर लेखनमा सशक्तता बढेको पाइन्छ । परम्परित लेखनशैली भन्दा केही भिन्न रूपले निरन्तरता दिँदै अगाडि बढेको कविता विधा बाहेक अन्य विधाका लेखहरू जस्तै निबन्धमा पनि उनको योगदान रहेको छ । अतः गौरीनाथ उपमन्यु ढकालले झण्डै चार दशक लामो समयमा नेपाली साहित्यमा जे-जति गर्न सके त्यो नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण रहन गएको छ । साहित्यका विभिन्न फाँटमा कलम चलाएर पनि उनको सर्वोत्तम विधा कविता विधा नै रहेको छ । कविता विधामा उनी धेरै अगाडि देखिन्छन् र कविता विधामा अरू विधामा भन्दा उत्कृष्ट देखिन्छन् ।

अतः गौरीनाथ ढकालले झण्डै चार दशक लामो समयमा नेपाली साहित्यमा जे-जति गर्न सके त्यो नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण रहन गएको छ । साहित्यका विभिन्न फाँटमा कलम चलाउन प्रयास गरे तापनि उनको सर्वोत्तम विधा कविता विधा नै रहेको छ । त्यसैले कविता विधामा उनी धेरै अगाडि देखिन्छन्  र कविता विधामा अरू विधामा भन्दा उत्कृष्ट देखिन्छन् ।

अन्त्यमा भन्नु पर्दा ढकाल समकालीन नेपाली साहित्यकारका तुलनामा सशक्त स्रष्टाका रूपमा देखिन्छन् । जसको आगामी दिनहरूमा अझ राम्रो मूल्याङ्कन हुनेछ । उनमा रहेको विविध व्यक्तित्वहरूमध्ये उनी कवि व्यक्तित्वका रूपमा बढी चिनिन्छन् । समग्रमा नेपाली परम्परा, नेपाली सँस्कृति, गरिबी, अशिक्षा, लैङ्गिक असमानताजस्ता गम्भीर कुराहरूलाई पनि कविताहरूमार्फत् प्रस्तुत गरी समाजमा परिवर्तनको चाहना राख्ने ढकाल नेपाली साहित्यका विविध विधामा महत्त्वपूर्ण प्रतिभा हुन् भन्ने कुरा उनका कृतिबाट स्पष्ट हुन्छ ।

# परिशिष्ट

## वि.सं. २०६८ । ०५ । १० मा कवि गौरीनाथ उपमन्यु ढकालसँग उनकै निवासमा शोधार्थी श्यामहरि अधिकारीद्वारा लिइएको अन्तर्वार्ता



## कवि गौरीनाथ उपमन्यु ढकाल

**जन्म : वि. सं. २००२ चैत १७**

**ठेगाना : गैरीगाउँ गोंगवु, काठमाडौं ।**

**तपाईंको जन्म र पुर्ख्यौलीका बारेमा जानकारी दिनुहोस् न ।**

मेरो जन्म गण्डकी अञ्चल तनहुँ जिल्लाको चुँदी रम्घा, भानु गा.वि.स. वडा नं. ३ मा वि. सं. २००२ साल चैत १७ गते आइतबारका दिन भएको हो । श्री विष्णुदत्त ढकाल तथा

श्रीमती विष्णुमाया ढकालको दोस्रो सन्तान भएर म जन्मिएको हुँ । गण्डकी अञ्चल तनहुँ जिल्ला कै रतनपुरबाट ढकालहरू चुँदी रम्घा बसाई सरी आएका हुन् । मेरा हजुरवुवा तारानाथ ढकाल ज्योतिष विद्यामा निकै सिपालु हुनुहुन्थ्यो । उहाँ आफैं पात्रो बनाएर व्यवहार चलाउनु हुन्थ्यो । उहाँ कर्मकाण्डमा पनि प्रखर विद्वान हुनुहुन्थ्यो । उहाँ पौरोहित्य कर्मका अतिरिक्त दुई हल गोरूहरू पालेर खेती किसानी गर्नुहुन्थ्यो ।

**तपाईंको दाम्पत्य जीवन र पारिवारिक अवस्था कस्तो छ ?**

गण्डकी अञ्चल तनहुँ जिल्ला पाल्पाली थोकका भूमिनन्द भट्टराईकी नातिनी लेखनाथ भट्टराई र वसुन्धरा भट्टराईकी माहिली छोरी देवका भट्टराईसँग वि.सं. २०२७ साल फागुनमा विवाह बन्धनमा बाँधिई आफ्नो दाम्पत्य जीवन सुखद र सफल रूपमा विताइरहेको छु । मेरी सहधर्मिणी धर्मपत्नी देवका ढकाल साक्षर छिन् भने लोकगीततिर उनको विशेष झुकाव रहेको छ । उनी घर, गृहस्थी र व्यावहारिक जीवनमा सरल स्वभावयुक्त, मृदुभाषी र कोमल हृदयकी छिन् । उनी अहोरात्र आफ्नै घरको काममा व्यस्त रहने गर्दछिन् । आफ्नो परिवारसँगै अरू छरछिमेकीहरूको पनि सेवा र सहयोग गर्दा उनी विशेष हर्षित हुन्छिन् । यस्ती नारी व्यक्तिलाई जीवन सङ्गिनीका रूपमा पाउनु मैले मेरा लागि अहो भाग्य ठानेको छु ।

मेरा तीन जना छोराछोरीमा दुई छोरीको शुभविवाह सम्पन्न भइसकेको छ । मेरा छोराछोरीको पठनपाठन, छोरीहरूको विवाह एवम् व्यवसाय र घर गृहस्थीबाट म सन्तुष्ट रहेको छु । श्रीमती र छोराछोरीको यथेष्ट सहयोग र समझदारीमा मेरो पारिवारिक जीवन सफल रहेको छ । यस प्रकार मेरो पारिवारिक अवस्था सन्तोषजनक र शिक्षित रहेको महशुस गरेको छु ।

**हजुरको हालको बसोबास कहाँ रहेको छ ?**

हाल म काठमाडौंको गोंगबुस्थित गैरीगाउँमा बि.सं. २०५९ सालमा आफैंले बनाएको घरमा सपरिवार बसोबास गरिरहेको छु ।

**तपाईंका छोराछोरी के कति रहेका छन् ?**

मेरा तीन सन्तानहरू छन् । जसमा एक छोरा र दुई छोरीहरू छन् । मेरो पहिलो सन्तान छोरी हुन् र उनको नाम सुनन्दा ढकाल (अधिकारी) हो । उनले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर गरेकी छिन् । हाल उनी भरतपुर चितवनमा आफ्नो श्रीमान् र एक छोरासँगै बस्छिन् । मेरो दोस्रा सन्तान छोरा हुन् । उनको नाम निरञ्जन ढकाल हो । उनले स्नातक गरेका छन् । उनी पनि सरल स्वभाव र मिलनसारका छन् भने आफ्नो पेसा, अध्ययन, घर व्यवहारमा अति मेहनती र निपुण छन् । मेरो तेस्रो सन्तान अर्थात् कान्छी छोरी मोक्षदा ढकाल (लौडारी) हुन् । उनले पनि व्यवस्थापन विषयमा स्नातकोत्तर गरेकी छिन् । हाल उनी अमेरिकामा छिन् ।

**तपाईंले साहित्यमा कसबाट प्रेरणा प्राप्त गर्नु भयो र कसको प्रभावमा कविता र निबन्ध लेख्न थाल्नु भयो ?**

मलाई साहित्य लेखनप्रति रूचि जगाउने व्यक्ति मेरै भतिजा विश्वनाथ ढकाल हुन् । विश्वनाथ ढकाल साहित्यिक व्यक्तित्व भएकाले नै उनले मलाई कविता, निबन्ध र नेपाली भाषा लेखनमा सीप सिकाएका हुन् । त्यसैले मलाई प्रेरणा दिने पहिलो व्यक्ति भतिजा विश्वनाथ ढकाल हुन् । साहित्यमा रूचि भएका कारणले मैले साहित्यिक किताबहरू अति रूचिका साथ पढ्ने गर्थे । आदिकवि भानुभक्त आचार्यको र मेरो जन्मथलो पनि एउटै भएकाले पनि मलाई साहित्यिक प्रेरणा प्राप्त भयो । मैले, भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल र माधव घिमिरेका धेरैजसो कृतिहरू पढेको छु ।

यसरी उल्लेख्य रूपमा प्रेरक व्यक्ति भतिजा विश्वनाथ ढकाल भए पनि मेरा अनुभवका आधारमा राष्ट्रिय लेखक, कवि र साहित्यकारहरू मेरो साहित्यिक प्रेरणाका लागि प्रेरक व्यक्तित्वहरू हुन् भन्न सकिन्छ ।

**तपाईं कविता रचनामा कसरी प्रवेश गर्नुभयो र कहिलेदेखि कविता लेख्न थाल्नु भयो ?**

मैले पनि अरू धेरै साहित्यकारहरू जस्तै साहित्यमा प्रवेश कविताकै माध्यमबाट गरेको हुँ । मैले विद्यालयमा पढ्दा केटाकेटीदेखि नै कविता लेख्न सुरू गरेको हुँ । कविता प्रकाशित भने वि.सं. २०२४ सालमा आएर भयो ।

**तपाईंको पहिलो प्रकाशित कविता कुन हो ?**

मेरो वि.सं. २०२४ सालमा **उन्मेष** पत्रिकामा प्रकाशित **वन पालेकी बाला** कविता नै पहिलो प्रकाशित कविता हो ।

**तपाईंको विचारमा कविता भनेको के हो ?**

मानव समाजमा विकृति देखिन्छ । विकृतिले गर्दा मनमा पीडाबोध हुन्छ । त्यही मनको पीडा कवितामा प्रकट हुन्छ । यसरी कविता के हो भन्दा के भन्न सकिन्छ भने मन भित्रबाट पीडाको अनुभूतिका रूपमा प्रकट हुने भाव वा विचार नै कविता वा साहित्य हो ।

**तपाईंले हालसम्म कति वटा कविता सङ्ग्रह प्रकाशित गर्नु भएको छ ?**

हालसम्म **सगनु** (विचार काव्य) २०५६ र **मोहिनी** (लघुकाव्य) २०६७ गरी दुई वटा कविता सङ्ग्रह प्रकाशित गरेको छु ।

**तपाईंका कविताहरू मुख्यतया कुन कुन प्रवृत्तिमा रचिएका छन् ? कसरी ?**

मेरा कविताहरू प्राय: सामाजिक यथार्थवादी प्रवृति र दार्शनिकतामा केन्द्रित छन् । तर यी प्रवृत्ति वाहेक अन्य प्रवृत्तिहरू स्वच्छन्दतावादी प्रवृत्ति र मानवतावाद जस्ता प्रवृत्ति पनि उत्तिकै सशक्त रूपमा आएको छ । साथसाथै कवितामा व्यङ्ग्यात्मक पनि उत्तिकै छ ।

हाम्रो समाजमा घटेका घटनालाई यथार्थ रूपमा कवितामार्फत् देखाउने जमर्को गरेको छु । साथसाथै बाटो विराएकाहरूका लागि सुधारिन आग्रह पनि गरेको छु । राजनीतिको फोहोरी खेलको विरोध गर्दै व्यङ्ग्य प्रहार पनि गरेको छु ।

**तपाईंले निबन्ध कहिलेदेखि लेख्न थाल्नुभयो र निबन्धमा कुन कुन पक्ष सवल हुनुपर्छ जस्तो लाग्छ ?**

विद्यार्थी अवस्थामा निबन्ध लेखनको अभ्यास गरियो । क्याम्पसमा प्राध्यापन गर्न थालेपछि यसतिर मेरो केही प्रयास भएको छ । नेपालको कल्याण वा जय भन्नु कुनै समुदाय विशेषको मात्र चिनारी नभएर त्यो नेपाल र नेपाली मात्रको पहिचानको विषय हो भनेर मेले वि.सं. २०३९ सालमा **देशभक्ति** पत्रिकामा **जय नेपाल** नामक निबन्ध लेखेर प्रकाशित पनि गरेको छु । यसमा मेरो आत्मपरक अभिव्यक्ति भएको छ । निबन्धमा मलाई यही पक्ष सवल भएको राम्रो लाग्छ ।

**तपाईंलाई मन पर्ने नेपाली कविहरूको नाम सम्झनु पर्दा क-कसलाई सम्झनु हुन्छ ?**

मलाई मन पर्ने नेपाली कविहरूमा भानुभक्त आचार्य, लेखनाथ पौडेल र माधव घिमिरे हुन् । विशेष गरेर लेखनाथ पौडेल आफ्नो युगका अत्यन्त सबल साधक हुन् भन्ने मलाई लाग्छ ।

**तपाईंलाई मन पर्ने नेपाली निबन्धकारहरूको नाम सम्झनु पर्दा क-कसलाई सम्झनु हुन्छ ?**

मलाई मन पर्ने नेपाली निबन्धकारहरूमा विशेष गरी लक्ष्मीप्रसाद देवकोटा र भिमनिधि तिवारीको निबन्धहरू मन पर्छ ।

**तपाईं नेपाली भाषा बाहेक कुन कुन भाषामा दक्ष हुनुहुन्छ ?**

भाषामा दक्षताको कुरा गर्ने हो भने मैले अहिले प्रयोग गरिरहेको मेरो आफ्नो मातृभाषा नेपालीको प्रमुख भाषा 'राष्ट्र भाषा', नेपाली मै पनि त्यति दक्ष छु भन्ने ठान्दिन । त्यति भए पनि नेपालीसँगै अङ्ग्रेजी, संस्कृत र हिन्दी जस्ता भाषा धेरै थोर जानेको छु, पढ्छु, बोल्छु र केही लेख्न सक्छु ।

**तपाईं त्यति लामो समयदेखि साहित्य लेखन तथा प्राध्यापन पेसामा सेवा पुऱ्याउँदै आउनु भएको छ, त्यसको कदर स्वरूप तपाईंले के कस्ता सम्मान र पुरस्कार प्राप्त गर्नु भएको छ ?**

मैले विद्यार्थी जीवनमा प्रतियोगितात्मक साहित्यिक क्रियाकलापमहरूमा सहभागी हुँदा प्रथम, द्वितीय हुने गर्दथे । मैले लामो समयदेखि प्राध्यापन र साहित्य लेखनमा थोरै भए पनि योगदान गर्दै आएको छु । त्यसको परिणाम स्वरूप मैले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूमा लामो समयसम्म प्राध्यापन पेसामा संलग्न भएकोले सेवा निवृत्ति पश्चात् त्रिभुवन विश्वविद्यालयद्वारा सम्मान पत्र प्रदान गरिएको छ ।

**तपाईंले जीवनमा प्राप्त गर्नु भएको कुनै विशेष खुसी र दुःखको अनुभवका बारेमा केही बताइदिनु हुन्छ कि ?**

मान्छेका जीवनमा सुख र दुःखका क्षणहरू आउने रहेछन् । ती मध्ये धेरैलाई सम्झेर साध्य छैन । तै पनि मलाई पहिलो विशेष हर्षको अनुभव त्यो बेला भयो जुन बेला मैले क्याम्पसमा स्थायी नियुक्ति पत्र पाएँ । यहाँसम्म आइपुग्न धेरै दुःख झेल्नु परेको थियो ।

**तपाईं समाजलाई कुन रूपमा हेर्नुहुन्छ र के कस्ता संघ संस्थामा आबद्ध हुनुहुन्छ ?**

समाजमा राम्रा नराम्रा अथवा केही राम्रा र केही नराम्रा विविध पक्षहरू छन् । त्यो मानवमा सत् असत् अथवा दुवै किसिमका विविध पक्ष भए जस्तै हो । हाम्रो मानव समाज भित्रका अनेकौं कुरीति वा कुप्रथालाई सक्दो रूपमा सुधार्नु पर्छ भन्ने मेरो धारणा रहेको छ । आफ्नै किसिमले आफ्नो समाजमा केही योगदान गर्न प्रयासरत छु । आफ्नो पेसागत अनि संस्थागत संघ संस्थामा आवद्ध छु तर मलाई कुनै एक किसिमका संस्थामा आवद्ध हुन त्यति मन लाग्दैन ।

**राजनीतिक आस्था र संघर्षको क्रममा तपाईंको जीवनमा आइपरेका केही घटना सम्झिनुहुन्छ कि ?**

म विद्यार्थी हुँदा नै अथवा आफूले संसारलाई बुझ्न थालेदेखि प्रजातान्त्रिक विचारधाराप्रति आकर्षित मात्र होइन आस्थावान छु । यसो भन्दैमा विरोधी विचारधाराप्रति आस्थावान् व्यक्तिहरूलाई होच्याएर बोल्ने र हेर्ने प्रवृत्ति ममा कहिल्यै आएन । यस्तो धारणामा अहिले पनि परिवर्तन आएको छैन ।

**नेपाली साहित्यमा कविता र निबन्ध विधा बाहेक अरू कुन कुन विधामा कलम चलाउनु भएको छ ? र ती के कति कहाँ प्रकाशित छन् ?**

मलाई विशेष मन पर्ने विधा कविता र निबन्ध हो । यस बाहेक समीक्षात्मक लेख पनि हो । **फुटकर कवितामा भानुभक्तलाई हेर्दा** नामक समीक्षात्मक लेख वि.सं. २०४२ सालमा चन्द्रिका पत्रिका प्रकाशित भएको छ । त्यसै गरी **भानुभक्त र उनका रचनागत विविध पक्षको लघु अध्ययन** नामक समीक्षात्मक लेख पनि भानु संस्कृति माध्यमिक विद्यालयले निकालको **स्वर्णजयन्ती स्मारिका २०५१** मा प्रकाशित भएको छ ।

**यहाँ नसोधिएको तपाईंलाई भन्न मन लागेका केही कुरा छन् कि ?**

२०३२ सालदेखि शिक्षण र २०३५ सालदेखि प्राध्यापनमा लागेको र आफ्नै योग्यता क्षमताले पदोन्नति पाउँदै गरेको मैले २०६३ साल वैशाखमा सह-प्राध्यापक पदको परिणाम प्रकाशित हुँदा शीर्ष स्थानमै आफ्नो नाम पाएको थिएँ । पदोन्नतिका लागि कसैसँग मोलाहिजा गरिन । त्रि.वि.बाट आफ्नो ३२ बर्षभन्दा लामो प्राध्यापन सेवाबाट मैले कुनै पुरस्कार, पारितोषिक, शैक्षिक पदक र प्रशंसा-पत्र समेत नपाउनुलाई मैले एउटा बिडम्बनाकै रूपमा लिएको छु । लामो समय मैले प्राध्यापन गरेकै क्याम्पसका कतिपय प्राध्यापक मित्रहरूले दुई-दुई पल्ट शैक्षिक पदक र अरू ग्रेड पुरस्कार जस्ता कुराहरू पनि प्राप्त गरे । यसलाई म एउटा रमाइलो प्रसङ्ग नै ठान्छु र क्याम्पस सञ्चालन गर्नेहरूको दृष्टिदोष मान्छु । तत्काल अत्यन्त दुःख लागेको अवस्थामा मैले मेरो प्रकाशोन्मुख कृति **फूल र बासना** काव्यमा लिखित कवितांश क्याम्पसका हाकिम लगायत साथीहरूलाई सुनाएर तितो पोख्ने गरेको याद आउँछ । त्यो अंश निम्न छ :-

इमान पोले अपराध बोले
पाइन्छ नौलाख इनाम भोले
खाएर मात्तिन्छ रछानवास
बस्ने अभागी धनवीर दास

आफ्नो जीवनका विभिन्न प्रकारका तिता-मिठा अनुभव, योग्यता, क्षमता र मूल्याङ्कन आदिका बारेमा यति कुरा भन्ने अवसर दिइएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

..............................

**गौरीनाथ उपमन्यु ढकाल**

मिति : २०६८ । ०५ । ३१

# सन्दर्भग्रन्थ सूची

**क) पुस्तक**


उपमन्यु, गौरीनाथ (२०५६), **सगुन**, काठमाडौं : सुनन्दा तथा मोक्षदा ढकाल ।

उपाध्याय, केशवप्रसाद (२०४४), **साहित्य-प्रकाश**, काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९), **नेपाली साहित्यको परिचय**, पुलचोक : साझा प्रकाशन ।

खनाल, ऋृषि (२०६६), **कविता सिद्धान्त र नेपाली कविताको विकास**, काठमाडौं : शुभकामना प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०६०), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौं : न्यू हिरा वुक्स इन्टरप्राइजेज ।

ढकाल, गौरीनाथ २०६७), **मोहिनी**, काठमाडौं : देवका ढकाल ।

पोखरेल, बालकृष्ण (२०५५), **नेपाली वृहत शब्दकोष**, काठमाडौं : ने.रा.प्र.प. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२), **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बराल, कृष्णहरि (२०६०), **गीत : सिद्धान्त र इतिहास, काठमाडौं** : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०४६), **नेपाली कविता (भाग ४)**, पुलचोक : साझा प्रकाशन ।


**ख) शोध ग्रन्थ**


भट्टराई, लक्षिमा (२०६५), **तीर्थराज वन्तको जीवनी, व्यक्तित्व र कवित्व** (अ.प्र. एम.ए. शोधपत्र) नेपाली शिक्षण विभाग, त्रि-चन्द्र बहुमुखी क्याम्पस, घण्टाघर, काठमाडौं ।

सम्बाहाम्फे, इन्द्र (२०६८), **रघु घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व** (अ.प्र. एम.ए. शोधपत्र) नेपाली शिक्षण विभाग, रत्न राज्य लक्ष्मी क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं ।